नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

मंगलबार, भदौ २६, २०७५ | Tuesday, September 11, 2018 | www.newsofnepal.com | नेसं ११३८ ञलाथ्व २ | वर्ष २४, अंक २४४ | पृष्ठ १२ | मूल्य रु १०/–




### जनताको आँखामा छारो हाल्दै सरकार

# मन्त्री फेर्न ओली प्रचण्डको गोप्य भेट

मधुसूदन रायमाझी, काठमाडौं

नागरिकमा सरकारको कार्यशैलीप्रति निराशा बढेपछि प्रधानमन्त्री केपी ओलीले सरकारका केही मन्त्री फेर्नका लागि गृहकार्य अगाडि बढाउनुभएको छ।

पूर्वमाओवादी केन्द्रबाट गृहमन्त्री भएका रामबहादुर थापा र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवलाई हटाएर नयाँ मन्त्री नियुक्त गर्नका लागि प्रधानमन्त्री ओलीले प्रचण्डको साथ खोजेका छन्। प्रचण्डको सहमति लिएर नै ओलीले बादल र यादवलाई हटाई नयाँ मन्त्री थप्ने योजना अगाडि बढाएको स्रोतको दाबी छ।

त्यसै गरी पूर्वएमालेबाट मन्त्री भएका पर्यटनमन्त्री रवीन्द्र अधिकारी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर



महासेठ, सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितलाई पनि हटाउने गृहकार्य भइरहेको स्रोतको दाबी छ।

कुन-कुन मन्त्रीलाई हटाउने भन्ने विषयमा दुई अध्यक्षबीच मोटामोटी सहमति जुटिसकेको स्रोतले जानकारी दिएको छ। प्रचण्ड भारत भ्रमणमा जाने बेलामा नै केही मन्त्रीलाई हेरफेर गर्ने मनस्थितिमा प्रधानमन्त्री ओली पुग्नुभएको थियो।

यता प्रचण्डले पनि दुई/चार जना मन्त्री हट्न सक्ने भन्दै सार्वजनिकरूपमा जनताको पक्षमा काम नगर्ने मन्त्री हटाउने बताउनुभएको थियो। उहाँले गत मंगलबार आफ्नै निवासमा पार्टी निकटका पत्रकारहरूलाई बोलाएर यस्तो संकेत गर्नुभएको थियो। ओली र प्रचण्डबीच सोमबार साँझ मन्त्री फेरबदल गर्ने विषयमा गम्भीर कुराकानी भएको बालुवाटार स्रोतले दाबी गरेको छ।

६ महिनाको अवधिमा राम्रो काम गर्न नसक्ने र सरकारलाई नै बदनाम गर्ने काम गरेको भन्दै ओली र प्रचण्डको सहमतिमा नै मन्त्री फेर्ने अन्तिम गृहकार्य भएको बताइएको छ।

त्यसै गरी मन्त्री फेर्ने तयारी गरेपछि पूर्वमाओवादी केन्द्रका मन्त्रीहरूले प्रचण्ड निवास खुमलटारमा पुगेर आफ्नो मन्त्री पद जान लागेको हो? भन्ने प्रश्न गरेका थिए। जवाफमा प्रचण्डले केही कठोर कदम चाल्ने संकेत गरेपछि यादव र बादल तनावमा परेको बताइएको छ।

## असन्तुष्ट पक्षलाई वार्तामा आउन आह्वान

काठमाडौं, (नेस)

सरकारले द्वन्द्वरत र असन्तुष्ट पक्षलाई वार्तामा आउन आह्वान गरेको छ। सरकारद्वारा गठित राजनीतिक वार्ता टोलीले असन्तुष्ट र द्वन्द्वरत पक्षलाई वार्तामा आउन औपचारिक आग्रह गरेको हो।

### विप्लव माओवादीले भन्यो- वार्ता नौटकीं

सोमबार सिंहदरबारमा पत्रकार सम्मेलन गरी वार्ता टोलीका संयोजक सोमप्रसाद पाण्डेयले असन्तुष्ट एवं द्वन्द्वरत सम्पूर्ण पक्षलाई वार्तामा आउन आह्वान गरे। उनले कुनै पनि असहमति, विवाद र द्वन्द्वलाई वार्ताकै माध्यमबाट टुंगो लगाउन सरकारले वार्ता टोली नै गठन गरेको बताउनुभयो।

भदौ ८ गते बसेको मन्त्रिपरिषद्को बैठकले द्वन्द्वरत र असन्तुष्ट पक्षलाई सहमतिमा ल्याउन सत्तारुढ नेकपाका नेता पाण्डेयको नेतृत्वमा ५ सदस्यीय अधिकार सम्पन्न राजनीतिक वार्ता टोली गठन गरेको थियो।

(क्रमशः पृष्ठ ८ मा)

# ११४ दिनका लागि सर्वोच्चले नेतृत्व पायो

प्रशान्त वली, काठमाडौं

पाँच महिनादेखि रिक्त रहेको सर्वोच्च अदालतले सोमबारदेखि नेतृत्व पाएको छ। संसदीय सुनुवाइ समितिले ओमप्रकाश मिश्रको नाम प्रधानन्यायाधीशमा सर्वसम्मतले अनुमोदन गरेपछि सर्वोच्चले १ सय १४ दिनका लागि नयाँ नेतृत्व पाएको हो। किनकि वि.सं. २०१० पुस १८ गते

- त्यसपछि राणाको खाता खोलिने
- जोशी अदालत फर्कने

रूपन्देहीको रायपुरमा जन्मनुभएका मिश्रको कार्यकाल उमेरहदका कारण आगामी पुस १७ गते सकिनेछ। त्यसपछि वरिष्ठताको आधारमा न्यायाधीश चोलेन्द्रशमशेर राणा प्रधानमन्त्रीको लाइनमा रहनुहुनेछ।

मिश्रलाई २८औं प्रधानन्यायाधीशका रूपमा समितिले सर्वसम्मत अनुमोदन गरेको



समिति सदस्य शिवकुमार मण्डलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली गत चैतमा बर्खास्ती भएसँगै उक्त पद रिक्त रहँदै आएको थियो।

(क्रमशः पृष्ठ ८ मा)



# महानगर

जेल, नेल भोगेर आएका भुक्तभोगी भन्दै समाजले व्यंग्यात्मकरूपमा बोल्ने शब्दलाई सम्झँदै पतञ्जली योग साधना केन्द्र धुलिखेलका संयोजक राजु श्रेष्ठ भन्नुहुन्छ- 'योग शिक्षाका माध्यमबाट स्वस्थ रहन सकिन्छ, आफूलाई सुधार गरेर नयाँ जीवन जीउन सिक्नुहोस्, विगतका गल्ती कहिल्यै नदोहोर्‍याउनुहोस् यो नै मानव जीवन हो।



## कारागारभित्र योग गुरु !

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

धुलिखेल कारागारमा कैदी जीवन बिताइरहेका व्यक्तिले बारम्बार स्वास्थ्य समस्या भयो भनिरहँदा जेल प्रशासन बाध्य छ दिनानुदिन थपिँदो कैदीको चाप बेहोर्न। क्षमताभन्दा तेब्बर बढी कैदी एकै थलोमा राखिएको धुलिखेल कारागारमा शारीरिक मात्र हैन मानसिक स्वास्थ्य समस्या भएका कैदी दिनप्रतिदिन बढ्दो छन्।

यतिबेला देशका स्वास्थ्य संस्था प्रायः ठप्प हुने गरी आह्वान गरिएको आन्दोलन चर्किरहँदा काभ्रे जिल्लाको धुलिखेलमा अवस्थित जेलभित्र भने पतञ्जली योग समिति काभ्रेको सहयोगमा 'गरौं योग रहौं निरोग' भन्ने मूल नारासहित धुलिखेल नगरपालिका-७ का युवाले १ साताका लागि निःशुल्क योग शिविर सञ्चालन गरेर आध्यात्मिक शिक्षा र स्वास्थ्य शिक्षा दिएका थिए। योग विज्ञान शिविरबाट अड्डा बजार योग साधना केन्द्रका जुझारु युवाले कारागार जीवन बिताउनेले एक पटक गल्ती गरे पनि भविष्यमा त्यस्ता गल्ती नदोहोर्‍याउन र कारागार भनेको स्वच्छ, स्वस्थरूपमा मन र व्यवहारलाई सुधार गर्ने सुधार गृह रहेछ भनी व्यावहारिक आचारणमा सुधार ल्याउन सकून् भन्ने उद्देश्यले योग शिविर चलाएको बताउँछन्।

चौतर्फी सुरक्षा घेराभित्र खुम्चिएर बस्न बाध्य कारागार (जेल) जीवन बिताइरहेका कैदीले स्वास्थ्य सेवा, योग साधनाका शिक्षा बारम्बार पाउँथे भने वास्तवमै उनीहरूको जीवनमा पनि नयाँ सोच र सुधार आउथ्यो होला। ७० जनाको क्षमता रहेको धुलिखेल कारागारमा यतिबेला २ सय १२ जना कैदीले कारागारभित्र उकुसमुकुस भएर जीवन बिताइरहेका छन्। सानो घर खचाखच मान्छे, जस्ताको छाना र चारैतिर कतै केही नदेखिने गरी उठाइएका अग्ला-अग्ला पर्खाल, दायाँबायाँ सधैं देखिने तिनै हतियारमा सजिएका सुरक्षाकर्मी। भित्ताभरि देखिएका कसले के-के गर्न हुने र के गर्न नहुने भन्ने भित्ते लेखन।

कारागारभित्रको व्यवस्थापन जति चुस्तदुरुस्त भए पनि क्षमताभन्दा बढी लोड बोकेको गाडीको गति कस्तो हुन्छ धुलिखेल कारागारको गति पनि त्यस्तै देखिन्छ। सुधारका कोसिस नभएका होइनन्, तर क्षमताले नै नधान्ने शक्ति दिनप्रतिदिन बढ्दो छ। यसको क्षमता बढाउनेतर्फ सरकारको ध्यान गएको पाइन्न। यो कारागारमा सबैखाले आरोपी एकै थलोमा राख्नुपर्ने बाध्यता छ। कोही सवारी दुर्घटना गराएको आरोपमा छन्, कोही आर्थिक हिनामिना गरेको आरोपमा छन्, कोही लागूऔषध प्रयोग गरेका छन्, कोही चोरीको आरोपमा त कोही जबरजस्ती करणीको आरोपमा छन्। कोही बहुविवाहको आरोपमा छन्। यतिका समस्याका बीच अझ मानसिक सन्तुलन गुमाएका व्यक्तिलाई समेत कैदीसरह यही जेलमा ल्याएर थुन्नुपर्ने बाध्यता छ।

यस्तो अवस्थामा बस्न बाध्य भएका व्यक्तिबाट परिवार, समाज र देशले अपेक्षा गरेको सपना के पूरा होला त ? के कैदीहरू मानव होइनन् ? देशका ठूला-ठूला तारे होटलमा कालो सिसा लगाएर आउनेले गर्ने मानवअधिकारका भाषणले के यिनलाई सुधार गर्ला त ? यिनका स्वास्थ्य समस्याका बारेमा राज्यले कति गम्भीर भएर सोचेको छ ? जेल जीवन बिताउने अधिकांश व्यक्ति कुनै न कुनै स्वास्थ्य समस्याको शिकार भएकै छन्। गर्मी मौसममा जस्ताको तातो, जाडो मौसममा त्यही जस्ताबाट तपतप झरेको शित र सिरेटोको मार खेप्दै रहेका कैदीहरू आफ्ना कथा र बेथा मनमै गुम्स्याउन बाध्य छन्। कानुनले दोषी ठहर्‍याएका केही व्यक्ति त निर्दोष हुन सक्ने पनि जेलमै खटिएका सुरक्षाकर्मी बताउँछन्। उनी थप्छन्- कानुनी आँखामा दोषी ठहरेपछि व्यवहारिक आँखाले केही गर्न मिल्दैन। करणीमा परेकाहरूमा केही व्यक्ति त बोलेको, छोएको, हेरेको आधारमा पनि फसेको पाइएको सुरक्षाकर्मीको कथन छ। कतिपयलाई परिबन्धमा पारेर जेल सजाय तोकिएको अवस्था पनि नभएको हैन। यस्ता व्यक्ति जेल प्रवेश गर्दा जुन अवस्थामा थिए अहिले त्यस्तो अवस्थामा छैनन्। दिन प्रतिदिन उनीहरूको मानसिक अवस्था खस्कँदो छ।'

यस्ता व्यक्तिलाई मनोपरामर्श र आत्मबलको खाँचो खड्किन्छ। हरेक दिन देख्ने तिनै व्यक्ति तिनै घटना र तिनै दिनले अतासिएका कतिपय कैदी निरापराधको सजाय भोग्नुपरेकामा निकै चिन्तित देखिन्छन् भने गल्ती गरेर कैद सजाय तोकिएकाहरू अझ यतिका वर्ष जेल बस्नु छ भन्दै निराश देखिन्छन्। योग शिविरमा प्रशिक्षण चलिरहेको थियो अधिकांशको मन योग अभ्यासमा केन्द्रित हुन कठिन भइरहेको देखिन्थ्यो। 'जसले ध्यान दिन सकेका थिए थोरै अवधिमा पनि निकै राम्रो गरिरहेका थिए' -भन्नुहुन्छ राजु श्रेष्ठ। यिनीहरूलाई योगाभ्यासका माध्यमबाट सुधार गर्न सके स्वस्थ जीवन जीउने थिए भन्ने उद्देश्यले वर्षेनी आफूले जेलभित्र एक साताका लागि मात्र भए पनि योग शिविर सञ्चालन गर्दै आएको उहाँ बताउनुहुन्छ।

कच्चा उमेर र अशिक्षाले मात्र गल्ती गर्ने हैन क्षणिक सोच र भावनाले पनि मानिसले गल्ती गर्दो रहेछ र कोही शिक्षित व्यक्ति पनि परिबन्धमा फस्दो रहेछ। यो अवस्था धुलिखेलको कारागारमा कैदी जीवन बिताइरहेका २ सय १२ जनाको फरक-फरक घटनाले चित्रण गरिहेको पाइन्छ। जो उमेरले ५ देखि ७ दशक कटिसकेका व्यक्ति पनि हाडनाता करणीमा जेल जीवन बिताइरहेका छन्। जो उच्च शिक्षामा स्नाकोत्तर गर्दै गरेका जुझारु युवा आफूलाई कसैले परिबन्धमा पारेर झुठो आरोप लगाएर जेलमा पुर्‍याएको बताउँछन्। जबरजस्ती करणीमा परेका ६८ जना व्यक्ति अधिकांश प्रौढ र युवा नै छन्। बहुविवाह गरेर जेल जीवन बिताउन बाध्य व्यक्ति पनि यही समाजका उपज हुन्।

देशको यति ठूलो युवाशक्ति सुधार गृहमा पुगेको छ। उनीहरूको आचरण, बानी व्यहोरा सुधारका लागि सर्वप्रथम त उसको जीवन नै स्वस्थ हुनुपर्छ। जो व्यक्ति अस्वस्थ छ ऊ नै अधैर्य हुन्छ र नियन्त्रणबाहिर गएर आफूलाई मात्र हैन घरपरिवार, समाज र राष्ट्लाई नै हानी पुर्‍याउने काममा लाग्छ। मानिसको शारीरिक मात्र हैन मानसिक स्वास्थ्य स्वस्थ भए मात्र जीवन सार्थक बन्छ। यसका लागि दैनिक योग साधना गर्ने व्यक्तिमा नैराश्यता, आलस्यपन, छलकपट र आपराधिक मानसिकताको विकासमा कमी ल्याउँछ। यस्ता व्यक्तिका लागि योग, साधना शिक्षालाई व्यावहारिक र पारिवारिक बनाएर मात्र सुधार ल्याउन सकिने सेफ एसोसियसनका अध्यक्ष मोहन गजुरेल बताउनुहुन्छ।

जेल, नेल भोगेर आएको भुक्तभोगी भन्दै समाजले व्यंग्यात्मकरूपमा बोल्ने शब्दलाई सम्झँदै पतञ्जली योग साधना केन्द्र धुलिखेलका संयोजक राजु श्रेष्ठ भन्नुहुन्छ- 'योग शिक्षाका माध्यमबाट स्वस्थ रहन सकिन्छ, आफूलाई सुधार गरेर नयाँ जीवन जीउन सिक्नुहोस्, विगतका गल्ती कहिल्यै नदोहोर्‍याउनुहोस्, यो नै मानव जीवन हो। विश्वका ठूला-ठूला नेता, लेखक, वैज्ञानिकले पनि जेल जीवन बिताएकै समयमा आफूलाई परिवर्तन गरेर ठूला-ठूला ग्रन्थ लेखेका छन्। जेल भनेको यातनाका लागि हैन सुधारका लागि हो र यसलाई सुधारगृहका रूपमा परिणत गरी आफूलाई समाज र देशका लागि उपयोगी सन्देश लिएर निस्कन सक्ने क्षमताको विकास गर्नुहोस्।'

योग साधनाले मानिसको शरीरलाई सधैं स्वस्थ र स्फुर्त राख्न मद्दत गर्छ। मानिसमा रोगसँग लड्न सक्ने क्षमताको विकास गर्नु नै निरोगिताको पहिचान भएकाले योग शिक्षाका माध्यमबाट योगाभ्यास गराएर कैदी जीवन बिताइरहेका व्यक्तिलाई स्वस्थ बनाउने उद्देश्यका साथ एक साताका लागि धुलिखेल जेलमा निःशुल्क योग शिक्षा दिँदै गर्नुभएका योग शिक्षक पुन्जलाल श्रेष्ठ बताउनुहुन्छ। उहाँका साथमा अर्का योग शिक्षक रमा ठकुरी र महेश्वरी जंगम पनि कैदीलाई योगको प्रशिक्षण दिइरहनुभएको थियो।

भित्ताभरि झुन्डिएका कैदीको लत्ताकपडा सरसामानले घामपानीमा ओत पाउँदैनन्। साँघुरा कोठा एउटै कोठामा गुम्सिएर स्वासप्रश्वासका लागि पनि सकस भोगेका कैदी र उनको स्वास्थ्यको सुधारका लागि योगा शिक्षा र व्यायाम गराएर परिवर्तन ल्याउने उद्देश्यले कारागारमा पुगेका साधकको शिक्षाले केही हदसम्म भए पनि सुधार ल्याउने आशामा देखिन्छन् जेलमा कार्यरत सुरक्षाकर्मी। काठमाडौंबाट नजिकै र तराईको समेत संगमस्थलको रूपमा विकास भएको काभ्रे जिल्ला संघीयतामा गएलगत्तै ३ नं प्रदेशको राजधानीको सम्भावित क्षेत्रका रूपमा परिचित पनि हो, तर बत्तिमुनीको अँध्यारो भनेझैं क्षमताभन्दा तेब्बर बढी मानिसको भार बोकेर बसेको पुरानो कारागारको सुधारका विषयमा कहिले आवाज उठ्ला ?









## दरले निम्त्याएको संकट
## ५ सय ४५ लाई पुर्‍यायो अस्पताल

मोतीराम तिमल्सिना/काभ्रे

महिला र सीमान्तकृत समुदायको सशक्तीकरणका लागि दशकअघि स्थापना गरिएको ग्रामीण स्वावलम्बन बहुउद्देश्यीय सहकारीद्वारा पाँचखाल नगरपालिका-१२ कास्कोटेमा आयोजना गरिएको तीज कार्यक्रममा दर खाएका सर्वसाधारण एकाएक बिरामी परे। दर खाएकामध्ये ५ सय ४५ जनालाई अस्पताल पुर्‍याइयो। केही सामान्य उपचारपछि घर फर्किए। केही अझै अस्पतालमा उपचाररत छन्। केहीले उक्त दर खाएर पनि स्वच्छ नै छन्।

पूर्वजनप्रतिनिधि तथा वर्तमान जनप्रतिनिधि समाज सेवाका अगुवा हुन्। भैरव सेढाई समाजका प्रतिष्ठित व्यक्ति हुन्। जसले दनुवार समुदायको आर्थिक उन्नतिका लागि लामो समयदेखि संघर्ष गरिरहेका छन्। त्यही संस्थाका अध्यक्ष उनी दसौं सभाबाट अघिल्लो वर्षदेखि उनी अध्यक्षको पदमा क्रियाशील भइरहेका छन्। वर्तमान प्रदेशसभा सांसद गोमा भुर्तेल पनि सञ्चालक सदस्य हुन्। ७ सय ५८ सेयर सदस्य छन्। बालबालिकाको संख्या पनि त्यत्तिकै छ। बाल बचतकर्ताको क्षमता अभिवृद्धि र बचत गर्न प्रेरणा दिनेखालका कार्यक्रम आयोजना भइरहेका छन्।

गत वर्षदेखि महिला सशक्तीकरणका लागि तीज कार्यक्रमलाई चाडकै रूपमा मनाउने सदस्यको प्रस्तावलाई सञ्चालक सदस्यले नकार्न सकेनन्। टोल, समाज र घर सबैतिर तीज विशेष कार्यक्रम हुन थालेपछि सहकारीले अघिल्लो वर्ष तीजको कार्यक्रम आयोजना गर्‍यो। यो वर्ष पनि उपसमिति नै गठन गरी तीज कार्यक्रमको आयोजना गर्ने निर्णय गर्‍यो। सञ्चालक सदस्य सांसद गोमा भुर्तेल प्रमुख अतिथि, सञ्चालक सदस्य सीता दनुवार आयोजक समितिको संयोजक, सेयर सदस्य पवित्रा भुर्तेद सञ्चालक, राष्ट्रिय सहकारी बैंक बनेपाकी प्रमुख सीता भट्टराई विशेष अतिथि रहने गरी भाद्र २२ गते कार्यक्रम आयोजना गर्ने निर्णय भयो। असोज २० गते ११औं साधारणसभा आयोजना गरिएको थियो।

सहकारीले उपसमिति नै गठन गरी कार्यक्रम गर्ने जिम्मेवारी दिएपछि उपसमितिले तयारी तीव्र बनायो। गर्मी ठाउँ, सदस्यको सहभागितालाई उल्लासपूर्ण बनाउन पुलाउ खुवाउने योजना बन्यो। आलु, काउली तरकारी, पुलाउ, पनिर केराउ अचार तयारी गरियो। उक्त स्थानमा खानेपानीमा सरसफाइ गरिएको छ। विभिन्न संघसंस्थाले खानेपानीको सरसफाइमा लगानी गरेका छन्। शुक्रबारको दिन कार्यक्रमस्थल खुला र गाउँकै बीचमा भएकाले सहभागिता धेरै बढ्यो। विद्यालयबाट छुटेका विद्यार्थी पनि सहभागी भए। सबैले शंका गरेको केराउ र पनिरमा हो। पनिर र केराउमा प्रयोग गरिएका सामग्री अखाद्य छन् कि ? तीज कार्यक्रमको मुख्य उद्देश्य सशक्तीकरण थियो। सशक्तीकरणको सकारात्मक पाटोलाई पूरै गाउँ बिरामी भएपछि नकारात्मक सन्देश गएको छ।

कतै-कतै तीजका नाममा गलत अभ्यास भएका छन्। सहकारीले सदस्यको जागरण र महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरणका लागि गरिएको प्रयासमा भएको सामान्य त्रुटिले निम्त्याएको विपद्ले धेरै कुरा उब्जाएका छन्। ५ सय ४५ बिरामी अस्पताल भर्ना भएर उपचार गराएका छन् भने केही अझै अस्पतालमा उपचाररत छन्। संस्थाका अध्यक्ष सेढाई, सञ्चालक सदस्य सांसद गोमा भुर्तेल पनि अस्पतालमै छिन्। सञ्चालक पवित्रा भुर्तेल र उनका बाबु शिव भुर्तेल पनि अस्पतालमा भर्ना भएका छन्। सहकारीले नमोबुद्ध-३ साविक मेथिन्कोट, पाँचखाल नगरपालिका ७, ८, ९, १०, ११, १२ र १३ वडाका होक्से, खरेलथोक, बालुवा, कोशीदेखालगायतका क्षेत्रमा सेवा प्रदान गरिरहेको छ।

नेपाल समाचारपत्र





## संगीत र स्रोता

रंगकर्मी अशोष मल्ल दम्पती संगीतकार किरण प्रधानका साथ गीत संगीत सुन्दै र चर्चा गर्दै।

## निर्देशक र हिरो

कोरियोग्राफर रेनेशा वान्तवा राई आफ्नो डेब्यु निर्देशनको फिल्म इन्टु *मिन्टु लन्डनमा*का नायक धीरज मगरका साथ।







तस्वीर : विदुर गिरी

# लिली बिली जोडी प्रदीप र जसीता
# लभ स्टेसनमा

लि*ली बिली* जोडी प्रदीप खड्का र जसीता गुरुङलाई अब *लभ स्टेसन*मो भेटिने भएको छ। उज्ज्वल पौडेलले निर्देशन गर्ने *लभ स्टेसन*मा कथा उज्ज्वलकै रहेको छ भने पटकथा तथा संवाद उज्ज्वलको साथमा सुवाससिंह बस्नेतको रहेको छ।

निर्देशक पौडेलले नायिका जसीता गुरुङ नेपाल अँएको समय पारेर सुटिङ अगाडि बढाउन लागेको बताए। 'फिल्मको सब्जेक्ट मेरै हो, शुरूमा यसका लागि मैले भुवन केसीमार्फत अनमोल केसीलाई साथीको छोरा भनेर पनि अफर गरेको थिएँ, तर उसको डिमान्ड हाइ भएका कारण लिन सकिनँ', राजधानीमा सोमबार आयोजित कार्यक्रममा उज्ज्वलले खुलाए- 'प्रदीपसँग भेट भएपछि पहिलो मिटिङमा नै फिल्म गर्ने फिक्स भयो। पहिले नै प्रदीपसँग चिनाजानी भएको भए त उसलाई नै अफर गर्थें, तर नचिनेको हिरो काम गर्न मान्छ कि मान्दैन भन्ने थियो। मैले पहिलोपटक फिल्मका लागि यति मेहेनतको साथ काम गर्न इच्छुक हिरो भेटें। अहिलेका हिरोमा मेहेनत र जिम्मेवारीको महसुस भएको पाएँ। फिल्म आफैं निर्माण गर्ने सोचमा थिएँ, तर निर्देशन मात्र गर्ने भएपछि आफैंले फिल्म नबनाएको ठीकै भएछ भन्ने लाग्यो।'

नायक प्रदीप खड्काले सबै जनाले हेर्न मिल्ने पारिवारिक फिल्म बन्नुपर्छ भन्ने सोचेर राम्रो कथा र निर्देशकको खोजीमा रहेको बेला उज्ज्वलसँग भेट भएपछि फिल्म गर्ने निर्णय भएको सुनाए। 'बूढाबूढी तथा छोराछोरीबीचको अट्याचमेन्ट सिम्पेथी कस्तो हुन्छ भन्ने फिल्मको कथा छ। यो पारिवारिक प्रेमकथामा आधारित भएकाले पहिलेका फिल्मभन्दा नयाँ हुनेछ' -प्रदीपले भने। नायिका जसीता गुरुङले काफिया फिल्मस्‌बाट पहिलो फिल्म *लिली बिली*मा काम गर्दा नै अर्को फिल्म पनि गर्नुपर्छ भन्ने सम्झौता भएकोले आफू फेरि पनि यही टिमसँग काम गर्न लागेको बताइन्। 'सकेसम्म नेपालमै बसेर फिल्मी करिअरलाई अगाडि बढाउने सोच छ' -यूकेमा बस्दै आएकी उनले भनिन्। खलपात्रको रूपमा डेब्यु गर्न लागेका मोडल प्रकाश शाहले मोडलिङ र रंगकर्मलाई सँगै अगाडि बढाइरहेको बेलामा निर्माता गोविन्द शाहीले आफूलाई फिल्ममा अफर गरेको र राम्रो प्रोजेक्टमा काम गर्न पाउँदा खुसी लागेको बताए।

असोज ५ गतेदेखि दार्जीलिङबाट छायांकन शुरू हुने *लभ स्टेसन* कालिङपोङ, सिक्किमलगायतका स्थानमा छायांकन गरिनेछ। फागुन २४ गते प्रदर्शन हुने फिल्ममा शम्भुजीत बास्कोटा, दीपक शर्मा, राजनराज शिवाकोटी र एलिश कार्कीको संगीत र आलोक शुक्लाको छायांकन रहनेछ। दार्जीलिङका उमेश थापा लाइन प्रोड्युसर रहेको फिल्म काफिया फिल्मस्‌को ब्यानरमा काफिया शाही (त्रिसु) र कवीरविक्रम शाहीले निर्माण गर्न लागेका हुन्।

## अमेरिकी र्‍यापर म्याक मिलरको निधन



अमेरिकी र्‍यापर म्याक मिलरको शुक्रबार २६ वर्षको उमेरमा निधन भएको छ। एजेन्सीका अनुसार अत्यधिक लागूऔषध सेवनका कारण कार्डियाक अरेस्ट भएपछि उनको निधन भएको हो।

क्यालिफोर्नियास्थित आफ्नो घरमा मृत फेला परेका उनी १५ वर्षको उमेरमा नै र्‍यापर बनेका थिए। उनी सन् २०११ मा आएको पहिलो एल्बम *ब्लु स्लाइड पार्क*बाट लोकप्रिय बनेका थिए। पपस्टार एरियाना ग्रान्डेको साथ सार्वजनिकरूपमा ब्रेकअप हुनु उनको लागि निकै दुःखदायी घटना बनेको थियो। एरियानाले म्याकमा भएको नसाको लतका कारण उनीसँग छुट्टिएकी थिइन्। जसपश्चात् म्याकले अझ धेरै नसा सेवन गर्न थालेका थिए। म्याकको पाँचौं एल्बम गत अगस्टमा मात्र रिलिज भएको थियो।

## नेपाली फिल्मलाई ओस्कारमा भिड्ने मौका



विश्वव्यापीरूपमा प्रतिष्ठित फिल्म अवार्ड *ओस्कार एकेडेमी अवार्ड*को ९१औं संस्करणको प्रतिस्पर्धाका लागि नेपालस्थित ओस्कार छनोट समितिले नेपाली फिल्म पठाउन आह्वान गरेको छ। ओस्कारका लागि नेपालको विदेशीभाषी फिल्म छनोट समितिले प्रेस विज्ञप्ति जारी गर्दै *ओस्कार*मा फिल्म पठाउन चाहने निर्माता निर्देशकलाई सचिवालयमा सम्पर्क गरी फिल्म पठाउन अनुरोध गरेको छ।

'ओस्कारमा विदेशीभाषी फिल्म विधामा सहभागी गराउन विदेशीभाषी फिल्म छनोट समिति (नेपाल) लाई एकेडेमीद्वारा तोकिएका सबै मापदण्ड पुग्ने एउटा उत्कृष्ट फिल्म छनोट गरी सो प्रतियोगितामा प्रतिस्पर्धी फिल्मका रूपमा सिफारिस गरी जानकारी गराउन उक्त संस्थाबाट अनुरोधपत्र प्राप्त भएकाले प्रतियोगितामा सामेल हुन चाहने सबै नेपाली फिल्म निर्देशक र निर्मातालाई आफ्नो फिल्म भदौ २९ गते शुक्रबारसम्म दर्ता गराउन आह्वान गर्दछु' -विज्ञप्तिमा भनिएको छ। प्रतिस्पर्धामा भाग लिन चाहेको फिल्म २०७४ असोज १५ गतेभन्दा पछि तथा २०७५ साल असोज १४ गतेभन्दा पहिला नै प्रदर्शन गरिएको हुनुपर्ने प्रावधान रहेको छ। द एकेडेमी अफ मोसन पिक्चर आर्टस् एन्ड साइन्सेद्वारा सन् २०१९ फेब्रुअरी २४ तारिख आइतबारका दिन अमेरिकाको लस एन्जेलसको डल्बी थिएटरमा ९१औं एकेडेमी अवार्डस् आयोजना गर्दैछ। विमल पौडेल अध्यक्ष रहेको नेपालको ओस्कार छनोट समितिमा लक्ष्मीनाथ शर्मा, प्रदीपकुमार उपाध्याय, राजेन्द्र शलभ, राजुविक्रम थापा, लोकेन्द्र पराजुली, सामीप्यराज तिमल्सेना सदस्य रहेका छन् भने चिरञ्जीवी गुरागाईं सचिव रहेका छन्।

LiBERTY COLLEGE
Pokhara University Affiliate

Liberty College is now under the ownership of Global College of Management (a top ranked 10 +2 management college in Nepal) and managed by Uniglobe College (a top ranked BBA and MBA college in Nepal). The management team would like to transfer the learned knowledge and experience of Global College and Uniglobe College to Liberty College for establishing it as the best.

ADMISSIONS OPEN

BBA
BHM

FALL 2018 SESSION

individual progress

Liberty College, Anamnagar, Kathmandu
01-4222612
info@libertycollege.edu.np
www.libertycollege.edu.np

OWNERSHIP OF
GLOBAL COLLEGE OF MANAGEMENT

MANAGED BY
UNIGLOBE COLLEGE
Pokhara University Affiliate

# विचार

समालोचक साहित्यको त्यो प्रहरी हो, जो लेखकलाई चुनौती दिन पत्रिकाको कुनामा बसेको हुन्छ।
- लोकफेलो

नयाँ वस्तुहरूसँग परिचित हुनु र त्यसलाई नयाँ ढंगले प्रस्तुत गर्नु लेखकहरूको प्रभावी शक्ति हो।
- डा.जोनसन

## सम्पादकीय

नेपाल समाचारपत्र

# केन्द्रीय तहमा संवाद गर


संघीयताको मुख्य राजनीतिक संरचना भनेको प्रदेश हो । केन्द्र र स्थानीय तह फरकरूपमा पहिल्यैदेखि क्रियाशील रहेका छन् । संघीयताले थपेको नयाँ संरचना प्रदेश भएकाले सोही अनुसार कानुनी, वित्तीय र प्रशासनिक व्यवस्थापन गरिदिनुपर्ने हो । तर केन्द्र सरकारले यस विषयमा गम्भीरता नदेखाउँदा अहिले पनि प्रदेश सरकार अलमलमा रहेको छ । प्रदेश सरकार प्रभावकारीरूपमा सञ्चालन नभएमा संघीयताको कार्यान्वयन गर्न कठिन छ । संघीयता मजबुत बनाउन प्रदेश सरकार बलियो र प्रभावकारी हुनुपर्ने हो । यसका लागि संघीय सरकारले आवश्यक सहयोग गर्नुपर्ने हो । तर केन्द्र सरकारले स्रोत–साधन, भौतिक पूर्वाधार, आवश्यक जनशक्ति उपलब्ध गराउने कार्यमा सहयोग नगर्दा प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्न सकेको छैन । सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको भेलाले यही निष्कर्ष निकाल्नु समकालीन राजनीतिको दुर्भाग्यपूर्ण अवस्था हो ।

प्रधानमन्त्री केपी ओलीले यसअघि आफूले संघीयता नचाहेको र बाध्यतावश स्वीकार गर्नुपरेको सार्वजनिकरूपमा नै अभिव्यक्ति दिनुभएको थियो । प्रधानमन्त्रीबाट स्वयम् यस्तो अभिव्यक्ति आउनु र केन्द्र सरकारले प्रदेशको अलमलको व्यवस्थापन गर्न नसक्नुलाई केवल संयोगको रूपमा मात्र लिन सकिँदैन । प्रधानमन्त्री र केन्द्र सरकारले प्रदेशलाई नचाहेर जन्मिएको बच्चाको रूपमा व्यवहार गरिरहेको मुख्यमन्त्रीहरूले बताएका छन् । प्रदेशको अलमललाई समयमै समाधान गर्न सकिएन भने प्रदेश सरकार र केन्द्रबीच द्वन्द्व झन्–झन् बढ्दै जाने निश्चित छ । यस्तै अवस्था रहने हो भने 'समृद्ध नेपाल सुखी नेपाली' लक्ष्य हासिल गर्न सकिँदैन । किनभने प्रदेश सरकारको प्रभावकारी सञ्चालन र संघीयताको प्रभावकारी कार्यान्वयनविना यो लक्ष्य हासिल गर्न सकिँदैन ।

केही समयअघि प्रदेश सरकारले बिदा दिएको तर संघीय सरकारअन्तर्गत रहेका कार्यालयले पालना नगरेको स्थितिले प्रदेश सरकारमाथि केन्द्रको रबैया स्पष्ट हुन्छ । यस्तो अवस्थामा संघीय सरकारका नागरिकता, राहदानी वितरण र सीमा सुरक्षासम्बन्धी काम प्रमुख जिल्ला अधिकारीले गर्ने र बाँकी अर्धन्यायिकलगातका सबै शान्ति सुरक्षाका काम प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने भएकाले जिल्ला प्रशासनलाई प्रदेश सरकारप्रति उत्तरदायी हुने व्यवस्था मिलाउन भेलाले भनेको छ । संविधानको धारा २५० मा संघ, प्रदेश र स्थानीय तहबीच प्राकृतिक तथा वित्तीय स्रोतहरूको समुचित बाँडफाँड गर्न एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग गठन गर्ने प्रावधान रहेकोमा अहिलेसम्म नहुँदा स्रोतको बाँडफाँड वैज्ञानिक ढंगले हुन नसकेको ठहर पनि भेलाले गरेको छ ।

अहिले संघीयताबाट मुलुक पछि हट्ने वा हट्न खोज्ने भनेको मुलुकमा भयावह संकट र द्वन्द्व निम्त्याउनुसरह हो । यसले गर्दा केन्द्र सरकार संघीयता कार्यान्वयनमा गम्भीर भएर लाग्नुको अर्को विकल्प छैन । संघीयताबाट पर भाग्नु भनेको मुलुकलाई अस्थिरता निम्त्याउने भएकोले प्रधानमन्त्रीले प्रदेशका मुख्यमन्त्रीहरूसँग बसेर संविधान संशोधन गर्ने हदसम्म लचकता देखाउनु बुद्धिमानी हुनेछ । मुख्यमन्त्रीहरूले पनि अविलम्ब केन्द्रीय तहमा संवाद गर्नु अपरिहार्य छ ।

# संघीयतामाथि नै प्रश्न चिह्न !


कृष्ण सेढाई

नेपालको संघीय संविधान जारी भई संविधानले व्यवस्था गरेअनुसार स्थानीय तहको चुनाव भएको करिब एक वर्ष भैसकेको छ। तर सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने घोषणा संविधान जारी गर्नेहरूले गरेको भए पनि जनताको अपेक्षाअनुसारको अनुभूति जनतालाई हुन सकेको छैन। बरु, संघीय राज्य र प्रदेशका बीच क्षेत्राधिकारको विवाद देखिन थालेको छ। त्यसै गरी स्थानीय तह र प्रदेशलाई संविधानत: उपलब्ध गराइएको कार्यकारिणी अधिकारको कारण प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूले नितान्त आफ्ना विलासितालाई ध्यानमा राख्दै नियम/कानुन बनाउन थालेका छन्। रकमको जोहो गर्ने उद्देश्यका साथ अनेक प्रकारका करको घोषणाले नेपाली जनतालाई आक्रोशित तुल्याउन थालेको छ। करको विवाद दिनहुँ बढिरहेको छ। विवादित करको बारेमा प्रधानमन्त्री तथा अर्थमन्त्रीले जथाभावी कर नलगाउन सार्वजनिकरूपमै स्थानीय तह र प्रदेशको बारेमा बोल्नुपर्ने अवस्था सिर्जना हुन पुगेको छ, जुन सुखद अवश्य होइन।

यद्यपि राज्यले तोकेको कर तिर्नु नागरिकको कर्तव्य हो। तर कर केका लागि तिर्ने ? कर तिरिसकेपछि नागरिकहरूले के-के सुविधा राज्यबाट प्राप्त गरे ? र, गर्दै छन् भन्ने कुरा अत्यन्त महत्वपूर्ण कुरा हो। जुन विषयमा स्पष्ट जवाफ कर लगाउने स्थानीय तह तथा प्रदेशले दिन सकेका छैनन्। बरु, संघीयतालाई टिकाउन र चलाउनको लागि कर लगाइएको जस्ता गैरजिम्मेवार जवाफले आमनेपालीलाई चिन्तित बनाएको छ। जनताले सकी नसकी कर किन तिर्ने ? कर तिरेपछि जनताले के पाउने भन्ने सवाल स्वाभाविकरूपमा उठिरहेको छ। यदि राज्यले कर लगाउने हो भने जनतालाई कर तिर्न प्रोत्साहित र उत्साहित गर्ने वातावरण सिर्जना गर्नुपर्छ। केही समयअगाडि अर्थात् नयाँ शैक्षिक सत्रको शुरुवातसँगै निजी स्कुलहरूको महँगो शुल्क र एउटै स्कुलमा पढाइलाई निरन्तरता दिँदासमेत निजी स्कुल सञ्चालकहरूले लिएको शुल्कको विवादले एक प्रकारको आन्दोलनको अवस्था सिर्जना हुन पुगेको थियो। जुन समस्या हरेक वर्ष दोहोरिने गर्दछ। त्यति बेला विभिन्न विद्यार्थी संगठनहरूले आन्दोलनको घोषणा गर्ने गर्दछन्। हुन त विद्यार्थीका आन्दोलनहरू हरेक वर्ष कर्मकाण्डीरूपमा हुने र केही समयपछि रोकिने गरेका छन्, जुन विषयलाई राज्यले गम्भीररूपमा लिन जरुरी छ।

राज्यले दीर्घकालीन रुपमा स्वास्थ्य र शिक्षालाई राज्यको नियन्त्रण र जिम्मामा ल्याउन सक्यो भने नेपालमा भएको भ्रष्टाचारसमेत ९० प्रतिशतले कम हुने देखिन्छ। राज्यका तीन तहबाट कर लगाएको अवस्थामा समेत जनता खुशीले कर तिर्न राजी हुनेछन्। अन्यथा यो संविधानले व्यवस्था गरेको संघीय पद्धतिलाई टिकाउने नाउँमा जनतामा अनावश्यक करको बोझ थोपर्ने हो भने संघीय व्यवस्था असफल हुने निश्चित छ।

नेपालको छैटौं संविधानको रूपमा २०७२ आश्विन ३ गते जारी गरिएको संघीय नेपालको संविधानले शिक्षा प्राप्तिलाई पनि मौलिक हकको रूपमा परिभाषित गरेको छ। नयाँ संविधानको मौलिक हकको महलमा 'बालबालिकाहरूलाई परिवार तथा राज्यबाट शिक्षा, स्वस्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको सर्वाङ्गिण हक हुनेछ' भनी स्पष्ट व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार हरेक विद्यार्थीको पढ्न पाउने अधिकारलाई राज्यले सुनिश्चित गर्नुपर्ने हुन्छ। तर त्यसको ठीक विपरीत शिक्षा आर्जन गर्ने विषयमा निजी स्कुलहरूले स्कुल सञ्चालनलाई नितान्त आयआर्जन गर्ने शिक्षालाई उद्योग एवम् व्यवसाय मात्र बनाइदिँदा शिक्षा प्राप्ति अब गरिब र निमुखा जनताको लागि दुर्लभ बन्ने अवस्था सिर्जना हुन पुगेको छ।

नेपालमा निजी स्कुलहरूको शुरुवात हुनुभन्दा धेरै पहिलादेखि सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरू सरकारी अनुदान अर्थात् राज्यकोषबाट नै सञ्चालित छन्। राज्यको लगानी सार्वजनिक स्कुलमा ठूलो मात्रामा रहेको भए पनि उचित क्षेत्रमा वितरण तथा अनुगमनको अभाव र सामुदायिक स्कुलहरू राजनीतिको अखडा बनेको कारण निजी स्कुलहरूको दाँजोमा सार्वजनिक स्कुलहरूको नतिजा अत्यन्त कमजोर बन्दै गएको छ। सामुदायिक स्कुलहरूले शिक्षाको स्तरलाई कायम राख्न असमर्थ भएको कारणले लाखौंलाख अभिभावकहरू आफ्ना नानीहरूलाई चाहेर/नचाहेर निजी स्कुलमा महँगो शुल्क तिरेर पढाउन तथा निजी स्कुलहरूको मनोमानीरूपमा तय गरिएका अतिरिक्त शुल्क तिर्न बाध्य भएका छन्।

सस्तो, सुलभ र गुणस्तरीय शिक्षा आर्जन गर्न पाउनु हरेक विद्यार्थीको नैसर्गिक अधिकार हो। अझ भन्ने हो भने कुनै पनि विद्यार्थीलाई शिक्षा आर्जन गर्ने र गराउने दायित्व राज्यको हो। तर नेपालको सन्दर्भमा राज्य जतिसुकै प्रजातान्त्रिक/लोकतान्त्रिक जे भनिए पनि राज्यले आमनागरिकलाई स्वास्थ्य र शिक्षाको ग्यारेन्टी गर्न सकेको छैन। जुन स्वास्थ्य र शिक्षाको विषय आमनागरिकको लागि सर्वाधिक महत्वपूर्ण एवम् अत्यावश्यकीय एजेन्डाको रूपमा रहेको छ। ढिलो-चाँडो राजनीतिक पार्टीहरूको ध्यान यी विषयहरूमा जान जरुरी भैसकेको छ। यदि शिक्षा र स्वास्थ्यजस्ता विषयमा राज्यले ग्यारेन्टी गरिदिने हो भने राज्यले चाहेको कर उठाउने विषयसमेत त्यति विवादित बन्नेछैन। बरु, आमनागरिकले खुशीले राज्यलाई कर तिर्न उत्साहित हुनेछन्।

नेपालमा अहिले विद्यालयको संख्या ३५,२२२ रहेको छ। जसमध्ये २६ प्रतिशत विद्यालयहरू निजीस्तरबाट सञ्चालित छन्। यद्यपि २६ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालय भए पनि ८३ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा नै पढ्छन्। निजी विद्यालयको दाँजोमा सामुदायिक विद्यालयमा आर्थिकरूपमा अशक्त नेपालीहरू पढिरहेका छन्। तर निजी र सामुदायिक विद्यालय शिक्षाको परीक्षा बोर्ड एउटै रहेको छ। जसले गर्दा एकातिर सामुदायिक विद्यालयमा पढ्ने बिद्यार्थीले निजी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्ने शिक्षा पाउन सकेका छैनन् भने अर्कोतर्फ शिक्षा प्राप्ति गर्ने तरिका र स्थानका कारण नेपालमा शिक्षाको क्षेत्रमा समेत ठूलो वर्ग विभाजन भैरहेको छ। धनी परिवारका ६० प्रतिशत विद्यार्थी निजी क्षेत्रका विद्यालयमा पढ्ने गरेका छन् भने ६ प्रतिशत मात्र गरिब परिवारका विद्यार्थीको पहुँच निजी क्षेत्रका विद्यालयमा हुने गरेको छ। अर्कोतर्फ निजी क्षेत्रका विद्यालयहरू करिब ८० प्रतिशत शहरी र सुगम क्षेत्रमा रहेका छन्। जसले गर्दा शैक्षिक क्षेत्रमा डरलाग्दो विभाजन रहेको छ। मूल्यांकन गर्ने एउटै बोर्ड हुनु तर पढ्ने स्कुलहरूको सिकाइको स्तरमा ठूलो दूरी रहेको कारण गरिब अभिभावकका जेहेन्दार विद्यार्थीसमेत उचित अवसर पाउनबाट वञ्चित भइरहेका छन्।

अर्कोतर्फ निजी स्कुलहरूले विद्यार्थी/अभिभावकहरूलाई बोकाएको आर्थिक भार थेग्नै नसकिने गरी बढिरहेको छ। एउटै स्कुलमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा उत्तीर्ण भएर सोही स्कुलमा अध्ययन गर्दासमेत अस्वाभाविक र अवैधरूपमा वार्षिक शुल्कको नाउँमा निजी विद्यालयहरूले अभिभावकको ढाड सेकेको कृत्य अस्वाभाविक मात्र होइन, संविधानको भावना र मर्म अनुकूलसमेत छैन। यस्तो कार्य खुल्लारूपमा भैरहँदासमेत राज्यसञ्चालकहरू रमिते बनेका छन्। यद्यपि यस्ता कार्यहरूको थालनी अहिलेको सरकार भएको बेला मात्र भएको कदापि होइन, शैक्षिक सत्रको नाउँमा गरिने यस्ता आर्थिक शोषणको सिलासिला वर्षौंदेखि चलिआएका छन्। अहिलेको अवस्था हेर्दा करिब ८० प्रतिशत निजी क्षेत्रका विद्यालयहरू शहरी क्षेत्रमा सञ्चालित छन्। निजी क्षेत्रका ९५ दशमलव ७ प्रतिशत विद्यालयहरू अभिभावकले तिरेको रकमबाट सञ्चालित छन्। यस्तो अवस्थामा अभिभावकहरूको ठूलो आम्दानी बालबालिकाको शिक्षामा खर्च हुने गरेको छ। जसले गर्दा भ्रष्टाचारलाई बढावा दिने एउटा महत्वपूर्ण कारण बालबालिकाको शिक्षा आर्जन पनि रहेको छ।

दोस्रो कारणको रूपमा स्वस्थ्य क्षेत्र व्यापारिक केन्द्र बन्न पुगेको, जसले गर्दा स्वास्थ्य क्षेत्र अर्थात् सुविधा सम्पन्न अस्पतालहरू सर्वसाधारण जनताको पहुँचबाट टाढा हुने अवस्थाले गर्दा नेपालमा भ्रष्टाचार व्यापक बन्दै गइरहेको छ।

संविधानसभाले जारी गरेको नेपालको संविधान २०७२ ले नेपाललाई समाजवादप्रति प्रतिबद्ध राष्ट्र भनेको छ, जसको अर्थ नेपालमा समानताको आधारमा राज्य सञ्चालन गरिन्छ भन्ने स्पष्ट भाव रहेको छ। राज्यका नागरिकहरू स्वास्थ्य र शिक्षाको व्यापारीकरणबाट पीडित बनिरहेका छन्। राज्य मुकदर्शक बन्ने अवस्था सिर्जना भैरहेको छ। जबसम्म राज्यले स्वास्थ्य र शिक्षा आर्जनलाई पूर्ण जिम्मेवारी लिँदैन तबसम्म स्वास्थ्य र शिक्षाका क्षेत्रहरू नाफा आर्जन गर्ने व्यापारिक थलो बनिरहनेछन्। करको विवाद पनि अझ बढेर जानेछ।

तसर्थ सरकारले दीर्घकालीन रूपमा योजना बनाएर शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यकीय क्षेत्रहरूलाई राज्यको जिम्मामा ल्याउन जरुरी छ। राज्यले दीर्घकालीन रूपमा स्वास्थ्य र शिक्षालाई राज्यको नियन्त्रण र जिम्मामा ल्याउन सक्यो भने नेपालमा भएको भ्रष्टाचारसमेत ९० प्रतिशतले कम हुने देखिन्छ। राज्यका तीन तहबाट कर लगाएको अवस्थामा समेत जनता खुशीले कर तिर्न राजी हुनेछन्। अन्यथा यो संविधानले व्यवस्था गरेको संघीय पद्धतिलाई टिकाउने नाउँमा जनतामा अनावश्यक करको बोझ थोपर्ने हो भने संघीय व्यवस्था असफल हुने निश्चित छ। यस विषयमा निर्णय लिन राज्य सञ्चालकहरू अग्रसर हुन जरुरी छ।

## पाठक पत्र

### सरकारी अस्पताल : लापर्वाहीको पराकाष्ठा

शनिबार न्यूज अफ नेपालमा सर्पले डसेर बिरामी भएका चितवनका एक बालकको उपचार हुन नसकेर मृत्यु भएको विदारक खबर सार्वजनिक भयो। जुन समाचारले भरतपुर अस्पतालको गैरजिम्मेवारीको पराकाष्ठा छताछुल्ल भएको छ। भरतपुर-१५ स्थित मंगलपुरका तीन वर्षीय सलिन विकलाई सर्पदंशको उपचारका लागि बुधबार राति भरतपुर अस्पताल पुऱ्याएका हजुरबा बलरामले चितवनका चार ठूला अस्पताल भौंतारिँदा पनि उपचार गराउन सकेनन्। उपचार नपाएरै सलिनको मृत्यु भयो।

विषालु सर्पले टोकेका बिरामीको ज्यान जोगाउन जति सक्दो छिटो दिनुपर्ने औषधि 'एन्टी स्नेक भेनम' हो। यो विष प्रतिरोधक औषधि हो। विज्ञहरूका अनुसार सर्पले टोकेका बिरामीलाई आठदेखि दबवटा एन्टी स्नेक भेनम दिँदा बाँच्ने सम्भावना हुन्छ। तर, विडम्बना ' मंगलपुरदेखि पाँच किलोमिटरको दूरीमा अस्पताल भए पनि ती दलित बालकले अनाहकमा ज्यान गुमाए। करेत सर्पले डसेपछि हतारहतार भरतपुर अस्पताल पुऱ्याउँदा त्यहाँका डाक्टरले आईसीयू खाली नभएको बताएर बिरामीलाई अन्य अस्पतालमा पठाइदिए। परिवारजनले सीएमएस, नारायणी सामुदायिक अस्पताल, निको हुँदै सीएमसीमा पुगे। जहाँ लगिए पनि बालकको उपचार हुन सकेन। अन्ततः शिथिल भएर बालकको प्राणपखेरु नै उड्यो।

उपरोक्त घटना विवरण कुनै एकादेशको कथा होइन। चितवनको विकट गाउँको स्वास्थ्य चौकीको पनि होइन। 'मेडिकल सिटी' भनेर प्रचारित सबैभन्दा सुगम ठाउँको व्यथा हो यो। चितवनको पुरानो सरकारी अस्पताल, जो शिक्षण अस्पताल बन्दै छ, गरिब र विपन्नले सर्वसुलभ उपचार पाउने भनिएको अस्पतालको गैरजिम्मेवारीका कारण एक दलित बालकले ज्यान गुमाए। चितवनको सरकारी अस्पतालमा जवाफदेहिताको यो हदसम्मको संकट होला भनेर विश्वास गर्न गाह्रो पर्छ। तर, यथार्थ यही हो।

सर्पदंशका बिरामीको उपचार सरकारी अस्पतालमै हुन्छ भन्ने सामान्य मानिसलाई पनि अवगत भएको कुरा हो। अस्पताल प्रशासन र डाक्टरहरूलाई थाहा नहुने सवाल भएन। तर, आईसीयु खालि नभएको भन्दै अन्यन्त्र उपचारै नहुने ठाउँमा बिरामीलाई दौडाएर मर्न विवश तुल्याउनु गैरजिम्मेवारीको पराकाष्ठा नै हो। यसबाट के पनि प्रस्ट हुन्छ भने, गरिब, विपन्न र दलितका लागि सरकारी अस्पतालमा उपचारमै पनि उपेक्षा हुने गर्दोरहेछ। यो पनि उपेक्षा नै हो। किनभने, ती बालक सम्भ्रान्त परिवारका वा पहुँच र प्रभाव हुने वर्गका भएका भए निश्चय पनि उपचार सम्भव हुने थियो। आकस्मिकता हेरेर आईसीयु पनि खालि हुने नै थियो।

अहिले चिकित्सकहरू आन्दोलित छन्। मुलुकी अपराध संहिता ऐन, मुलुकी फौजदारी कार्यविधि ऐन, २०७४ संशोधन हुनुपर्ने माग उठ्दै छ। चिकित्सकका लापरबाहीले बाँच्ने सम्भावना भएका यी र यस्तै पराकाष्ठाहरूका कारण चिकित्सकका लागि नयाँ संहिता जारी भएको हुनुपर्छ। ऐनतिर अहिले नजाऊँ। चिकित्सकहरूलाई अनुकूल हुने गरी आवश्यक संशोधन गरिएला। त्यो विज्ञहरूको कुरा भयो। तर, एउटा सवाल के उत्पन्न भएको छ भने, के भरतपुर अस्पतालमा इमर्जेन्सीमा बालकको प्रारम्भिक उपचार गर्न सकिने थिएन ? जबकि अस्पतालमा एउटा शैया सर्पदंशका बिरामीका लागि राखिएको हुन्छ। डाक्टरले चाहेको भए ती बालकलाई बचाउन नसक्ने होइन। मानवीय संवेदना र जिम्मेवारीबोध नभएपछि निमुखा र गरिबले यसै गरी ज्यान फाल्नुपर्ने नियति बन्छ। यति बेला बालकका परिवारजनले पाएको चोट सम्पूर्ण नेपालीको साझा चोट बनेको छ। केही वर्षयता उपचार सेवा गरिबको पहुँचबाट टाढा भइसकेको छ। आवाजविहीनका लागि उपचार जहिल्यै महँगो परिरहेको परिप्रेक्ष्यमा भरतपुर अस्पतालको कहिले ध्यान जाला ?

*- प्रदीपकमार केसी, काठमाडौं।*

### कर्मचारीको कार्यक्रमबारे एक समीक्षा

गत शुक्रबार निजामती कर्मचारीहरूले आफ्नो महान् पर्वका रूपमा निजामती दिवस मनाए। कतै दर खाने, कतै खेल खेल्ने त कतै सडक तथा पदमार्गहरूको सरसफाइ गरेर दिवस मनाइएको थियो। कर्मचारीहरूले दिवसलाई प्रभावकारी कार्यक्रमको आयोजना गरेर मनाउने भने तापनि सोचेजस्तो प्रभावकारी र प्रेरणादायी बनाउन भने नसकेको भान भयो। स्थायी सरकारको रूपमा मानिने कर्मचारी संगठनले गर्ने कार्यक्रम, उनीहरूको दिवस मनाउने तरिका समाजका अन्य संघ-संगठनको लागि प्रेरणाको स्रोत अथवा नक्कल गर्नलायकको हुनुपर्दथ्यो। उनीहरूले गरेका कार्यक्रमहरूले समुदाय स्तरमा जनचेतनाको विकास, सामाजिक रूपान्तरणमा सहयोग र विकास निर्माणमा टेवा पुग्ने खालको हुनुपर्ने थियो। तर सबै कर्मचारीहरूको दिवस केवल कर्म पुऱ्याउनेमा सीमित रह्यो।

जिल्ला सदरमुकाममा आयोजना भएको पदमार्ग सरसफाइ, कानुनमाथिको छलफल र कर्मचारी र जनप्रतिनिधिबीचको मैत्रीपूर्ण फुटबल प्रतियोगिता कर्मकाण्डी भए पनि सदरमुकामनजिकै रहेको काठेखोला गाउँपालिकामा भने कर्मचारीहरूले नै दिवसको अवसरमा गरेको कामले चर्चा बटुल्यो। दिवसको अवसर पारेर काठेखोला गाउँपालिकाका कर्मचारीले आयोजना गरेको श्रमदान कार्यक्रमले यति बेला सबै तह र क्षेत्रलाई पाठ सिकाएको छ।

निजामती दिवसको अवसरमा आयोजना गरीएको श्रमदानको कार्यक्रममा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिलाई सहभागी गराएर अफ्टेरो सडक बनाउने काम निकै महत्वपूर्ण काम हो। एउटा गाउँपालिकाका सीमित कर्मचारी र जनप्रतिनिधिले झन्डै चार घन्टा श्रमदान गर्दा ५ लाखभन्दा धेरैको काम गरेका छन्। छवटा तारजालीको लागि ढुंगा बोकेर तारजाली भर्ने काम छोटो समयमा नै सम्पन्न गरेर सच्चा मनले गर्ने श्रमदानको नमुना त्यहाँ प्रस्तुत भएको छ। कुनै पनि विकासका काममा अनिवार्य जनश्रमदान गर्नुपर्ने सरकारी नियम भए पनि प्राविधिक स्टमेटमा श्रमदानलाई समावेश गर्ने तर श्रमदान शून्य रहेको अवस्थामा काठेखोलाले गरेको यो कामलाई अनुकरणीय मान्नुपर्छ। श्रमदानको महत्व र मूल्यलाई समेत ध्यानमा राखेर काठेखोलाबाट सबैले सिक्नुपर्ने वेला आएको छ। कम्तीमा कुनै पर्व वा अवसरका रूपमा मात्रै नभएर ३ सय ६५ दिनमा एक-एक हप्ता हामी सबै नागरिकले श्रमदान गर्न सक्ने हो भने मात्रै पनि हाम्रो विकासले फड्को मार्छ।

काठेखोलाका जनप्रतिनिधि र कर्मचारीले गरेको श्रमदानलाई नमुना मानेर महिनामा एक दिन सबैले श्रमदान गर्ने चलन बसाल्ने हो भने त्यसको प्रभाव निकै राम्रो हुने थियो। सर्वसाधारणबाट असुलेको करबाट बनेको बजेट विनियोजन हुँदा आउने रकमबाहेक हाम्रो विकासको स्रोत अरु छैन। हाम्रो गाउँठाउँको विकास निर्माणको लागि हामी आफैंले योगदान नगर्ने हो भने त्यसबाट आशा गर्नु पनि आवश्यक हैन। राज्यले दिएको सुविधा उपभोग गर्न आतुर हामी हाम्रो कर्तव्यमा श्रमदान छ भन्ने कुरालाई भुलिरहेका छौं। त्यसैले आमसर्वसाधारणले पनि श्रमदानलाई स्वीकार गर्ने, सामाजिक तथा राजनीतिक संघ-संगठनले पनि श्रमदानलाई आफ्नो प्राथमिकतामा राखेर भड्किलो कार्यक्रमको सट्टा विकासमा श्रमदान गर्ने परिपाटीको विकास गरौं।

*- सरिता खत्री, उदयपुर।*

## सामाजिक सञ्जाल



छाता ओढ्दैमा नसोच्नुहोस् कि पानीबाट बचियो। किनकि डुबाउने पानी शिरबाट होइन, खुट्टाबाट आउँछ।

**Sirju baral**
**@BaralSirjana**



चीनले पारवहनका लागि तोकेका ६ वटा नाकामध्ये चारवटामा नेपालतर्फबाट मोटरबाटो पुगेको छैन। अरू दुईवटा नाकामा पुग्ने मोटर बाटो गतिलो छैन। एउटा नाका पुग्ने बाटो तीन वर्षदेखि अवरूद्ध छ। अबको प्राथमिकता भनेको ती नाकासम्म पुग्ने सडक बनाउने र चालू राख्ने हुनुपर्छ। नत्र पाएको उपलब्धि शून्य '

**Madhu Raman Acharya**
**@MadhuRamanACH**



तीज हाम्रो परम्परा हो, हाम्रो संस्कृति हो। त्यहाँ फेस र फेशनको भन्दा परम्परा र संस्कृति झल्कियोस्।

**Narayan acharya**
**@Narayan18697001**

२०७५, भदौ
मंगलबार
२६

बौद्ध स्तुपा परिसरमा हुने डुबान नियन्त्रण गर्न करिब १ करोड २७ लाख रुपियाँ लागतमा ढल बिछ्याइने भएको छ।





प्रधानसेनापति पूर्णचन्द्र थापा र भारतीय राजदूतबीच शिष्टाचार भेटवार्ता। प्रधानसेनापतिमा नियुक्त भएपछि थापाको यो पहिलो कूटनीतिक भेटवार्ता हो।

# जनताको सेवकका रूपमा काम गर्न गृहमन्त्रीको आग्रह



नेपाल समाचारपत्र

काठमाडौं

गृहमन्त्री रामबहादुर थापाले प्रशासकहरूले आफूलाई शासकका रूपमा प्रस्तुत नगरी जनताको सेवकका रूपमा प्रस्तुत गर्नुपर्ने बताउनुभएको छ।

सोमबार नेपाल प्रशासन सेवाका पदाधिकारीका लागि कानुन र न्यायसम्बन्धी ३ महिने सेवाकालीन तालिमलाई सम्बोधन गर्दै गृहमन्त्री थापाले राष्ट्रको समृद्धि र विकासमा योगदान गर्ने उद्देश्यसहित सबै प्रशासकले काम गर्नुपर्ने बताउनुभयो।

विकासका लागि भ्रष्टाचार प्रमुख बाधक भएको भन्दै यसविरुद्ध सबैको साथ र समर्थन आवश्यक रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो- 'केही प्रशासकहरू भ्रष्टाचार गर्छन्, काममा जानाजान ढिलासुस्ती गर्छन् भन्ने आरोप लाग्ने गरेको छ। यसलाई तपाईंहरूले चिर्नुहोस्।'

अहिलेको नियम कानुन प्रशासकले बुझ्नका लागि यो तालिम उपयोगी हुने गृहमन्त्रीको भनाइ छ। उहाँले भन्नुभयो- 'हामीले अपराधलाई नियन्त्रण गर्न सक्यौं, अपराधीलाई दण्डित गर्न सक्यौं र नागरिकको रक्षा गर्न सक्यौं भने मात्रै सफल हुन्छौं। यसका लागि विधिसम्मत ढंगले कार्य गर्न जरुरी हुन्छ।'

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव राजीव गौतमले प्रशासकहरूले अर्धन्यायिक निकायका रूपमा समेत काम गर्नुपर्ने भएकाले तालिमपश्चात काममा सहजता प्रदान हुने विश्वास व्यक्त गर्नुभयो।

## दुई मिनेट

### कोदालो प्रहार गरी श्रीमतीको हत्या

काठमाडौं, (नेस)

कोदालो प्रहार गरी आफ्नै श्रीमती मारेको अभियोगमा कागेश्वरी मनहरा नगरपालिका-६ मूलपानी तिवारी टोल डेरा गरी बस्ने मकवानपुर बागमती नगरपालिका-७ घर भएका रमेश भन्ने मानबहादुर घिसिङलाई प्रहरीले पक्राउ गरेको छ। घिसिङले आइतबार राति श्रीमती ममता लामालाई कोदालोले टाउकोमा हान्दा बेहोस भएको भनी आफै महानगरीय प्रहरी वृत्त बौद्धमा आई जानकारी गराएपछि खटिएको प्रहरी टोलीले ममतालाई मृत अवस्थामा फेला पारेको हो।

### ५ सय ४ कन्या कुमारी पूजा गरिने

काठमाडौं, (नेस)

युवा विश्वहिन्दू महासंघले ५ सय ४ कन्या कुमारी पूजा आयोजना गर्ने भएको छ। हनुमानढोका दरबार परिसरमा आयोजना हुने पूजामा हेटौंडा, काठमाडौं, टोखा, काठमाडौं, ललितपुर, भक्तपुरलगायतका जिल्लाका कन्या कुमारीको पूजा हुने भएको छ। पूजा असोज ६ गते आयोजना हुनेछ। महासंघका अध्यक्ष राजन महर्जनले यो नवौं पूजा भएको जानकारी गर्नुभयो।

पूजाका लागि कुमारीको नामावली संकलन गर्ने कार्य भइरहेको जानकारी गराउनुभयो। उहाँले आगामी वर्ष आयोजना गरिने दशौं पूजामा कुमार, भैरव र गणेशलाई सम्मान गर्ने योजना रहेको जानकारी गराउनुभयो।

### लिंगो लिन नाला जाँदै

काठमाडौं, (नेस)

यो वर्षको इन्द्रजात्राका लागि मंगलबार काभ्रेको नालामा लिंगो लिन जाने कार्यक्रम रहेको छ। गुरुज्यूको पल्टन, मानन्धर समाज र राजखड्गसहितको टोली आज मंगलबार लिंगो लिन नाला जाँदै छन्। बिहान ९ बजेर १७ मिनेटमा लिंगो काट्ने र ११ बजेर २७ मिनेटमा लिंगो ल्याउने साइत रहेको इन्द्रजात्रा समितिले जनाएको छ।

साइतअनुसार १ गते भेटाहिटीमा लिंगो ल्याएर सो स्थानमा ३ दिन राख्ने र ५ गते हनुमानढोकास्थित कागेश्वरी महादेव मन्दिर अगाडि लिंगो गाड्ने कार्यक्रम रहेको छ। ५ गतेबाट शुरू हुने इन्द्रजात्राको मूल कार्यक्रम ८ गते रहेको छ।

# डुबान क्षेत्र नियन्त्रण गर्न १ करोड २७ लाख

काठमाडौं, (नेस)

बौद्ध स्तुपा परिसरमा हुने डुबान नियन्त्रण गर्न करिब १ करोड २७ लाख रुपियाँ लागतमा ढल बिछ्याइने भएको छ।

वर्षा लागेसँगै जगडोल, रामहिटी गोकर्णेश्वर नगरपालिकाको वडा ८ र ९ को पानी जम्मा भएर बौद्धमा आउने भएकाले त्यस क्षेत्रबाट आउने भललाई ढलबाट बौद्ध गेटनजिकको खहरेमा पुऱ्याउने योजना बनेको हो।

योजनाको वस्तुगत अवस्था अवलोकन गर्न सोमबार बिहान महानगरका प्रमुख विद्यासुन्दर शाक्य, क्षेत्र नं. ३ का संघीय संसद् सदस्य कृष्ण राई, मेयरका सल्लाहकार राजेन्द्र स्थापित, वडा ६ का वडाध्यक्ष दीपेन्द्र लामालगायत जनप्रतिनिधि र कर्मचारीहरू बौद्ध स्तुपा क्षेत्रमा पुग्नुभएको थियो।

त्यस क्रममा बौद्ध गेटबाट शुरू भएको पैदल यात्रा स्तुपा परिसर, बौद्ध फूलबारी तथागत मार्ग, रामहिटी, धाराटोल हुँदै फेरि स्तुपा परिसर आएको थियो। अवलोकनका क्रममा स्थानीय सडक, सतही ढल, भूमिगत ढल व्यवस्थापनसँगै सामाजिक अवस्थाका विषयमा जानकारी लिइएको थियो। स्थलगत भ्रमण अवलोकनपछि मेयर शाक्यले समस्याको पहिचान भइसकेको जनाउँदै पानीको निकासका लागि काम गर्ने बताउनुभयो।

मेयर शाक्यले भन्नुभयो- 'पुरानो बस्तीमा परेको चाप व्यवस्थापन गर्न स्थानीय सहभागितामा पुनर्निर्माणको काम गर्छौं। यसले स्थानीयमा विकासप्रतिको जिम्मेवारी पनि बढ्छ र समस्याको समाधान पनि हुन्छ।' सोही क्रममा संघीय संसद् सदस्य कृष्णले चाबहिल, बौद्ध, जोरपाटी हुँदै साँखु जाने सडक दशौंअगावै कालो पत्रे हुने बताउनुभयो।

'यस वर्ष वडाले ढल निर्माण कार्यलाई प्राथमिकता दिनेछ। म योजना बनाउँदा ढल निकासलाई पहिले हेर्छु।' -वडाध्यक्ष दीपेन्द्र लामाले भन्नुभयो। अहिले वडाका अधिकांश नागरिक ढलको समस्याबाट पिरोलिनुपरेको उहाको भनाइ थियो। यस क्षेत्रको समस्या समाधान गर्न करीब ३ सय मिटर दूरीमा भूमिगत ढल बिछ्याइने योजना छ।

वडाका इन्जिनियर शंखनारायण श्रेष्ठका अनुसार ३ सय मिटरमध्ये शुरूको १ सय ४० मिटरमा २ फिट गोलाइ र पछिल्लो १ सय ६० मिटरमा ३ फिट गोलाइका ढल राखिनेछन्। यससँगै माथिल्लो क्षेत्रबाट आउने ढललाई तीनचुलेमा डाइभर्सन गरेर सान्धारा कपनतर्फबाट निकास दिइनेछ।

# 'बहुआयामिक सम्बन्ध विस्तार गर्नु दुवै देशको लक्ष्य'

नेपाल समाचारपत्र

काठमाडौं

सभामुख कृष्णबहादुर महराले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्राष्ट्रिय सहकार्यका लागि कोसेढुंगा भएको बताउनुभएको छ।

चीन-तिब्बत पर्यटन र सांस्कृतिक एक्सपोअन्तर्गत सोमबार ल्हासामा आयोजित ट्रान्स हिमालय बेल्ट एन्ड रोड इन्टरनेसनल को-अपरेसन फोरमलाई सम्बोधन गर्नुहुँदै सभामुख महराले बीआरआईले अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीको क्षेत्रमा अनेकौं अवसरहरू सिर्जना गरेको बताउनुभएको हो।

बीआरआईमार्फत हिमाली क्षेत्रबीच बहुआयामिक सम्बन्ध विस्तार गर्ने नेपाल र चीनका नेतृत्वको साझा लक्ष्य रहेको सभामुख महराले बताउनुभयो। 'बीआरआईमार्फत हिमाली क्षेत्रबीच बहुआयामिक सम्बन्ध विस्तार गर्नु नेपाल र चीनका नेतृत्वको साझा लक्ष्य हो। यसले दुवै देशमा व्यापार र व्यवसायका धेरै अवसरहरू सिर्जना गर्नेछ', उहाँले भन्नुभयो- 'चीनको औद्योगिक विकास, प्रविधि विकास, व्यावसायिकता र विशाल आन्तरिक बजार तथा नेपालको प्रचुर प्राकृतिक स्रोत, भौगोलिक सामीप्यताको फाइदाले मूल्य शृङ्खला र आर्थिक वृद्धिबीच सामञ्जस्यता ल्याउनेछ।'

बीआरआईले पूर्वाधार र संरचना विकासमा ध्यान केन्द्रित गरेको भन्दै सभामुख महराले सीमाक्षेत्रमा पूर्वाधार विकास गर्ने पक्ष नेपालजस्तो भूपरिवेष्टित राष्ट्रका लागि ज्यादै महत्त्वपूर्ण भएको बताउनुभयो।

नेपाल लामो समयको राजनीतिक संघर्षपछि शान्ति तथा सामाजिक आर्थिक विकासको नयाँ अध्यायमा प्रवेश गरेको बताउँदै सभामुख महराले आर्थिक विकास र जनताको समृद्धि नै नेपालको एक मात्र राष्ट्रिय एजेन्डा भएकोले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गर्नुभयो।



'अहिले हाम्रो एकमात्र राष्ट्रिय एजेन्डा भनेको देशको आर्थिक विकास र जनताको समृद्धि हो', सभामुख महराले भन्नुभयो- 'पूर्वाधार विकास, जलविद्युत्, होटेल व्यवसाय, सूचना तथा सञ्चार र स्वास्थ्य तथा शिक्षाजस्ता क्षेत्रमा लगानीको राम्रो सम्भावना छ र चिनियाँ लगानीकर्ताका लागि हाम्रा नीतिहरू लगानीमैत्री छन्।'

नेपालका प्रधानमन्त्री चीन भ्रमणमा रहेका बेला भएको रेलमार्गले जोड्ने समझदारी कोसेढुङ्गाका रूपमा रहेको भन्दै सभामुख महराले रेलमार्ग, राजमार्ग, बन्दरगाह, ट्रान्समिसन लाइन र सञ्चार सम्पर्क आदिको अवधारणासहित ल्याइएको ट्रान्स-हिमालयन मल्टिडाइमेन्सिएल कनेक्टिभिटी नेटवर्कले आर्थिक विकासका नयाँ पक्षहरूलाई उकास्न सहयोग गर्ने बताउनुभयो। नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा घोषणा गरी प्रत्येक वर्ष २ मिलियन पर्यटक भित्र्याउने लक्ष्य राखेको भन्दै सभामुख महराले नेपालको लक्ष्य पूरा गर्न चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउन चीन सरकार, ट्राभल र टुर व्यवसायीबीच सहकार्य र साझेदारीको आवश्यकता भएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'पर्यटन क्षेत्रमा नेपालको लक्ष्य पूरा गर्न चीन सरकार, चिनियाँ ट्राभल तथा टुरिज्म व्यावसायिक समुदाय र लगानीकर्ताको ठूलो भूमिका रहन्छ, उहाँहरूलाई नेपालको पर्यटन क्षेत्रमा अझ धेरै लगानी गर्न म विशेष अनुरोध गर्दछु।'

अरनिको राजमार्ग नेपाल र चीन जोड्ने पहिलो ऐतिहासिक मार्ग भएको चर्चा गर्दै सभामुख महराले भौगोलिक विकटताको कारणले सीमा क्षेत्रमा राजमार्ग र रेलमार्ग निर्माणमा ठूलो लगानी र प्रयासको आवश्यकता पर्ने र त्यो दुई देशबीचको आपसी समझदारी र सहकार्यले सम्भव हुने बताउनुभयो।

उहाँले भन्नुभयो- 'दुवै देशका पुर्खाहरूले व्यापार व्यवसाय र सामाजिक संस्कृतिको सम्बन्ध विस्तारका लागि कठिन हिमाललाई पार गरेका थिए। वर्तमान समयमा चीनले गरेको उच्चतम प्रविधि विकास र उत्कृष्ट सीपको मद्दतले दुई देशबीचको सीमा सम्बन्ध स्थापित गर्ने बाटोमा महत्त्वपूर्ण भूमिका खेल्नेछ।'

नेपाल र चीनबीचको सम्बन्ध एकअर्काप्रति सम्मान, आपसी मित्रता, सहयोग, साझेदारी, सहकार्य, प्रशंसाजस्ता तत्त्वहरूले आत्मीय र घनिष्ठ बनेको भन्दै समाभुख महराले सीमाक्षेत्रमा कठिन हिमाल र पहाडका उपस्थितिका बाबजुद प्राचीनकालदेखि नै कायम रहेको सम्बन्ध र सहकार्यलाई अझ मजबुत बनाउन दुवै देश सक्षम भएको बताउनुभयो।

## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**


काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, शत्रु विजय, खेल-परीक्षामा सफलता प्राप्ति।
**वृष** : गरेका काममा सफलता, सन्तान-सुख, धन प्राप्ति, लाभ।
**मिथुन** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधूप, परिवारमा विवाद, चिन्ता।
**कर्कट** : द्रव्य लाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुने।
**सिंह** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुने।
**कन्या** : धनप्राप्ति, कोसेली-पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**तुला** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय।
**वृश्चिक** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**धनु** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक निरोगिता, क्षमता वृद्धि।
**मकर** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि हुने।
**कुम्भ** : रोगको भय, कार्यमा बाधा-व्यवधान, धन हानि, अस्वस्थता।
**मीन** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।





# प्रदेश-३



विश्वभर प्रत्येक ४० सेकेन्डमा एक जनाले आत्महत्या गर्ने गरेको तथ्यांक सार्वजनिक भएको छ भने ८ लाख व्यक्तिले वार्षिक आत्महत्या गर्छन्।

## चार वर्षमा ४ सय १४ आत्महत्या

मोतीराम तिमल्सिना, काभ्रे

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले अन्तर्राष्ट्रिय आत्महत्या रोकथाम दिवसको अवसर पारी जिल्लामा विशेष कार्यक्रमको आयोजना गरेको छ। सोही अवसरमा महिलाहरूले तीज विशेष कार्यक्रमसमेत गरेका थिए।

त्यस कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्काले जिल्लामा साउन र चैत महिनामा आत्महत्या गर्नेहरूको संख्या धेरै भएको बताए। 'प्रेममा असफल भएका, बाबुआमामध्ये एकले छाडेर बेसहारा भएका, बहुविवाह, वैदेशिक रोजगार, मादक पदार्थ सेवन, बालविवाह, घरेलु हिंसा, मानसिक तनाव, दाइजोजस्ता आत्महत्याका प्रमुख कारण देखिएका छन्', प्रहरी प्रमुख एसपी रविराज खड्काले भने- 'आत्महत्याको डरलाग्दो रूपको न्यूनीकरण गर्न भएका प्रयासलाई अझै बढाउनुपर्ने आवश्यकता छ।'

विश्वभर प्रत्येक ४० सेकेन्डमा एक जनाले आत्महत्या गर्ने गरेको तथ्यांक सार्वजनिक भएको छ भने ८ लाख व्यक्तिले वार्षिक आत्महत्या गर्छन्। आत्महत्या गर्नेहरूको सूचीमा विश्वको पहिलो देश श्रीलंका पर्छ भने १ सय २५औं मुलुकमा नेपाल पर्दछ। १५-२९ वर्ष उमेर समूहका व्यक्तिले आत्महत्या धेरै गर्ने गरेका छन्। आत्महत्या गर्नेमध्ये नेपालमा ७० प्रतिशतले झुन्डिएर आत्महत्या गरेका छन् भने १८ प्रतिशतले विष सेवन र १२ प्रतिशत डुबेर आत्महत्या गरेका छन्। जिल्लामा आर्थिक वर्ष २०७१/२०७२ मा ९६, २०७२/२०७३ मा ९७, २०७३/२०७४ मा १ सय २५ र २०७४/२०७५ मा १ सय २३ जनाले आत्महत्या गरेका छन्।

### आत्महत्या न्यूनीकरणको प्रयास

आत्महत्या गर्नेमा धेरै महिला छन्। २ सय १३ महिला र १ सय ६४ पुरुषले आत्महत्या गरेका छन्। तीमध्ये १ सय ४८ जना जनजाति मात्रै छन्। आत्महत्याको घटना शनिबार धेरै भएका छन्। आत्महत्या गर्नेले दिउँसो १२ बजेदेखि साँझ ६ बजेसम्मको समयलाई उपयुक्त बनाएका छन्। मानव अधिकारकर्मी भोजराज तिमल्सिनाले बलात्कार तथा घरेलु हिंसाका कारण पनि आत्महत्या गर्ने गरेको तथ्यांकसहितको कार्यपत्र प्रस्तुत गरेका थिए। समन्वय समिति प्रमुख उद्धव केसीले आत्महत्यामा बालबालिकादेखि वृद्धसम्म रहेकाले यसको न्यूनीकरण गर्ने अभिप्रायले स्थानीय सरकार र सरोकारवाला निकायबीच अन्तर्क्रिया गरेको बताए। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले फरकफरक खालका माग र चाहना, सुविधाका कारण आत्महत्याको संख्या बढ्दै गएको बताए। जनचेतनामूलक अभियान र आध्यात्मिक हिसाबले आत्महत्या न्यूनीकरण गर्न सकिने प्रजिअ राउतले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति काभ्रेका उपप्रमुख मञ्जु गौतम, बनेपा नगरपालिकाका उपप्रमुख रेखा सापकोटा दाहाल, धुलिखेल नगरपालिका उपप्रमुख विमला शर्मा, विभिन्न कार्यालयका प्रमुखहरू, जिल्ला वन कार्यालयका प्रमुख प्रेम खनालगायतले आत्महत्याका कारण र न्यूनीकरणको उपायका बारेमा धारणा राखेका थिए।

## मानव बेचविखनको स्वरूप बदलिँदै

नेपाल समाचारपत्र

नुवाकोट

पछिल्लो समय मानव बेचविखन तथा ओसारपसारको स्वरूप बदलिँदै गएको पाइएको छ। मानव बेचबिखन तथा ओसारपसारविरुद्धको १२औं राष्ट्रिय दिवसको अवसरमा नुवाकोटमा गरिएको कार्यक्रममा उक्त कुरा जानकारी गराइएको हो।

'संघीयताको महत्त्वपूर्ण सार, मानब बेचबिखन अन्त्यका लागि जिम्मेवारी र सहकार्यसहित गरौं खबरदार' भन्ने मूल नाराका साथ १२औं मानब बेचबिखन तथा ओसारपासरविरुद्धको दिवस मनाइएको हो। मानव बेचबिखनबिरुद्धको ऐन र नियम पारित भएकाले भदौ २० गतेका दिनलाई दिवसको रूपमा मनाउन थालिएको हो।

बेचबिखनमा प्रभावित भएका महिलाहरूलाई दुर्व्यवहार गर्ने, पक्राउ परिसकेका व्यक्तिमाथि अनुसन्धान प्रभावकारी हुन नसक्ने र बेचबिखनमा परेका महिलाहरू आफै दलालीको काम गर्ने भएकाले नियन्त्रण हुन नसकेको सरोकारवालाको भनाइ रहेको छ। गाउँका दलालबाट बेचिएका चेलीहरू नेपाल आएपछि आफै दलालीको काम गर्ने गरेको, आफ्नै घरपरिवारका सदस्यबाट बेचबिखन हुने गरेको र जिल्ला प्रहरी कार्यालयमा उजुरी मात्रै पर्ने र जाहेरी नआउने हुनाले कारबाही प्रक्रिया अगाडि बढाउन नसकिएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले बताए।

मानव बेचबिखनमा संलग्नलाई कानुनी दायरामा ल्याउन मानव बेचबिखन नियन्त्रणसम्बन्धी ऐनले कडा कानुन बनाए पनि दलाललाई नियन्त्रणमा लिन सकिएको छैन। नुवाकोटबाट पछिल्लो समय चीन, भारत, मलेसिया, अफ्रिकन मुलुक तथा अन्य देशहरूमा मानिसको किनबेच तथा मानव अङ्ग झिक्ने, वेश्यावृत्तिमा लगाउनेलगायतका काम हुँदै आएको छ। यस्ता मानव ओसारपसार गर्ने अपराधीले विभिन्न राजनीतिक दल, प्रहरी प्रशासनलगायत विभिन्न निकायसम्म सञ्जाल फैलाएर मानव बेचबिखनका कार्यमा संलग्न भएकाले कारबाही गर्न असहज भएको सरोकारवालाहरूको भनाइ छ।

मानव बेचबिखनलाई रोक्न गाउँगाउँमा गएर विभिन्न प्रकारका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने विभिन्न विद्यालयमा विद्यार्थी तथा शिक्षकलाई यसका बारेमा जानकारी गराउनेलगायतका कार्यक्रम सञ्चालन भएमा मानब बेचबिखनका घटनालाई न्यूनीकरण गर्न सकिने महिला तथा बालबालिका संरक्षण जिल्ला सञ्जालका अध्यक्ष बिन्दा अर्यालले बताइन्।

पछिल्लो समय मान बेचबिखनको स्वरूप परिवर्तन भएको छ। पहिले अशिक्षा, गरिबीलगायत विभिन्न कारणले मानव बेचबिखन हुने गरे तापनि पछिल्लो समय यसको स्वरूप परिवर्तन भएर यसले विकराल रूप लिँदै आएको छ। मानव बेचबिखन तथा ओसारपसारमा क्रियाशील दलालहरू राजनीतिक दलको संरक्षणका कारण प्रहरीको नियन्त्रणमा आए पनि कारबाही हुन सकेको छैन। विनाशकारी भूकम्पका कारण नुवाकोटमा मानव बेचबिखनमा वृद्धि भएको थियो। आफ्नै परिवारका सदस्यले छोरी बेचेको घटनाहरू सार्वजानिक भए पनि आफ्नै बाबु, दाइलगायतका नातेदारमाथि जाहेरी नपर्दा दलालीहरूलाई कारबाही हुनै सकेको छैन।

२०२२ सालदेखि नुवाकोटबाट महिला बिक्रीको क्रम शुरू भएकोमा पछिल्ला वर्षमा मानव बिक्री र ओसारपसारको घटनामा कमी आएको थियो। विशेष गरी घ्याङ्फेदी, उर्लेनी, बेतिनी, गाउँखर्क, राउतबेसी, शिखरबेसी, सुन्दरादेवी, समुद्रटार, बालकुमारीलगायतका गाउँ विकास समितिबाट महिला तथा बालिकाहरू बिक्री हुँदै आएका छन्। आफ्नै परिवारका सदस्यहरूले महिला तथा बालबालिकाहरू हराएको उजुरी नदिएको र बेचिएर आएका महिलाहरूले पनि दलालहरूमाथि उजुरी नदिने भएकाले कारबाही गर्न नसकिएको हो। कार्यक्रममा जिल्लास्थित विभिन्न गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधि, महिला अधिकारको क्षेत्रमा काम गर्ने सबै सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## रसुवामा ४३ प्रतिशत परिवार स्थानान्तरण

नेपाल समाचारपत्र

रसुवा

भूकम्प गएको ३९ महिना बित्दा रसुवामा ४३ प्रतिशत परवार मात्रै स्थान्तरण भएका छन्। भूकम्पका कारण असुरक्षित मानिएका क्षेत्रमा रहेका बाँकी भूकम्पपीडित परिवारको अझै स्थानान्तरण हुन सकेको छैन। जिल्लामा अहिलेसम्म करिब ४३ प्रतिशत परिवारलाई मात्रै सुरक्षित स्थानमा सारिएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार जिल्लामा ८ सय ३६ परिवार पहिरोको उच्च जोखिममा छन्। तीमध्ये ३ सय ५७ परिवारको स्थानान्तरण भएको हो।

गोसाइँकुण्ड गाउँपालिकामा २० मध्ये १३ परिवार, कालिका गाउँपालिकामा २५ मध्ये १४ परिवार, नौकुण्ड गाउँपालिकामा १ सय २६ मध्ये १९, आमाछोदिङ्मो गाउँपालिकामा २ सय ७२ मध्ये १ सय २४ र उत्तरगया गाउँपालिकामा ४ सय ६३ मध्ये १ सय ८७ परिवारको स्थानान्तरण भएको छ। जिल्लामा भिरालो जमिन रहेको र बस्ती स्थानान्तरणका लागि उपयुक्त जग्गा खोज्न कठिनाइ भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय रसुवाले जनाएको छ।


## वर्गीकृत डिस्प्ले




वर्गीकृत डिस्प्ले

रु. १००० ।-

विस्तृत जानकारीका लागि

फोन : ४२१९९८४, ४२१९०७६


## बनकरिया जातिलाई पहिलोपटक दर

हेटौंडा, (नेस)

मकनपुरको मनहरी गाउँपालिका-४ स्थित जंगलमा बस्दै आएका देशकै लोपोन्मुख बनकरिया जातिले पहिलोपटक तीजको दर खाएका छन्।

हेटौंडाको रेडियो सरोवर ९२.५ मेगाहर्जले बनकरिया बस्तीमा पुगेर २५ घरधुरीका करिब १ सय जना बनकरियालाई दर खुवाइएको हो। पछिल्लो समय एक महिनाअघिदेखि नै शहर बजारमा गहना प्रदर्शन गर्दै भड्किलो तीज कार्यक्रम गर्ने चलन बढेकाले त्यसको निरुत्साहित गर्दै नयाँ पुस्तालाई हाँसीखुसी एकै ठाउँमा रमाइलो गर्दै मनाउने परम्परा भन्ने चेतना दिनका लागि कार्यक्रम गरिएको एफएमका स्टेसन म्यानेजर राजु लामिछानेले बताउनुभयो। कार्यक्रमका प्रमुख अतिथि मनहरी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष ध्रुव खड्का आफ्नो वडाका बनकरियालाई एकै ठाउँमा भेला भएर दर खाँदै रमाइलो गरेको पहिलोपटक भएको बताउनुभयो। पछिल्लो समय भड्किलो बन्दै गएको तीज पर्व रेडियो सरोवरले बनकरियालाई दर खुवाउँदै तीजका गीतमा नचाउनु उदाहरणीय काम भएको खड्काले बताउनुभयो।

## फौजदारी संहिता कार्यान्वयन

### कुकुर कुट्दा दुई पक्राउ

मोतीराम तिमल्सिना, काभ्रे

टमी र काली मान्छे होइनन्, दुवै कुकुर हुन्। पशुपक्षीसम्बन्धी कसूरअनुसार पशुपक्षीप्रति निर्दयी व्यवहार गर्न पाइँदैन। कुकुर कुटेको अभियोगमा इलाका प्रहरी कार्यालय बनेपामा दुई व्यक्ति पक्राउ परेका छन्।

२०७५ भदौ २२ गते राति ८ बजेको समयमा मादक पदार्थ सेवन गरी सडकमा होहल्ला गर्दै बनेपा नगरपालिका वडा नम्बर ७ स्थित संविधानबहादुर जोशीको घरमा बाँधिराखेका २ कुकुर टमी र कालीलाई नजिकै रहेको निर्माण सामग्री (रड)को प्रयोग गरी आक्रमण गरेका थिए।

खानिखोला गाउँपालिका ७ घर भई बनेपा ७ सिनागालमा डेरा गरी बस्ने वर्ष १९ का सुरेश भ्लोन र धुलिखेल नगरपालिका वडा नम्बर १ घर भएका वर्ष २८ का राज लामाले दुवै कुकुरलाई आक्रमण गरी खुट्टासमेत भाँचिदिएका थिए। कुकुर धनी संविधानबहादुर जोशीले बाँधेर राखेका कुकुरलाई किन आक्रमण गरेको भनेपछि दुवै पक्षबीच वादविवाद भएको थियो। वादविवादका बीच राज लामाले कोठामा रहेको खुकुरी ल्याएर कुकुर र मान्छे दुवैलाई छिनाल्न भनेपछि सुरेश भ्लोन कोठामा गई खुकुरीसमेत ल्याई आक्रमण गर्ने प्रयास भएपछि प्रहरीको टोली घटनास्थल पुगेको थियो।

संविधानबहादुर जोशीले आफूले घरमा बाँधिराखेका कुकुरलाई आक्रमण गरेको उजुरी दिएका आधारमा प्रहरीले आक्रमणकारीलाई पक्राउ गर्न प्रमुख जिल्ला अधिकारीसँग अनुमति मागेको थियो। इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनिलजंग शाहले पक्राउ परेका दुवैलाई प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले पक्राउ अनुमति दिँदै ७ दिनको अनुसन्धानको म्याद दिएको बताए। मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्याविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ९ को उपदफा ७ बमोजिम पक्राउ अनुमति प्राप्त गरेको प्रहरीले अनुसन्धानका लागि ७ दिनको अनुमति प्राप्त गरेको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले बताए।

मुलुकी फौजदारी कार्याविधिले गरेको व्यवस्थाअनुसार पशुपक्षीसम्बन्धी कसूरको २९० दफामा पशुपक्षीप्रति निर्दयी व्यवहार गर्न नपाइने उल्लेख छ। कसैले कुनै पशुपक्षीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामार्थ्यभन्दा बढी दौढाए वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिकरूपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रूर व्यवहार गर्न पाइनेछैन। त्यस्तो गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा ५ हजार रुपियाँसम्म जरीवाना वा दुवै सजाय गर्ने व्यवस्था छ।

प्रमुख जिल्ला अधिकारी राउतले उक्त कसूरमा पहिलोपटक पक्राउपुर्जी जारी गरी अनुसन्धानका लागि म्याद दिएको बताए। इलाका प्रहरी कार्यालय बनेपाले पशुपक्षीसम्बन्धी मुद्दा पहिलोपटक दर्ता भएको बताए। सडकमा गाईवस्तु छाड्नेविरुद्ध पनि मुद्दा चलाउने गरी प्रहरीले अनुसन्धान गरिरहेको इप्रका बनेपाका प्रहरी निरीक्षक शाहले बताए।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०


## 'स्कुल-स्कुलमा प्रहरी' कार्यक्रम शुरू

चितवन, (नेस)

यौनजन्य अपराधका घटना नियन्त्रण तथा न्यूनीकरणका लागि 'स्कुल स्कुलमा प्रहरी' कार्यक्रम सोमबारदेखि चितवनमा शुरू भएको छ। नारायणगढको बालकुमारी इंग्लिस स्कुलमा चेतनामूलक कार्यक्रम गरी अभियानको शुरुआत गरिएको हो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रभुप्रसाद ढकालले महिला हिंसा, बलात्कार र यौनजन्य क्रियाकलाप कम गर्न शिक्षक-शिक्षिका र विद्यार्थीको भूमिकाका बारेमा जानकारी प्रदान गरेका थिए। 'विद्यार्थी पनि बिनाबर्दीका प्रहरी हुन्, उनीहरूले परिवार, नातागोता र छरछिमेकलाई सचेत बनाउन सक्छन्', ढकालले भने- 'यसैकारण विद्यालयमा कार्यक्रम गरिएको हो।' उनले लागूऔषध दुर्व्यसन, मादकपदार्थ सेवन, सामाजिक सञ्जालको दुरुपयोगले हुने असरका विषयमा विद्यार्थीलाई जानकारी गराएका थिए।

सो अवसरमा विद्यार्थीले अपनाउनुपर्ने सुरक्षात्मक उपायका बारेमा समेत जानकारी गराइएको थियो। बालबालिकालाई सुरक्षित राख्न 'स्कुल स्कुलमा प्रहरी' कार्यक्रममार्फत प्रहरी कार्यालय मतहतका सम्पूर्ण सरकारी तथा निजी स्कुलमा कक्षा १ देखि कक्षा १२ सम्मका विद्यार्थीलाई जानकारी गराउने लक्ष्य राखिएको ढकालले जानकारी दिए। अपराध न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी प्रदेश नं ३ प्रहरी कार्यालयको आयोजनामा प्रदेशका सम्पूर्ण मातहत जिल्लामा सोमबारदेखि 'स्कुल स्कुलमा प्रहरी' कार्यक्रम सञ्चालन गरेको जनाएको छ।


## नेपाल समाचारपत्रको वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 I Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

पुर्खाले घरेलु उद्योगका रुपमा प्रयोग गर्दै आएका पानी घट्टको साटो अहिले विद्युतीय मेसिनबाट चल्ने उद्योग सञ्चालनमा आएपछि रैथाने पानी घट्ट लोप हुने अवस्थामा पुगेको छ।

# नेपाल

# पुनको हत्या विरोधमा रोल्पा ठप्प

**महेश न्यौपाने, रोल्पा**

आफ्नो नगरस्तरीय नेताको हत्या विरोधमा नेपाल तरुण दल रोल्पाले आह्वान गरेको बन्दका कारण रोल्पाको जनजीवन ठप्प भएको छ। बन्दका कारण रोल्पा सदरमुकाम लिवाङ, सुलिचौर, घर्तीगाउँ, होलेरी, बागमारालगायतका साना ठूला बजार, शिक्षण संस्था र उद्योगधन्दा पूर्णरूपमा बन्द रहेका छन्। बन्दका कारण जिल्ला सदरमुकामबाट भित्री सडकमा चल्ने साना सवारीसाधन तथा काठमाडौं, बुटवल, नेपालगन्ज, कपिलवस्तु, दाङ चल्ने सवारीसाधन गुड्न सकेका छैनन्।

पुनलाई रोल्पा नगरपालिका-१० ढवाङका देवबहादुर घर्तीले यूएस लेखिएको पेस्तोल प्रहार गरी हत्या गरेका थिए। प्रहरीले देवबहादुरलाई १ थान पेस्तोल र सोको गोली १ राउन्डसहित पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

तरुण नेताको हत्यासँगै जिल्ला शोकमा डुबेको छ। नेपाली हिन्दु नारीको महत्त्वपूर्ण पर्व हरितालिका तीजको मुखैमा आएर भएको हत्याकाण्डपछि भएको बन्दले बजारको चहलपहल समेत हवात्तै घटेको छ। तीजका लागि किनमेलमा व्यस्त हुने दिनमा बजार बन्द हुँदा व्यवसायी मर्कामा परेको बताएका छन्।

दिनदहाडै प्रहरी चौकीनजिक भएको हत्याकाण्डले कानुनी शासनको खिल्ली मात्रै नउडाई सरकारको सुरक्षा संवेदनशीलता माथि नै गम्भीर प्रश्न उठाएको नेपाल तरुण दल रोल्पाका सचिव लीलाधर आचार्यले बताए। हत्यामा धेरै जनाको संलग्नता रहे पनि रोल्पा नगरपालिका १० धवाङका देवबहादुर घर्तीले पेस्तोलसहित प्रहरीमा आत्मसमर्पण गरेको बताइएको छ। हत्यामा संलग्न पूर्वमाओवादी केन्द्रको कार्यकर्ता रहेका घर्तीसँगै सोही पार्टी सम्बद्ध अन्य व्यक्ति भने अझैसम्म फरार रहे पनि प्रहरीले पक्राउ गर्न नसकेको नेपाली कांग्रेसले आरोप लगाएको छ।

तरुण नेताको हत्याको विरोधमा नेपाली कांग्रेस केन्द्रीय कार्यालय र नेपाल तरुण दल केन्द्रीय समितिले छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरी हत्याको विरोध गरेका छन्। नेपाली कांग्रेसका कार्यालय सचिव र नेपाल तरुण दलका महासचिवद्वारा हस्ताक्षरित विज्ञप्तिमा सत्ताको आडमा हत्याकाण्ड भएको आरोप लगाइएको छ।

मृतक पुनको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल रेउघामा लगिएको बताइएको छ। पोस्टमार्टमपछि पुनको पार्थीव शरीरमा श्रद्धाञ्जलि दिई अन्तिम दाहसंस्कार गरिने नेपाली कांग्रेस स्रोतले बताएको छ। नेता पुनलाई आइतबार बेलुका ४:४० बजे इलाका प्रहरी कार्यालय सुलिचौरबाट १५ मिटर दूरीमा रहेको एक रेस्टुरेन्टमा हत्या गरिएको थियो। नास्ता खान रेस्टुरेन्टमा बोलाई हत्या भएको बताइएको छ। छाती र पेटमा ३ वटा गोली लागेका पुनको घटनास्थलमै मृत्यु भएको थियो।

यसैबीच नेपाली कांग्रेस रोल्पाले तरुण नेता रोहित पुनको हत्या सत्ताको आडमा भएको आरोप लगाएको छ। नेता पुनको हत्याको विरोधमा सोमबार सदरमुकाम लिवाङमा आयोजित विरोध सभामा बोल्ने वक्ताले उक्त आरोप लगाएका हुन्। सत्ताको आडमा दिनदहाडै हतियारधारी समूहको चलखेल हुँदासम्म पनि सुरक्षा निकायले चासो नदिएको उनीहरूको आरोप छ। हत्यारालाई उन्मुक्ति दिन सत्तारुढ दलका माथिल्लो तहका नेता नै लागिपरेको उनीहरूले आरोप लगाएका छन्।

कम्युनिस्ट अधिनायकवादको पहिलो शिकार तरुण दल भएको नेपाली कांग्रेस रोल्पाका सभापति अमरसिंह पुनले आरोप लगाए। फरार हत्यारालाई पक्राउ तथा मृतकलाई शहीद घोषणा गर्नुपर्ने मागसहित आन्दोलन अघि बढाइने नेपाल तरुण दल रोल्पाका सचिव लीलाधर आचार्यले जानकारी दिए। सोमबार जिल्ला बन्दको आयोजना गरेको तरुण दल रोल्पाले पार्टीको आयोजनामा आन्दोलनलाई निरन्तरता दिने भएको छ।

हत्या आरोपमा प्रहरीले ५ जना पक्राउ गरेको छ भने २ जना अझै फरार रहेको बताइएको छ। हत्या आरोपीहरू अधिकांश पूर्वमाओवादी केन्द्र सम्बद्ध वाईसीएलका कार्यकर्ता र केही पूर्वएमाले निकट युवा संघका कार्यकर्ता भएको नेपाली कांग्रेस रोल्पाले आरोप लगाएको छ। हाल प्रमुख जिल्ला अधिकारी गञ्जबहादुर एमसीको अगुवाईमा जिल्ला प्रशासन कार्यालय रोल्पामा सोही विषयमा छलफल भइरहेको सुरक्षा स्रोतले जानकारी दिएको छ।

## एउटै डोरीमा तीन आमाछोरा झुन्डिए

मोरङ, (नेस)

बुढीगंगा गाउँपालिकामा आमाले आफूसहित २ छोरालाई डोरीको पासो लगाएर झुन्ड्याउँदा २ जनाको मृत्यु भएको छ। गाउँपालिका-२ अमाहीस्थित २९ वर्षीया कविता यादवले १० वर्षीय निशान यादव र ५ वर्षीय अमन यादवलाई घरको बलेसीमा डोरीको पासो लगाएकी थिइन्। यसक्रममा आमा कविता र ५ वर्षीय अमनको घटनास्थलमै मृत्यु भएको मोरङ प्रहरी प्रमुख एसपी मनोजकुमार केसीले जानकारी दिए।

यद्यपि १० वर्षीय निशानको डोरी भने बाँधेको ठाउँबाट टुटेपछि घाइते अवस्थामा रहेको एसपी केसीले बताए। घटनाका क्रममा घरको माथिल्लो तल्लामा कविताले आफूसहित २ छोरालाई पासो लगाएकी थिइन्। बिहान करिब साढे १० बजे भएको घटनामा कविता र अमनको शव झुन्डिएको अवस्थामा भेटिएको थियो।

पति अमरलाल यादवको २ वर्षअघि मृत्यु भएपछि केहीसमय अघिदेखि कविता भारतको फारविसन्जका रामदेव झासँग बस्दै आएकी थिइन्। झा हाल विराटनगरमा काम गर्दै आएको स्थानीयले जनाएका छन्। एसपी केसीले झा सम्पर्कमा नरहेको र उनको खोजी भइरहेको जानकारी दिए। उनलाई नियन्त्रणमा लिएपछि घटनाका बारेमा थप कुरा बाहिर आउने प्रहरीको बुझाइ छ। घाइते निशानको विराटनगरस्थित विराट नर्सिङ होममा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# विपद् व्यवस्थापन कार्य योजनाबिनाका स्थानीय तह

## २० करोडभन्दा बढी क्षति

**धनवीर दाहाल, रुकुम**

विशेष गरी स्थानीय तहले विपद् व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयनतर्फ लैजानुपर्दछ। विपद् कुनै पनि समयमा आउँदै छु भनेर आउने होइन। जुनसुकै बेला पनि विपद् पर्न सक्छ। रुकुम पश्चिममा यो वर्षात्को समयमा अधिकांश ठाँउमा बाढी र पहिरोले धनजनको क्षति भएको छ। रुकुम पश्चिमका ६ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी आठबीसकोट नगरपालिकामा क्षति भयो। नगरपालिकाको कार्यालयमा समेत बाढी पस्यो।

स्थानीय तहको निवार्चन भएको डेढ वर्षको अवधिमा विभिन्न समयमा विभिन्न नीति तथा कार्यक्रम र स्थानीय कानुन निर्माण गरियो, तर विपद् व्यवस्थापनसम्बन्धी स्पष्ट योजना नहुँदा विपद्मा परेकालाई थोरै राहत दिनुबाहेक अरू कुनै काम हुन सकेन। विकासको नाममा हिउँदको समयमा जथाभावी डोजर र स्काभेटर प्रयोग गर्दा वर्षात्को समयमा त्यही जमिन पहिरोमा परिणत भएको छ।

आठबीसकोट नगरपालिकाका विभिन्न स्थानमा बाढीपहिरोले अत्यधिक क्षति पुगेको छ। अहिलेसम्म बाढी र पहिरोका कारण ४ करोडको क्षति गरेको छ। गत असारदेखि भदौ ९ गतेसम्म नगरपालिकाका विभिन्न ठाउँमा गएको बाढी र पहिरोका कारण ४ करोडको क्षति भएको प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले जानकारी दिनुभयो। यस्तै वडा नं. ९ को गिजागाड खोला, वडा नं. ६ को ठूलीभेरी नदीका कारण तल्लुबगर, वडा नं. १२ को तातोपानी खोलाका कारण स्थानीयको घरबास नै पूर्णरूपमा क्षति गरेको केसीले जानकारी दिनुभयो। बाढी र पहिरोका कारण अहिलेसम्म ३२ घर पूर्णरूपमा क्षति भएको र १ सय ३८ विस्थापित भएको नगरपालिकाको तथ्यांक रहेको छ।

मुसिकोट नगरपालिका वडा नं ११ र १२ को बीचमा पर्ने पितिबाङ खोलामा मोटरेबल पुल नहुँदा जोखिम मोलेर यातायात सञ्चालन भइरहेका छन्। चौरजहारी नगरपालिकाले पनि विपद् व्यवस्पापन योजना बनाउन सकेको छैन। मानवीय क्षति नभए पनि मध्यपहाडी लोकमार्गअन्तर्गत चौरजहारी नगरपालिकाको वडा नम्बर ८ को ढुंगेखानी र गोइरीज्यूला तथा सानोभेरी गाउँपालिकाको अधिकांश सडकखण्डको भूभागमा पहिरो झर्दा यातायात सेवा प्रभावित छ।

त्रिवेणी गाउँपालिकाका विभिन्न ठाउँमा सडक भासिएको छ। झुल्नेटा बजारमा सडक भासिएर यातायात आवतजावतमा कठिनाइ हुने गरेको छ। त्रिवेणी गाउँपालिकामा पनि विपद् व्यवस्थापन कार्ययोजना नभएको प्रमुख प्रशासकीय अधिकृत तेजकुमार ओलीले बताउनुभयो। सानीभेरी गाउँपालिकाले माइन्युटमा कार्ययोजना बनाए पनि त्यसलाई कार्यान्वयन गर्नका लागि संयन्त्र परिचालन गरेको छैन। गाउँपालिकाले व्यवस्थित कार्ययोजना निर्माण गरेको छैन।

जिल्ला प्रशासन कार्यालय रुकुमको तथ्यांकअनुसार बाँफिकोट गाउँपालिकामा २१ घरपरिवार बाढी पहिरोबाट पीडित भएका छन् भने २ घरपरिवार आगलागी पीडित छन्। उनीहरूलाई जिल्ला प्रशासन कार्यालयले ४ हजारको दरले राहत वितरण गरेको छ

जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले २० करोड ६५ लाख २ हजार ५ सयको क्षति भएको बताएको छ। जसअनुसार ४० लाख ४ हजार राहत वितरण भइसकेको छ। यस्तै आठबीसकोट नगरपालिकाको मात्र ३१ घर परिवारलाई प्रतिघर परिवार ५० हजारको दरले राहत वितरण भएको गर्ने जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले जनाएको छ। जिल्ला प्रशासन कार्यालयले राहतका लागि केन्द्रमा अनुरोध गरेको जनाएको छ। आठबीसकोट नगरपालिकामा सबैभन्दा बढी क्षति भएको र थप राहतका लागि केन्द्रमा माग गरिएको जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले जनाएको छ।

## लोप हुँदै पानी घट्ट

डोटी, (नेस)

डोटी जिल्लामा रैथाने पानी घट्ट लोप हुने अवस्थामा पुगेका छन्। जिल्लामा रैथाने प्रवृत्तिको रूपमा रहेका पानी घट्ट अहिले लोप हुने अवस्थामा पुगेका छन्। पुर्खाले घरेलु उद्योगका रूपमा प्रयोग गर्दै आएका पानी घट्टको साटो अहिले विद्युतीय मेसिनबाट चल्ने उद्योग सञ्चालनमा आएपछि रैथाने पानी घट्ट लोप हुने अवस्थामा पुगेको स्थानीय पूर्णबहादुर विष्टले बताउनुभयो।

पहिले चामल, धान, गहुँ, मकैलगायतका अन्नबाली पिस्नको लागि घट्टमा लिने गरिन्थ्यो, तर स्थानीय उद्योगको रूपमा परिचित पानी घट्ट अहिले लोप हुने अवस्थामा पुग्दा आफूले सञ्चालन गर्दै आएको पानी घट्ट अहिले अन्नबाली पिसानी गर्न पहिलेको भन्दा निकै कम आउने गरेको जोरायल गाउँपालिका-५ का स्थानीय रुपसिंह विष्टले बताउनुभयो।

## ४ वर्षमा १ सय १५ ले गरे आत्महत्या

बैतडी, (नेस)

आज सेप्टेम्बर १० अर्थात् विश्व आत्महत्या रोकथाम दिवस जनचेतनामूलक कार्यक्रम गरी मनाइरहेका बेला बैतडीमा आत्महत्या रोकथाम चुनौतीको रूपमा देखा परेको छ। प्रहरीको तथ्यांक हेर्दा गएको ४ वर्षमा जिल्लामा १ सय बढीले आत्महत्या गरेका छन्। विसं २०७१ साल साउनदेखि हालसम्म १ सय १५ जनाले आत्महत्या गरेका छन्।

बैतडीमा आत्महत्याको अवस्था डरलाग्दो भएकाले यसको न्यूनीकरणका लागि सचेतनात्मक कार्यक्रमको सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ। आत्महत्याको अवस्था डरलाग्दो भएकाले तत्काल कारण पत्ता लगाई न्यूनीकरण गर्न जरुरी रहेको प्रहरीको भनाइ रहेको छ। आत्महत्याको घटना कम गर्न प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार देहत्याग गर्नेको संख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७१/७२ मा १६ जनाले आत्महत्या गरेकामा २०७२/७३ मा २९ जनाले आत्महत्या गरेको देखिएको छ। यस्तै आर्थिक वर्ष २०७३/७४ मा आत्महत्या गर्नेको संख्या बढेर ३६ पुगेको छ भने गत आर्थिक वर्ष २०७४/७५ मा ३१ जनाले आत्महत्या गरेका छन्।

चालू आर्थिक वर्षमा हालसम्म ३ जनाले देहत्याग गरेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक कान्तिराज जोशीले जानकारी दिए। आत्महत्या कुनै एक व्यक्ति निकायले न्यूनीकरण गर्न नसक्ने र यसका लागि सबै पक्षले जनचेतनामूलक कार्यक्रममा जोड दिनुपर्ने उनको भनाइ छ।

के कति कारणले आत्महत्या हुन्छ त्यहीअनुसार जनचेतानका कार्यक्रम गर्नुपर्ने प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले बताए।

# ट्राफिक प्रहरीको नयाँ शैली

## नम्र बोली मीठो कारबाही

स्याङ्जा, (नेस)

तपाईं सवारीसाधन लिएर (चलाएर) सिद्धार्थ राजमार्गमा पोखराबाट बुटवल, बुटवलबाट पोखरा र स्याङ्जाका विभिन्न सडकमा हिँड्दै हुनुहुन्छ ? जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले यदि चालकले ट्राफिक नियम पालन गरे नम्र बोली र नियम उल्लंघन गरे मीठो कारबाही गर्ने रणनीति अपनाउने भएको छ।

'सवारी चालकले ट्राफिक नियम पालन गरे हामी उनलाई सम्मानसहित नम्र बोल्छौं', स्याङ्जा ट्राफिक प्रहरी प्रमुख रेशमबहादुर रानाभाटले भन्नुभयो- 'चालक सावधान नहुँदा सवारी दुर्घटना हुने गरेकाले अब कडा कारबाही होइन मीठो कारबाही गरेर सचेत गराउँछौं।'

'सकेसम्म हामी स्याङ्जालाई पूर्णरूपमा दुर्घटना शून्य जिल्ला बनाउने अभियान सञ्चालन गर्छौं', चितवनबाट हालै स्याङ्जाको ट्राफिक प्रहरीमा सरुवा भई आएका प्रहरी नायव निरीक्षक रानाभाटले भन्नुभयो- 'विद्यालयस्तरीय प्रशिक्षण, ट्राफिक प्रहरीको नम्र बोली, यात्रुलाई सचेतना र चालकलाई मीठो कारबाहीको अभियान चलाउनेछौं।'

जिल्लामा हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि १६ बुँदे अभियान थालेको ट्राफिक प्रहरीले सार्वजनिक सवारीसाधनलाई ट्राफिक नियम सतप्रतिशत पालन गर्न लगाउने प्रतिबद्धता जनाएको छ। 'दुर्घटना हुँदा मानव जीवन नै अन्त्य हुने भएकाले हामीले नियम पालनालाई कडाई गर्न लागेको हौं', रानाभाटले भन्नुभयो- 'चालकलाई पहिलो चरणमा प्रशिक्षित बनाउँदा समेत नमाने मीठो कारबाहीले सबक सिकाउँछ।'

'अन्य राजमार्गको तुलनामा घुम्ती बढी भएकाले सिद्धार्थ राजमार्गमा दुर्घटना कम हुने गरेको तथ्यांक छ', ट्राफिक प्रहरी हेमबहादुर मल्लले भन्नुभयो- 'अन्य राजमार्गको तुलनामा सिद्धार्थ राजमार्गमा दुर्घटना कमी हुने भए पनि हाम्रो प्रयास दुर्घटनालाई शून्यमा ल्याउने हो।'

जिल्लाका ११ स्थानीय तहमा समय-समयमा छडके चेकजाँच र राजमार्गमा नियमित चेकजाँज गर्ने तयारीमा रहेको जिल्ला ट्राफिक प्रहरीले नजिकिँदै गरेको नेपालीका ठूला चाडलाई मध्यनजर राख्दै अनुगमन टोलीले निर्धारित भाडादरमा बढी लिइएको पाइए नियन्त्रण गर्ने जनाएको छ। कार्यालयका अनुसार ट्राफिक प्रहरीले ग्यारेजदेखि सडकसम्म पहुँच पुर्‍याउने प्रयास गर्ने भएको छ।

'मोटरसाइकल चलाउँदा अनिवार्यरूपमा लगाउनुपर्ने हेलमेट त ट्राफिक प्रहरीलाई लगाइदिएजस्तो छ, हाम्रो बानी', स्थानीय तोयनाथ अर्यालले भन्नुभयो- 'ट्राफिक नियम लागू गराउन, आम नागरिकसँगको सम्बन्ध र बोलीचालीमा ट्राफिक प्रहरीले आमूल परिवर्तन गरेको आभाष भएको छ।'

# 'दुवै मित्र देशसँगको सम्बन्ध नयाँ उचाइमा'

गुल्मी, (नेस)

परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले सरकारले २ मित्रराष्ट्रसँगको सम्बन्ध नयाँ उचाइमा पुर्‍याएको बताएका छन्। सोमबार गुल्मीको रिडीमा नेपाली सेनाद्वारा निर्माणाधीन कालीगण्डकी करिडोरअन्तर्गत रिडी-रुद्रबेनी-पूर्तिघाट-बाग्लुङ सडकको १० किलो मिटर सडक रिडीमा सुचारु गर्दै कही मन्त्री ज्ञवालीले २ मित्र राष्ट्रसँगको सम्बन्ध नयाँ उचाइमा पुगेकाले विश्वमा नेपालको छविलाई उज्यालो भएको बताए।

'नेपालले सबै मित्र राष्ट्रसँग मित्रतालाई कायम राख्दै नेपालको हितलाई प्राथमिकतामा राखेर अगाडि बढेका छौं' -मन्त्री ज्ञवालीले भने। नेपालको कुनै देशसँग वैरभाव नभएको उनले बताए। मन्त्री ज्ञवालीले शान्ति सदभाव कायम राख्दै सबै मित्रसँग अगाडि बढ्न चाहेको बताए।

विश्वमै आर्थिक हिसाबले फड्को मारिरहेका २ छिमेकी मित्रसँग सुध्रिएको सम्बन्धले नेपाललाई धेरै फाइदा मिल्ने मन्त्री ज्ञवालीको भनाइ छ। उनले नेपाली सेनाद्वारा निर्माणाधीन कालीगण्डकी करिडोर सडकको १० किलो मिटर सडक चौडा पार्ने काम तोकिएको समयमै पूरा गरेकामा नेपाली सेनालाई धन्यवाद दिए। उनले यो करिडोरलाई पूरा गर्न उच्च प्राथमिकता दिन मित्र राष्ट्र चीनलाई आग्रह गरेको समेत बताए।


**खनियाबास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दार्खा, धादिङ
३ नं. प्रदेश, नेपाल

**कर्मचारी करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७५/०५/२६**

यस खनियाबास गाउँ कार्यपालिका र अन्तर्गत वडा कार्यालयमा देहायका पदमा खुल्ला प्रतियोगिताद्वारा कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन) सम्म राजश्व तिरेको रसिद सहित यस गा.पा.को कार्यालयमा दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | सेवा | समूह | श्रेणी | संख्या | रिक्त स्थान |
|---|---|---|---|---|---|---|
| १-०७५/०७६ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | रा.प. तृतिय | १ | गा.पा. |
| २-०७५/०७६ | सब-इन्जिनियर | इन्जिनियरिङ | सिभिल | रा.प.अनं. प्रथम | १ | गा.पा. |
| ३-०७५/०७६ | सूचना प्रविधि अधिकृत | विविध | | रा.प. तृतिय | १ | गा.पा. |
| ४-०७५/०७६ | कृषि प्राविधिक सहायक | नेपाल कृषि | | रा.प.अनं. प्रथम | १ | गा.पा. |
| ५-०७५/०७६ | अनमी | स्वास्थ्य | | सहायक चौथो | २ | सा.स्वास्थ्य इकाई |
| ६-०७५/०७६ | कार्यालय सहयोगी | प्रशासन | | श्रेणी विहिन | १ | वडा नं. ५ |
| ७-०७५/०७६ | हेभी सवारी चालक | प्रशासन | | श्रेणी विहिन | १ | गा.पा. |

**१. योग्यता :**
१) वि.नं. १ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।
२) वि.नं. २ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरेको।
३) वि.नं. ३ का लागि लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा सूचना तथा सञ्चार प्रविधि वा सो सरह को विषयमध्ये कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेको।
४) वि.नं. ४ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा I.Sc.Ag. वा सो सरह उत्तीर्ण गरेको।
५) वि.नं. ५ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी अ.न.मी.कोर्ष उत्तीर्ण गरेको।
६) वि.नं. ६ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरेको।
७) वि.नं. ७ का लागि हेभी सवारी चालक अनुमतिपत्र भएको तथा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

(नोटः इन्जिनियर, तथा अनमीको हकमा सम्वन्धित विषयको परिषदमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र विदेशी शैक्षिक संस्थाको हकमा समकक्षता पत्र समेत पेश गर्नु पर्ने छ।)

२) **तलब स्केल** : विज्ञापन नं. ५ का लागि मासिक रु. १५,०००/- र अन्य को हकमा नेपाल सरकारको प्रचलित स्केल बमोजिम।
३) **परिक्षाको किसिम** : प्राविधिक कर्मचारीहरुको हकमा खनियाबास गा.पा.को प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम संक्षिप्त सुचिकरण तथा अन्तरवार्ता र अन्यको हकमा अन्तरवार्ता मात्र।
४) **दरखास्त फारम दस्तुर** : वि.नं. १ र ३ का लागि रु. १,०००/-, वि.नं. २ र ४ का लागि रु. ७००/- र अन्यका हकमा रु. ५००/-।
५) **आवेदन दिनुपर्ने अन्तिम मिति** : २०७५/०६/०९ (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र)।
६) **आवेदन बुझाउनु पर्ने स्थान** : खनियाबास गाउँपालिकाको कार्यालय प्रशासन शाखा, दार्खा, धादिङ।
७) **आवश्यक कागजात** : आवेदनको साथमा व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
८) **काम गर्नुपर्ने स्थान** : खनियाबास गाउँपालिकाको कार्यालय तथा अन्तर्गतको वडा कार्यालयहरु।
९) **कार्य अवधी** : करार सम्झौता बमोजिम।

(विस्तृत जानकारीका लागि खनियाबास गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।)

**प्रमुख प्रशासकिय अधिकृत**

# विश्व

**आक्रमण**
लिबियाको त्रिपालीस्थित नेसनल आयल कर्पोरेसनको प्रधान कार्यालयमा एक सशस्त्र समूहले आक्रमण गरेको प्रहरीले जनाएको छ।



**रिहा**
राष्ट्रघातीको अभियोगमा मुद्दाको पखाइमा बसेका क्याम्बोडियाली विपक्षी राजनीतिक नेता केम सोखालाई रिहा गरिएको छ।



2018, SEP
Tuesday
11

विश्व २ मिनेट

**क्याम्बोडिया**

## विपक्षी नेता रिहा

नोमपेन्ह, (एजेन्सी)

राष्ट्रघातीको अभियोगमा मुद्दाको पखाइमा बसेका क्याम्बोडियाली विपक्षी राजनीतिक नेता केम सोखालाई अनपेक्षितरूपमा सोमबार सरकारले कारगारमुक्त गरेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। अहिले जमानतमा रिहा गरिएका सोखामाथि स्वतन्त्र हिँडडुल तथा सञ्चार सम्पर्कमा प्रतिबन्ध लगाइएको उनको पारिवारिक सूत्रले जनाएको छ। राजनीतिक पूर्वाग्रह राखेर उनलाई सन् २०१७ मा गिरफ्तार गरिएको थियो। सरकारले उनको नेतृत्वमा रहेको पार्टी विघटन गरेपछि विपक्षीरहित वातावरणमा सत्तारुढ पार्टीले यसै वर्षको शुरूमा अत्यधिक बहुमतले चुनाव जितेको थियो।

**अमेरिका**

## धन्यवाद ज्ञापन

वासिङ्टन (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाको ७०औं वार्षिकोत्सवमा राजधानी प्योङयाङमा आइतबार आयोजित विशेष सैनिक परेड कार्यक्रममा सकारात्मक परिवर्तन ल्याइएकोमा सर्वोच्च नेता किम जोङ उनलाई धन्यवाद ज्ञापन गरेका छन्। यसपालि सो परेडमा परम्परागतरूपमा राखिँदै आएको अन्तरमहादेशीय क्षेप्यास्त्रहरू प्रदर्शन गरिएको छैन। गत १२ जुनमा सिंगापुरमा किमसँग भेटवार्ता गरेर निशस्त्रीकरणका लागि महत्त्वपूर्ण पहल गरेका ट्रम्पले ट्विटरमार्फत किमलाई धन्यवाद व्यक्त गरेका हुन्। अहिले किमको ध्यान आर्थिक समृद्धितर्फ केन्द्रित रहेको बताइएको छ।

**उज्वेकिस्तान**

## इमामलाई हटाइयो

तासकन्द, (एजेन्सी)

उज्वेकिस्तानका एक इमामले महिलालाई हिजाब लगाउने र पुरुषलाई दाढी पाल्ने जस्ता इस्लामिक धार्मिक प्रतीकमाथिको प्रतिबन्ध हटाउन माग गरेपछि राष्ट्रपति सावकत मिरजियोयेवले उनलाई पदबाटै हटाइदिएका छन्। सन् २०१६ मा सत्तामा आएका मिर्जियोयेवले धार्मिक स्वतन्त्रतामाथि लगाइएका रोकमाथि खुकुलो पार्दै आएको थियो। उनको यो प्रचारात्मक नीति भएको पनि बताइएको छ। उनको सरकारले धार्मिक पहिरन हिजाब जस्ता कुरामा लामो समयदेखि लगाइएको प्रतिबन्धलाई भने हटाएको छैन। राष्ट्रपतिको यस कदमलाई लिएर तासकन्दका ती इमामले कडा आलोचना गरेका थिए।

**साउदी अरेबिया**

## खाना खाएका कारण पक्राउ

रियाद, (एजेन्सी)

एक इजिप्सियन पुरुषले महिलासँग नास्ता गरिरहेको एउटा भिडियो ट्विटरमा भाइरल भएपछि ती व्यक्तिलाई प्रहरीले गिरफ्तार गरेको छ। सो भिडियोमा ती व्यक्ति बुर्का लगाएकी महिलासँगै बसेर नास्ता गरिरहेका देखिन्छन्। अधिकांशले बुर्कामा छोपिएकी उनी साउदी भएको अनुमान गरेका छन्। साउदी अरेबियाको प्रचलित कानुनअनुसार कार्यस्थल वा म्याकडोनाल्डस र स्टार बक्स जस्ता स्थानमा खाना खाँदा पनि महिलाहरूले अविवाहित पुरुषभन्दा परै बसेर खाना खानुपर्दछ। साउदी महिलाले आफ्नै परिवारका पुरुषको उपस्थितिबिना अधिकांश गतिविधि गर्न पाउँदैनन्।

# चीन-पाक कोरिडोर पश्चिमतर्फ विस्तार हुने

बेइजिङ, (एजेन्सी)

पाकिस्तान अधिनस्थ कास्मिर भएर गएको चीन पाकिस्तान आर्थिक मार्ग (सीपीईसी) लाई पाकिस्तानको पश्चिमसम्म विस्तार गर्ने चीनले जनाएको छ।

चीनले यसअघि अफगानिस्तानलाई उसको पश्चिम भागबाट सीपीईसीमा सहभागी हुन आमन्त्रण गरिसकेको छ। यसअघि पश्चिमस्थित इरानले परियोजनामा सहभागी हुने रुची देखाएको थियो। चीनको विदेश मन्त्रालयका प्रवक्ता गेङ सुआङले भने- 'दुवै पक्षले सीपीईसीलाई अगाडि बढाउनेछ। पाकिस्तानको आर्थिक विकास र पाकिस्तानी जनताको आवश्यकतालाई ध्यानमा राखी हामी सीपीईसीका लागि मार्ग र सहयोगको पहिचान गर्नेछौं।'

'हामी औद्योगिक सहयोग र जनताको जीविकासँग जोडिएका परियोजनामा तीव्रता ल्याउनेछौं र सीपीईसीलाई पश्चिमी इलाकासम्म विस्तार गर्नेछौं र धेरैभन्दा धेरै जनतालाई यसबाट फाइदा पुऱ्याउनेछौं।' -उनले भने।




सीपीईसीमा चीनको सिनजियाङस्थित कासगर र पाकिस्तानको ग्वादर बन्दरगाहलाई जोड्ने परिकल्पना गरिएको छ। गेगले चीनका विदेशमन्त्री वाङ यीले गत हप्ता गरेको ३ दिवसीय पाकिस्तान भ्रमणका विषयमा सोधिएको एक प्रश्नको जवाफमा उक्त कुरा बताएका थिए। पाकिस्तान भ्रमणका क्रममा वाङ यीले पाकिस्तानका नयाँ प्रधानमन्त्री इमरान खानसँग भेटेका थिए।

### सिपेकप्रति पाकिस्तान आशंकित

चीन-पाक आर्थिक मार्गका विषयमा इमरान खानको नयाँ सरकारले उक्त परियोजना सीपेक सम्झौता अनुचित बताएको छ। बेलायतको एक प्रमुख अखबार फाइनान्सियल टाइम्सले आफ्नो एक समाचारमा यस सम्झौताले चिनियाँ कम्पनीलाई मात्र एकतर्फी फाइदा भइरहेको उल्लेख गर्दै पाकिस्तानले त्यसलाई 'अनुचित' बताएको उल्लेख गरेको छ।

पाकिस्तानका अधिकारीहरूलाई उद्धृत गर्दै इमरान सरकार चीनको बेल्ट एन्ड इनिसिएटिभ (बीआरआई)मा आफ्नो भूमिकाको समीक्षा गर्ने बताएको यूके डेलीले जनाएको छ। पाकिस्तानले एक दशकभन्दा अगाडि भएका व्यापार सम्झौतालाई पुन: समीक्षा गर्ने जनाएको छ।

'सिपेकमा चीनसँग सम्झौता गर्ने बेला पाकिस्तानको अघिल्लो सरकारले धेरै गल्ती गरेको छ। उनीहरूले गृहकार्य सही तरिकाले गरेनन् र यसबाट धेरैभन्दा धेरै फाइदा हुने गरी उनीहरूले सम्झौता गरेनन्।' -प्रधानमन्त्री इमरान खानका वाणिज्य, कपडा उद्योग तथा उत्पादन र लगानी मामिलाका सल्लाहकार अब्दुल रज्जाकले बताए।

यसैबीच इमरान खानले आइतबार चीनसँग सर्वकालीन मित्रता पाकिस्तानको विदेश नीतिको आधारशीला बताएको समाचार एजेन्सी पीटीआईले जनाएको छ। उनले ५० अर्ब डलरको सिपेक परियोजना लागू गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए। चिनियाँ विदेशमन्त्री वाङ यीले खानसँगको भेटवार्तामा नयाँ सरकारसँग सम्बन्ध बलियो बनाउने इच्छा व्यक्त गरेका थिए।

चिनियाँ कम्पनीहरूलाई कर छुटसहित पाकिस्तानमा कयौं फाइदा भइरहेकाले यो अनुचित भएको र पाकिस्तानका कम्पनीहरूलाई घाटा भइरहेको पाकिस्तानी प्रधानमन्त्रीका सल्लाहकार दाउदले बताए।

# पेरिस छुराकाण्डमा ७ घाइते

पेरिस, (एजेन्सी)

फ्रान्सको प्रहरीले सोमबार राजधानी पेरिसमा छुरा प्रहार गरी ७ जनालाई घाइते बनाउने एक पुरुषलाई हिरासतमा लिएको सुरक्षा सूत्रले जनाएको छ। नाम नखुलाइएका ती व्यक्तिले अचानक सडकमा पर्यटक तथा बटुवामाथि आक्रमण गर्दा चार जनाको स्थिति भने गम्भीर रहेको प्रहरीले जनाएको छ।

ती मानिस पेरिसको १९औं जिल्लाको एउटा नहर नजिक फ्रेन्च वाउलिङ खेल पेतान्क्यु खेरिहेका व्यक्तिहरू माझ छुरा र फलामको डन्डी लिएर आक्रमणका लागि आएका थिए।

अन्तत: उनलाई खेलाडीहरूले फलामको बलले हिर्काएर नियन्त्रणमा लिएका थिए। अफगान नागरिक रहेको बताइएका उनलाई तत्कालै प्रहरीको जिम्मा लगाइएको थियो।

अहिले यस घटनालाई पर्यटकमाथिको आक्रमणका रूपमा मात्र हेरिएको छैन। पीडितमा करिब ५० वर्ष उमेर हाराहारीका २ जना बेलायती पर्यटक पनि रहेका छन्। तिनीहरूको छाती र पेटमा गम्भीर चोट लागेको बताइएको छ। ती व्यक्तिले शुरूमा आउर्क नहर नजिकको क्वाइ डे लोइरेस्थित एमके-२ सिनेमामा दुई पुरुष र



एक महिलामाथि छुरा प्रहार गरेका थिए।

प्रत्यक्षदर्शी २८ वर्षीय युस्सेफ नाजाहले छुरा लिएर एक जना दौडेर आइरहकेको र उनलाई लखेट्दै आएका करिब २० जनामध्ये केहिले उनलाई फलामको बलले हिर्काएको बताएका छन्।

# गोरखामा भेटियो चिनियाँको १० किलो सुन

नेपाल समाचारपत्र

गोरखा

शनिबार गोरखाको चुमनुब्री गाउँपालिकास्थित सिर्दीबासबाट भेटिएको १० किलो सुन चिनियाँ नागरिक च्याङ्चिनको भएको गोरखा प्रहरीले जानकारी दिएको छ।

शनिबार नियमित चेकजाँचका क्रममा सिर्दीबास प्रहरी चौकीले कम्मरमा पेटीसँगै बाँधेर सुन ल्याएको अवस्थामा चुमनुब्री गाउँपालिका-७ छेकम्पारका नुटुप लामा र लोप्चन तेन्जेनलाई पक्राउ गरेको थियो। पक्राउपछि उनीहरूले प्रहरीलाई दिएको बयानका आधारमा सुन सबै चिनियाँ नागरिकको भएको पत्ता लागेको जिल्ला प्रहरी कार्यालय गोरखाका एसपी विमल बस्नेतले जानकारी दिनुभयो।

दुई जनाले ५-५ किलो सुन कम्मरमा बाँधेर ल्याएको अवस्थामा पक्राउ गरिएको थियो। उनीहरूलाई गोरखा प्रहरीले सोमबार गोरखामा पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ।

'उनीहरू दुवैले सुन चिनियाँ नागरिकको हो भनेका छन्', एसपी बस्नेतले भन्नुभयो- 'उनीहरूले पहिलोपटक सुन बोकेर काठमाडौं जान लागेको बताएका छन्।' केही दिनअघि खाद्यान्न लिन जाँदा चिनियाँ नागरिकसँग भेटघाट गरी उनीहरूले १० किलो सुन काठमाडौं पुऱ्याउने जिम्माका साथ बोकेर काठमाडौं हिँडेका थिए। अहिले पक्राउ परेका दुई जनालाई चुमनुब्रीकै पासाङले चिनियाँ नागरिकसँग चिनजान र भेटघाट गराएको प्रहरी अनुसन्धानपछि



खुलेको छ।

पक्राउ परेका दुवैले चिनियाँ नागरिक च्याङ्चिनले सुन काठमाडौं पुऱ्याए नेपाली ५० हजार रुपियाँ दिने बताएपछि उनीहरूले सुन बोकेको प्रहरीलाई बताएका छन्।

'च्याङ्चिनले सुनसहित पक्राउ परेका दुवैको मोबाइल नम्बर लिएर काठमाडौं पुगेपछि फोन गर्ने र ५० हजार रुपियाँ दिने वाचाका साथ पठाएको रहेछ' -एसपी बस्नेतले भन्नुभयो। उनीहरूले काठमाडौंको न्युरोडमा सुन पुऱ्याउने जिम्मा पाएका थिए। न्युरोड कहाँ कसलाई बुझाउन लागेको भन्नेबारे पनि प्रहरीले अनुसन्धान थालेको छ।

च्याङ्चिनले दिएको १० किलो सुन बोकेर उनीहरू छेकम्पार हिँडेका थिए। उनीहरूले प्रहरीलाई दिएको बयानमा जोङगोङ बजारबाट नेपालको सीमानासम्म ट्याक्टरमा चढेर आएको र त्यसपछि हिँडेर छेकम्पार हुँदै काठमाडौं जान सिर्दीबास झरेको बताएका छन्।

सिर्दीबास प्रहरी चौकीमा पक्राउ परेका उनीहरूले प्रहरी नायव निरीक्षक तुलबहादुर सेनलाई सुनको ५ वटा बिस्कुट दिन्छु भन्दै फकाउनसमेत भ्याएका थिए। 'मलाई नै ५ वटा बिस्कुट दिन्छु छोडिदिनु भनेर फकाएका थिए', सेनले भन्नुभयो- 'मैले तिमीहरूलाई कुनै हालतमा छोड्दिनँ भनेपछि १० वटा बिस्कुट नै दिन पनि तयार भएका थिए। मैले देशका लागि कसम खाएर काम गरेको मान्छे हुँ भन्दै जिल्लामा जानकारी गराएँ।'

# नक्कली क्रेडिट कार्ड बनाई रकम निकाल्ने पक्राउ

काठमाडौं, (नेस)

नक्कली क्रेडिट कार्ड बनाई रकम निकालेको अभियोगमा प्रहरीले ५ जनालाई पक्राउ गरेको छ। विभिन्न देशका व्यक्तिको क्रेडिट कार्डको डाटा ह्याक गरी नेपालका विभिन्न बैंक खाताबाट रकम निकालेको अभियोगमा ५ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा काभ्रेका बिजयदोङ लामा, काठमाडौंका अनुज नकर्मी, भारतका विकास गोसाईं, बिटु गौतम, जिन्टुजोए रहेका छन्। बैंकमार्फत उपलब्ध गराइएको डाटा कार्डरिडर मेसिन प्रयोग गरी रकम निकाल्ने कार्यमा संलग्न उनीहरूलाई काठमाडौं ठमेलबाट पक्राउ गरिएको हो। प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# हृदयरोगसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शुरू

काठमाडौं, (नेस)

नेपालमा सोमबारदेखि चारदिने हृदयरोगको बृहत् अनुसन्धानात्मक पहिलो अन्तर्राष्ट्रिय सम्मेलन शुरू भएको छ।

विश्वमै नसर्ने रोगको प्रकोप बढेको सन्दर्भलाई लिएर धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालय र नेसनल हर्ट लङ एन्ड ब्लड इन्टिच्युटद्वारा संयुक्तरूपमा आयोजित उक्त सम्मेलनमा भारत, चीन, घाना, केनिया, रुवान्डा, ग्वाटामाला, अमेरिकालगायत १० देशका मुटुरोग विशेषज्ञ सहभागी छन्।

सम्मेलनमा मुटुरोगबारे अध्ययन अनुसन्धान, मुटुरोगीलाई सहुलियत दरमा उपचार गर्ने र रोग नै लाग्न नदिने उपायसम्बन्धी जनचेतना बढाउने विषयमा छलफल हुने कार्यक्रम निर्देशक डा. अर्चना श्रेष्ठले जानकारी दिनुभयो।

सम्मेलनमा अमेरिकास्थित युनियन अफ वासिङ्टन, हार्डबर्ड विश्वविद्यालय, युनिभर्सिटी अफ विसकनसेनका डा. अनेट टिट्जप्याट्रिक, डा. लिस्वान्डा प्राइस, डा. ब्राड न्यसम, डा. जार्ज मेन्सालगायतले खानपान र व्यायाम अभावका कारण पनि मुटुरोग लाग्ने भएकाले यसमा ख्याल गर्नुपर्ने बताउनुभएको थियो।

सोही अवसरमा उक्त परियोजनाका अध्यक्ष एवं काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सेसज्का डीन डा. राजेन्द्र कोजुले 'नेपालमा मुटुरोगीहरूको अवस्था र निवारणका लागि नीतिगतरूपमा सुधारको खाँचो' र वरिष्ठ कार्डियो थेरासिस सर्जन प्राडा भगवान् कोइरालाले 'कार्डियो भाष्कुलर डिजिज प्रिभेन्सन मेनेजमेन्ट नेपाल' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

स्वास्थ्य मन्त्रालयका योजना शाखाका प्रमुख डा. विकास देवकोटा, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. गुणराज लोहनी, नेपाल हार्ट फाउन्डेसनका निर्देशक डा. प्रकाशराज रेग्मी, परियोजनाका परिकल्पनाकार तथा सहनिर्देशक डा. विराजमान कर्माचार्यले विभिन्न सन्दर्भमा आ-आफ्नो भनाइ राख्नुभएको थियो।

### १९४ दिनका...

त्यसपछि कामु प्रधानन्यायाधीश दीपकराज जोशीको नाम प्रधानन्यायधीशमा सिफारिस गरिए पनि संसदीय समितिले अस्वीकृत गरेको थियो।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानन्यायधीश मिश्रलाई सोमबार शपथ खुवाउनुभयो। उहाँले अदालतलाई भ्रष्टाचार र बिचौलियामुक्त बनाउने दाबी गर्नुभएको छ। २०७५ साउन २० गते कायममुकायम प्रधानन्यायाधीश हुनुभएका मिश्र ०७१ जेठ १३ गते सर्वोच्चमा न्यायाधीश नियुक्ति हुनुभएको हो। प्रधानन्यायाधीशमा जोशीको नाम अस्वीकृत भएपछि संवैधानिक परिषद्ले भदौ ७ गते उहाँको नाम सिफारिस गरेको थियो।

सोमबार नै समिति सदस्यहरूले उहाँसँग न्यायालयसँग जोडिएका प्रश्न सोधेका थिए। समिति सदस्यहरू योगेश भट्टराई, पुष्पा भुसाल, पार्वत गुरुङ, जितेन्द्रनारायण देव, ज्ञानेन्द्रबहादुर कार्की, राजेन्द्र श्रेष्ठलगायतले उहाँसँग न्यायीक क्षेत्रसँग सम्बन्धित प्रश्न सोध्नुभएको थियो।

त्यस क्रममा मिश्रले न्यायपालिकाको भावी कार्यदिशाबारे कार्ययोजना पेस गर्दै यो वर्षलाई फैसला कार्यान्वयन वर्षका रूपमा घोषणा गर्नुभएको थियो। करिब १ लाख १२ हजार वर्षको कैद र करिब १० अर्ब जरिवाना असुल हुन बाँकी रहेको बताउँदै मिश्रले अदालतबाट दण्ड जरिवाना लागेका १ लाख बढी व्यक्तिलाई पक्राउ गर्नुपर्ने अवस्था रहेको स्वीकार्नुभयो। उहाँले भन्नुभयो- 'सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा यो वर्षलाई फैसला कार्यान्वयन वर्षका रूपमा घोषणा गरी दण्ड, जरिवाना, असुलीलाई अभियानका रूपमा कार्यान्वयनमा ल्याउने प्रयास गर्नेछु।'

यसैबीच पूर्वकामु प्रधानन्यायाधीश जोशी आजबाट वरिष्ठतम् न्यायाधीशका रूपमा सर्वोच्च अदालत फर्कनुहुने भएको छ। उहाँले आफू सोमबारसम्म बिदामा बसेकाले नियमित काममा फर्कने लागेको बताउनुभयो।

नवनियुक्त प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले पदभार सम्हाल्दै राजनीतिक आस्थाका आधारमा न्यायाधीश नियुक्ति नगर्ने बताउनुभयो।

### असन्तुष्ट...

टोलीले सिंहदरबारभित्रै कार्यालय स्थापना गरी आफ्नो काम शुरू गरेको छ। गृह मन्त्रालयसँग समन्वय गरेर समितिले आफ्नो काम शुरु गरिसकेको संयोजक पाण्डेयले बताउनुभयो। सरकारले वार्तामा आउन आग्रह गरेलगत्तै सो वार्ता टोलीसँग वार्तामा नबस्ने नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले स्पष्ट पारेको छ। सरकारी वार्ता टोलीलाई मधेस आन्दोलनलगायत अन्य आन्दोलन र सरोकारवाला पक्षसँग सरकारको तर्फबाट वार्ता गरी सहमति, सम्झौता, समझदारीका विषयमा अध्ययन-विश्लेषण गरी कार्यान्वयन गर्नका लागि आवश्यक सुझावहरू नेपाल सरकारलाई सिफारिस गर्ने कार्यादेश तोकिएको छ। विगतको संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति र अन्य वार्ता समितिले विभिन्न सशस्त्र तथा नि:शस्त्र समूहसँग वार्ता गरेको थियो। त्यति बेला वार्ता हुन नसकेका समूहसँग वार्ता गर्ने म्यान्डेट पनि यो टोलीलाई दिइएको छ।

विप्लव नेतृत्वको नेकपाका नेता कलम बडुवालले सरकारले वार्ताको नाममा नौटंकी गरेको बताउनुभएको छ। बडुवालले भन्नुभयो- 'सरकारले एकातिर वार्ता टोली गठन गरेको छ भने अर्को पार्टीका प्रवक्तादेखि पोलिटब्युरो सदस्यहरू, केन्द्रीय नेताहरू र कतिपय जिल्लास्तरका नेतालाई झुटा मुद्दा लगाएर जेल कोच्ने रणनीतिमा देखिन्छ। यसले पनि सरकार वार्ताको पक्षमा नभएर दमनको पक्षमा नै अगाडि बढेको देखाउँछ।'

# जोकोभिच पुगे साम्प्रासको बराबरीमा

न्युयोर्क, (एजेन्सी)

नोभाक जोकोभिचले यस वर्षको युएस ओपनको उपाधि जितेर अमेरिकाका महान् खेलाडी पिट साम्प्रासको उपलब्धिसँग बराबरी गरेका छन्।

आइतबार भएको खेलमा अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रोलाई सिधा सेटमा हराएर जोकोभिचले करियरको १४औं ग्रान्डस्लाम उपाधि जितेका हुन्। योसँगै साम्प्रास र सर्बियाली खेलाडीको ग्रान्डस्लाम उपाधि संख्या बराबरी भएको छ। पुरुष सिंगल्सतर्फ ग्रान्डस्लाम जित्ने सूचीमा उनीहरुभन्दा अगाडि स्विट्जरयान्डका रोजर फेडेरर (२०) र स्पेनका राफाल नाडाल (१७) रहेका छन्।

३१ वर्षीय जोकोभिचले फाइनल खेल ६-३, ७-६, ६-३ ले जित्दै न्युयोर्कमा तेस्रो उपाधि जितेका थिए। उनले यसै वर्ष जुलाईमा सम्पन्न विम्बल्डनमा उपाधि हात पारेका थिए। लगातार दुई ग्रान्डस्लाम उपाधिसँगै उनी विश्व वरियताको तेस्रो स्थानमा पुग्नेछन्।



**जोकोभिचको १४ ग्रान्डस्लाम उपाधि**

**अस्ट्रेलियन ओपन**
२००८, २०११, २०१२, २०१३, २०१५, २०१६

**फ्रेन्च ओपन**
२०१६

**विम्बल्डन**
२०११, २०१४, २०१५, २०१८

**युएस ओपन**
२०११, २०१५, २०१८

# फिना च्याम्पियनसिपका लागि खेलाडी छनोट

काठमाडौं, (नेस)

कुल आठौं एनएसए कप खुला तथा उमेर समूह पौडी प्रतियोगिता २०७५ बाट चीनमा हुने १४औं फिना विश्व च्याम्पियनसिपका लागि खेलाडी छनोट भएका छन्। आगामी डिसेम्बर ११ देखि १६ तारिखसम्म चीनको ह्वाङजाउ सहरमा हुने उक्त २५ मिटर दुरीको प्रतियोगिताका लागि नेपालबाट ४ खेलाडी छनोट भए। जसमा पुरुषतर्फ शुभम श्रेष्ठ र अनुभव सुब्बा तथा महिलातर्फ टिशा शाक्य र डुवाना लामा छनोट भए। यस्तै वैकल्पिक खेलाडीमा पुरुषमा सैयद हमजा शाह र महिलामा उपास्ती महर्जनलाई राखिएको छ।

# प्रधानसेनापति ट्रफी खेलकुद शुरू

काठमाडौं, (नेस)

प्रधानसेनापति ट्रफी खेलकुद प्रतियोगिता २०७५ सोमबारदेखि थालनी भएको छ।

उद्घाटनको दिन ४ सय मिटर र ८ सय मिटर दौडको फाइनल खेल सम्पन्न भयो। प्रतियोगितामा एथ्लेटिक्स, स्विमिङ, बक्सिङ, तेक्वान्दो, भलिबल, बास्केटबल, फुटबल, कबड्डी, साइक्लिङ र ह्यान्डबल विधाका खेलहरु समावेश गरिएको छ।

असोज १९ गतेसम्म चल्ने प्रतियोगिता भद्रकालीस्थित नेपाली सेनाको खेलकुद मैदानको अलवा छाउनीस्थित जगदल गण र लगनखेलस्थित सैनिक शारीरिक तथा खेलकुद केन्द्रमा सञ्चालन हुनेछ।

## धरहरा

# तीजको लहर



तीज परम्परा कि विकृति ? के हो छुट्याउन धरहरालाई निकै गाह्रो हुन थाल्या छ। चिरिच्याट्ट भएर घरबाट फुत्त फुत्त निस्कने महिलावृन्दहरुको ताँती दिनैपिच्छे देखिन्छ। 'टाढै हो?' प्रश्न उच्चारण गर्नै पर्दैन, प्रश्नको आशय बुझेर हो कि के हो हतारिँदै जवाफ आउँछ- 'आज तीजको जमघट छ।'

अन्य दिन ठुस्किने, बोल्दा पनि पैसा पर्छ जसो गर्नेहरु मुस्कानसहितको जवाफ फर्काउँछन् भन्या। सहर बजारमा मुस्कान माहोल देखिन थाल्या २/३ साते भइसक्यो। यस्तो लहरले सरकारी कार्यालयलाई पनि धपक्कै छोप्या धेरै दिन भयो। केही काम लिएर कार्यालय पुग्यो भने महिलावृन्द देखिनै गाह्रो। गतहप्ता खै कुन विभागको तीज रे, हिजो अस्ति अर्कै विभाग र कहिले चाहिँ कुन महाशाखाको बुझिनसक्नु छ।

सरकारी कार्यालय मात्रै होइन, २/४ दिन अघिदेखि मन्त्रालयलाई पनि उस्तै हावापानीले छोप्या छ। नेपाल वायुसेवा निगमको कार्यालयको छतमा केही दिनअघिदेखि नै चर्को ध्वनिसहितको जमघट धरहराले देखेकै हो। निगमले तीजकै मौलिक गीत नभेटेर हो कि, चल्तीका विदेशी आइटम गीत खुब घन्कायो। अनि म्याडमहरुले कम्मर मर्काएको हेर्न सरहरु लाइनै लागेको देख्दा धरहरा निकै छक्क पर्‍या छ।

# कूकको अन्तिम खेल अविस्मरणीय बन्यो

लन्डन, (एजेन्सी)

एलेस्टेर कूकले भारतविरुद्ध जारी ५ खेलको टेस्ट सिरिजअन्तर्गत पाँचौं तथा अन्तिम खेलमा सतक प्रहार गरेर आफ्नो अन्तिम खेललाई अविस्मरणीय बनाएका छन्।

कूकले करियरको ३३औं टेस्ट सतक बनाएका हुन्। ओपनर ब्याट्सम्यान तथा पूर्वकप्तान कूकले यो खेल हुनुअगाडि नै अन्तर्राष्ट्रिय करियर समाप्त गर्ने घोषणा गरेका थिए। २००६ मा टेस्टमा डेब्यु गरेका उनी डिसेम्बर २०१७ पछि सतकमा पुग्न सकेका थिए।



सतकपछि कूक टेस्टमा सर्वाधिक रन बनाउने सूचीमा पाँचौं स्थानमा उक्लिए।

उनले श्रीलंकाका पूर्वब्याट्सम्यान कुमार सांगाकारालाई छैटो स्थानमा धकेलेका थिए।

अन्तिम खेलमा उनले १सय ४७ रन बनाएर आउट भए। उनलाई बिहारीले आउट गरेका थिए। उनले १ सय ६१ टेस्टमा ३३ सतक र ५७ अर्धसतकसहित १२ हजार ४ सय ७२ रन बनाएका छन्।

# पिस प्वाइन्टको ह्याट्रिक

नेपाल समाचारपत्र

काठमाडौं

आयोजक पिस प्वाइन्टले तेस्रो पिस प्वाइन्ट कप अन्तरविद्यालय फुटबल प्रतियोगिताअन्तर्गत ब्वाइजतर्फको उपाधिमाथि ह्याट्रिक गरेको छ।



सानो गौचरणमा सोमबार भएको फाइनलमा पिस प्वाइन्टले जगत मन्दिरलाई ३-२ गोलअन्तरले पराजित गऱ्यो। तीनै गोल अनिल चौलागाईंले गरेका थिए। अंकुरले रिभेरालाई २-० गोलले हराउँदै तेस्रो स्थान हात पाऱ्यो। शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १५ हजार, ७ हजार र ५ हजार नगद पुरस्कार प्राप्त गरे।

गर्ल्सको उपाधि भिडन्तमा गत संस्करणको उपविजेता क्याम्ब्रिजले डिफेन्डिङ च्याम्पियन पिस प्वाइन्टलाई १-० गोलअन्तरले हराएर उपाधि हासिल गऱ्यो। जेशिका सिंह श्रेष्ठले निर्णायक गोल गरिन्। केभीएसबाट वाक ओभर पाएको एजीएम तेस्रो भयो। शीर्ष तीन टोलीले क्रमशः १० हजार, ७ हजार र ५ हजार नगद पुरस्कार जिते।

ब्वाइजतर्फ गोलरक्षकमा जगत मन्दिरका राहुल सुनुवार तथा डिफेन्समा पिस प्वाइन्टका बलबहादुर थापा उत्कृष्ट चुनिए। गर्ल्समा पिस प्वाइन्टकी एनी तामाङ उत्कृष्ट डिफेन्डर तथा क्याम्ब्रिजकी महिष्मा राई उत्कृष्ट गोलरक्षक चुनिए।

# इनोभेटिभ र रिलायन्स फाइनलमा

काठमाडौं, (नेस)

इनोभेटिभ र डिफेन्डिङ च्याम्पियन रिलायन्स २५औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबलको गर्ल्सतर्फ सोमबार फाइनलमा प्रवेश गरेका छन्।

इनोभेटिभले श्रीदिवालाई २९-२८ को झिनो अन्तरले हारउँदा समान्त थापाले २५ अंक जोडिन्। त्यस्तै रिलायन्सले जेम्सलाई ४८-२६ ले हरायो। विजेता टोलीकी साधना बिसीले १६ अंकको योगदान दिइन्।

ब्वाइजमा श्रीदिवाले काठमाडौं जेभियरलाई ५९-४१ ले र पुष्पसदनले आयोजक ज्ञानोदयलाई ४४-४० ले हराएर फाइनलमा पुगे। आयोजकका जोशन रन्जितले सर्वाधिक १६ स्कोर गरे पनि जितका लागि पर्याप्त रहेन। फाइनल मंगलबार हुनेछ।

# निम्स र एक्सेल्सियर क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

निम्स र एक्सेल्सियर छैटौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। निम्सले हार्टल्यान्डलाई ४४-२० ले र एक्सेल्सियरले नेपाल सेन्ट्रललाई ४७-३४ ले हराए। सोही विधातर्फ लिग खेलमा ग्रिनफिल्डले न्यु भिजनलाई २१-११, संस्कृतिले हार्वर्डलाई ३६-२० तथा लोयल्टीले राइजिङलाई १७-१० ले पन्छाए। गर्ल्सतर्फ भएको एक मात्र खेलमा सिद्धार्थ बनस्थलीले एक्सेल्सियरलाई २०-१५ ले पराजित गऱ्यो।

# पनौती रंगशालाको जग्गा विवाद

नेपाल समाचारपत्र


काभ्रे

काभ्रे जिल्लाको पनौतीमा रंगशाला निर्माणको क्रममा देखिएको जग्गा विवाद चरम उत्कर्षमा पुगेको छ। सर्वोच्च अदालतले निजी जग्गामा रंगशाला नबनाउन आदेश दिएपछि पनि पनौती नगरपालिका र जग्गाधनीबीच सहमतिका लागि भएका पटक-पटकको प्रयास असफल भएको छ।

सहमतिमा जग्गा दान दिने तथा अधिग्रहण गर्ने प्रयास असफल भएपछि जग्गा दर्ता नै खारेज गर्ने प्रक्रियामा अघि बढेको हो। दर्ता खारेजीका लागि स्थानीय विश्वेश्वर बञ्जारालगायतको निवेदनका आधारमा सोमबार मालपोत कार्यालयले स्थलगत सर्जमिन गरेको छ। स्थलगत सर्जमिनमा जग्गा धनीले १९९८ सालदेखि आफ्नो भोगचलन र स्वामित्वमा रहेको प्रमाण पेश गरेका छन्।

कानुनी रूपमा जग्गा प्राप्ती नगरिकनै रंगशाला निर्माण कार्यमा जुटेको पनौती नगरपालिका र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले शुरूमै प्रक्रिया नपुऱ्याई गुरुयोजना बनाएर टेन्डर आह्वान गरेपछि विवाद उत्पन्न भएको थियो। प्रक्रिया नपुऱ्याई टेन्डर आह्वान गरी निर्माण कार्य थालेको भन्दै सम्बन्धित जग्गा धनीले विरोध जनाउँदै मुद्दा हालेको थियो। पुनरावेदन अदालत पाटनले कानुनबमोजिम जग्गा प्राप्त नभएसम्म निजी जग्गा १७ रोपनी १४ आना २ पैसा जग्गाको हदसम्म निर्माण कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेश दिएको थियो। यसपछि पुनः सर्वोच्चमा परेको मुद्दामा पनि अदालतले जग्गा धनीको पक्षमा फैसला गरेको थियो।

सहमति र अधिग्रहण गर्ने प्रक्रियामा जग्गाधनीसँग कुरा नमिलेपछि जग्गा दर्ता नै खारेजीका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा निवेदन दिएपछि मन्त्रालयले जिल्ला मालपोत कार्यालय काभ्रेलाई स्थलगत मुचुल्कासहित राय मागेको थियो। मुख्य रूपमा जग्गा नापीको अवस्थामा कसको नाममा नाप नक्सा भएको हो, सो जग्गाको जोतकुमोद कसले गरिआएको हो, र उक्त जग्गा के-कस्तो अवस्थामा रहेको छ, भन्ने जिल्ला मालपोत कार्यालयसँग राय मागेको थियो।



'रंगशाला निर्माणका क्रममा मात्र सार्वजनिक चौरलाई व्यक्तिको नाममा दर्ता गरेको रहेछ भन्ने थाहा भयो, त्यही भएर मलगायत स्थानीय ८० जनाले जग्गा बदर गर्न मन्त्रालयमा निवेदन दिएका हौं', स्थानीय विश्वेश्वर बञ्जाराले भने- 'यो जग्गा सार्वजनिक हो भन्ने सबैलाई थाहा छ। सार्वजनिक जग्गालाई पहुँचको आधारमा ३१ सालमा नापी गराई कणेल परिवारले आफ्नो नाममा पुर्जा बनाएको थियो।'

स्थलगत सर्जमिनमा स्थानीय प्रभुराम केसी, तुइकाजि ताम्राकारलगायतले बोलेका थिए। कणेल परिवारको तर्फबाट कणेल कणेल र सुरबी शर्मा कणेलले बोलेका थिए। रंगशाला बनाउन तयार पारिएको गुरुयोजनामा पनौती नगरपालिका-७ स्थित करिब ४५ रोपनी सार्वजनिक जग्गासँगै स्थानीय गणेश कुमारी कणेल र नानीगीता कणेलको नाममा १७ रोपनी १४ आना २ पैसा जग्गा परेपछि विवाद उत्पन्न भएको हो। सम्बन्धित जग्गा धनीले आफूहरुसँग सहमति नै नगरी झुक्याउने तरिकाले एकाएक टेन्डर आह्वान गरेको आरोप लगाउँदै शुरूदेखि नै विरोध गर्दै आएका थिए।

दर्ता बदर गर्न लागिएको १७ रोपनी १४ आना २ पसा जग्गा टीकानिधिका छोरा रामनाथ कणेलको गड्कु खेत भनेर १९९८ सालको ३ महले मोठमासमेत उल्लेख भएको पाइएको छ। सर्जमिनमा जग्गाधनीले २०२६ सालदेखि नै तत्कालीन मल्पी आदर्श गाउँ पञ्चायतमा तिरो तिरेर भोगचलन गर्दै आएको भनी प्रमाणसमेत पेश गरेका छन्। सो जग्गा २०३१ सालमा माइलो छोरा गंगाप्रसाद कणेलको नाममा नापी भै पुर्जा बनेको कुलदीप कणेलले बताउनुभएको छ। ३१ सालपछि पनि तत्कालीन गाउँपञ्चायत, गाविस र नगरपालिकामा नियमित जग्गाको तिरो तिरिएको छ। पनौती नगरपालिकाले रंगशाला निर्माण प्रक्रिया अघि बढाउनुपूर्व नियमित तिरो लिने नामसारीलगायत विविध कामका लागि सो जग्गा कणेल परिवारकै हो भनी नियमित सिफारिस दिइरहेको देखिएको छ।

कणेल परिवारका अनुसार तत्कालीन अवस्थामा वसुन्धरा केसी, गोविन्दप्रसाद सुवेदी तथा तिथबहादुर बस्नेत लगायतका जनप्रतिनिधि रहेको बेला गंगाप्रसाद कणेलको नाममा उक्त जग्गा नापि भएको बताइएको छ। गंगाप्रसाद कणेलको मृत्यु भएपछि उहाँको दुई श्रीमती गणेशकुमारी कणेल र नानीगीता कणेलको नाममा नामसारी भएको हो। निजी जग्गा लिँदा सम्बन्धित जग्गा धनीको सहमति लिनुपर्ने अथवा जग्गा प्राप्ती ऐनअनुसार अगाडि बढ्नुपर्ने हुन्छ। साथै दर्ता खारेजीको प्रक्रियामा जाँदा जालसाची गरी जग्गा हडपेको प्रमाणित हुनुपर्छ।

रंगशाला निर्माणमा जग्गा विवाद उत्पन्न भएपछि हाल निजी जग्गाबाहेक सार्वजनिक जग्गामा मात्र निर्माण कार्य भइरहेको छ। अहिले रंगशाला निर्माण गरिएको सार्वजनिक जग्गा पनि गौचरण हो। गौचरणमा कुनै संरचना बनाउनु पर्दा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान थियो, त्यो नभएको भन्दै तत्कालीन अवस्थामा गुनासो आएको थियो। हाल ४२ जना अंशियार रहेको यो जग्गा दर्ता बदर गर्न नसकेमा नगरपालिकाले सहमतिमा जग्गा प्राप्ती गर्ने वा क्षतिपूर्ति तिरेर अधिग्रहण गर्ने भन्ने दुई विकल्प बाँकी रहन्छ।



बक्सिङ प्रशिक्षक किशोर खत्रीले नागार्जुन-१० मा अवस्थित अमरज्योति उच्च माविलाई खेलकुद सामग्री सहयोग गरेका छन्। विद्यालयका पूर्व विद्यार्थी समेत रहेका खत्री (दायाँ) ले फुटबल, भलिबल, ब्याडमिन्टन ऱ्याकेट, कक, क्रिकेट ब्याड र बललगायत २५ हजार रुपैयाँ बराबरको खेलकुद सामग्री सहयोग गरेका हुन्।

# पारामाउन्ट अन्तिम आठमा

काठमाडौं, (नेस)

आयोजक पारामाउन्ट एकेडेमीको 'ए' टिम प्रथम अन्तरविद्यालय वडास्तरीय फाइभ 'ए' साइड फुटसल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। टोखा नगरपालिका वडा नं. ८ र पारामाउन्ट एकेडेमीको संयुक्त आयोजनामा बानियाँटारमा जारी प्रतियोगितामा पारामाउन्ट 'ए' ले जाल्पालाई ३-२ गोलअन्तरले पराजित गऱ्यो। अन्य खेलमा काभ्या 'ए' ले लुनारलाई ५-१, हिमालयनले काभ्या 'बी' लाई ५-०, स्किम्सले पारामाउन्ट 'बी' लाई ४-०, माउन्ट ग्लोरीले फ्लोरोसेन्टलाई १०-० तथा नर्थ पोलले अक्षरालाई ५-० गोलअन्तरले हराउँदै अन्तिम आठको यात्रा तय गरे। लक्ष्मीपुर पनि ग्रिनल्यान्डबाट वाकओभर पाउँदै अन्तिम आठमा प्रवेश गऱ्यो।

# डिफेन्डिङ च्याम्पियनको सहज जित

पोखरा, (नेस)

पोखरामा सोमबारबाट शुरू भएको राष्ट्रिय महिला भलिबल प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन सशस्त्र प्रहरी बलको एपीएफ टोलीले सहज जित हात पारेको छ। नेपाली हिन्दू महिलाहरुको महान् पर्व हरितालिका तीजको अवसरमा आयोजित प्रतियोगिताको दोस्रो खेलमा एपीएफले चितवन टाइगर्सलाई ३-० को सोझो सेटमा हराएको हो। सरस्वती चौधरीको उत्कृष्ट खेल प्रदर्शनसँगै एपीएफले सो खेल २५-२१, २५-१८ र २५-१४ ले जित्यो। पहिलो खेलमा न्यु डायमन्ड एकेडेमीले टप्स माबी पोखरालाई २५-२२, २५-१७ र २५-१९ कै सोझो सेटमा हराएको थियो। यही भदौ २७ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताामा नेपाल पुलिस क्लब र जाउलाखेल भलिबल प्रशिक्षण केन्द्रले सहभागी जनाएको छैन।




# निर्विकल्प

# विद्युतीय सवारी साधन



पूर्ण रंजितकार

केही दिनअघि राष्ट्रपतिले छोटो यात्राका लागि विद्युतीय सवारी साधन प्रयोग गर्ने समाचार आएलगत्तै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीले पनि विद्युतीय सवारी साधन प्रयोग गर्ने समाचार आयो।

राष्ट्रपति र ऊर्जामन्त्रीले विद्युतीय सवारी साधन प्रयोग गर्ने समाचार प्राथमिकतामा आइसकेपछि नेपालका निम्ति विद्युतीय सवारी उपयुक्त छ भनेर बहस पैरवी गर्दै आएका अभियन्ताका साथै धूँवा धुलोबाट आक्रान्त नागरिकमा उत्साह छाएको छ।

मूलतः वायु प्रदुषण घटाउन, खनिज इन्धनको आयात घटाउन, विभिन्न नदीनालाको पानीबाट उत्पादित विद्युत् शक्ति र सौर्यलगायतका नवीकरणीय प्रविधिबाट प्राप्त हुने विद्युत्‌को सदुपयोग गर्न नेपाललाई विद्युतीय सवारी साधन प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ। प्रकृति, जनताको स्वास्थ्य, राष्ट्रिय उत्पादनलाई बढावा, आयात प्रतिस्थापन र रोजगारीका अवसरजस्ता फाइदा विद्युतीय सवारी साधनको प्रयोगबाट प्राप्त गर्न सकिने भएकाले विद्युतीय सवारी साधनको महत्त्व बढी छ।

नेपालमा ढुवानीका लागि विद्युतीय साधनको प्रवेश धेरै समयअगाडि नै भइसकेको थियो। सन् १९४२ मा स्थापना गरिएको मकवानपुरको ढोर्सिङदेखि काठमाडौंको टेकुसम्मको २२ किलोमिटर लामो रोपवे पहिलो थियो भने त्यसलाई पछि अमेरिकी सहयोग नियोगको सहयोगमा हेटौंडादेखि काठमाडौंसम्म ४२ किलोमिटर हुने गरी विस्तार गरिएको थियो।

यसै गरी बारपाक (गोरखा) को रोपवे र भट्टे डाँडा (ललितपुर) को रोपवे पनि हुन्। ती सबै मालसामान ढुवानीका लागि थिए। पछि मनकामना केबुलकार प्रालिले दर्शनार्थीलाई लक्षित गरी केबलकार चलायो। पछिल्लोपटक चन्द्रागिरी हिल्स प्रालिले काठमाडौंको चन्द्रागिरी डाँडामा केबुलकार सेवा चलाइएको छ। त्यसबाहेक कुस्मा-बलेवा यान्त्रिक पुल पनि उल्लेखनीय उपलब्धिमध्ये पर्छ।

विद्युतीय सवारी साधनको रूपमा विसं २०२७ सालमा चिनियाँ सरकारको सहयोगमा काठमाडौंको त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायकसम्म चलाइएको ट्रलिबसले निकै सजिलो तुल्याएको थियो। व्यवस्थापकीय कमजोरीका कारण ट्रलिबस चलिरहन सकेन। पछि काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपालिकाको संयुक्त प्रयासमा पुनर्स्थापना गरिए पनि त्यो स्थायित्व हुन सकेन।

त्यसै गरी २०४७ सालमा इन्धन अभाव हुँदा बालाजुका अहिले पनि गाडीको बिजुलीको काम गर्ने प्राविधिक भाइराजा स्थापितले एउटा सानो कारमा ब्याट्री राखेर चलाएका थिए भने सन् १९९४ तिर गरी विकास पाण्डे, किरण जोशी, सञ्जीव राजभण्डारी र गिरीश खरेलको प्रयासमा एउटा भक्सवागन बिटल कारमा चालक र सँगैको सिटबाहेक सबै ठाउँ ब्याट्री भरेर चलाइएको गाडी देखिएको थियो।

त्यसबेलाका केही उत्साहीले पुराना साना कार विद्युतीय उपकरण जडान गरेर बिजुली गाडी बनाउन चाहँदा पनि सरकारको नीतिले त्यसरी परिवर्तन गर्न अनुमति नदिने भएकाले उत्साहले गति लिन सकेन। सोका लागि आवश्यक नीति अहिलेसम्म पनि बनेको छैन।

अत्यधिक धूँवा फाल्ने डिजेल इन्जिन भएको विक्रम टेम्पो हटाउन सन् १९९६ तिरदेखि सञ्चालनमा ल्याइएको सफा टेम्पो काठमाडौं उपत्यकाको सन्दर्भमा सफल विद्युतीय सवारी साधनको रूपमा लिन सकिन्छ। अमेरिकी सहयोग नियोगको सहयोगमा नेपालमै बनाइएका विद्युतीय सवारी साधन हाल पनि झण्डै ७ सय वटा चलिरहेका छन्। पछिल्लो इन्धन अभावको अवस्थामा ठूलै भूमिका निर्वाह गर्न सफल रहेका ती सफा टेम्पोले छोटा रुटका साना सार्वजिनिक यातायातको साधनका रूपमा सेवा गर्दै आएका छन्।

पछि नेपाल इलेक्ट्रिक भेहिकल्स प्रालिले चीनमा बनेका 'बिजुली' नाम गरेका दुई मोडलका कार, साना बस, स्कुल भ्यान बिक्री वितरणको व्यवस्था गरे पनि केही संख्यामा कार बिके तर बस र स्कुल भ्यानका निम्ति यातायात व्यवस्थामा हाबी रहेको सिन्डिकेटका कारण र सरकारी पक्षको उदासीनताका कारण अघि बढ्न सकेन।

केही वर्षयता भने नेपाली बजारमा विश्वस्तरीय कम्पनीका उच्च प्रविधियुक्त बिजुलीबाट चल्ने गाडी पनि आइसकेका छन्। चीनको बीवाईडी कम्पनीले उत्पादन गरेको बीवाईडी इसिक्स, दक्षिण कोरियाली कम्पनी कियाले उत्पादन गरेको किया सउल इलेक्ट्रिक साथै भारतको महिन्द्रा एन्ड महिन्द्राले उत्पादन गरेको ईटुओ मन पराइएका र चर्चित ब्रान्ड हुन्। त्यसै गरी चीनमा बनेको जेस्टार र चीनमा नै बनेको हावोयु ब्रान्डका बिजुलीबाट चल्ने कार पनि नेपालको बजारमा पाइन थालेको छ। ती गाडीका विशेषता भिन्न छन् साथै मूल्य पनि फरक-फरक रहेको पाइन्छ। त्यस्तै करिब २० ब्रान्डका विद्युतीय स्कुटर र २ ब्रान्डका मोटरसाइकल पनि बजारमा उपलब्ध छन्।

समग्रमा भन्नुपर्दा हालसम्म नेपालमा सञ्चालनमा रहेका बिजुलीबाट चल्ने कारको संख्या करिब ५०० पुगेको बुझिन्छ। काठमाडौं उपत्यकामा करिब ७ सय वटा सफा टेम्पो सञ्चालनमा छन् भने तराईका मुख्य शहरमा करिब २६,४६६ वटा विद्युतीय रिक्सा दर्ता गरिएका छन्। दुईपांग्रे विद्युतीय सवारी साधनमा स्कुटर झण्डै २८ सय वटा चलिरहेका छन्। विश्व प्रसिद्ध सवारी साधन उत्पादकहरूले आकर्षक, सुविधायुक्त र एकपटकको पूरा चार्जबाट ४ सय किलोमिटर गुड्ने गाडी बजारमा ल्याउन थालेकाले नेपालका सवारी साधन व्यापारीले पनि नेपालका लागि उपयुक्त खालका विद्युतीय सवारी साधन ल्याउने छन् भन्ने उपभोक्ताको अपेक्षा छ।

विद्युतीय सवारी साधन नै उपयुक्त विकल्प मानेर पछिल्लो समयमा विश्वका थुप्रै विकसित मुलुकमा विद्युतीय सवारी साधन प्रवर्द्धन गरिएका छन्। छिमेकी मुलुकलगायत विश्वभरिका अनेक मुलुकले केही वर्षपछि आफ्नो मुलुकमा विद्युतीय सवारी साधन मात्र चलाउने घोषणा गर्दै समय सीमासमेत तोकिसकेका छन्। तर नेपालले यस सम्बन्धमा स्पष्ट नीति बनाइसकेको छैन।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले केही महिनाअघि जारी गरेको श्वेतपत्रमा आगामी ५ वर्षमा सवारी साधन आयात गर्दा ५० प्रतिशत विद्युतीय सवारी साधन हुने व्यवस्था गरिने उल्लेख गरिएको छ। त्यस्तै प्रदेश नम्बर ३ को सरकारले सन् २०२८ पछि त्यस प्रदेशका मुख्य शहरमा विद्युतीय सवारी साधन मात्र सञ्चालनको व्यवस्था मिलाउने घोषणा गरेको छ।

यसै सन्दर्भमा अघिल्लो संसद्मा दर्ता गरिएको विद्युतीय सवारी साधन प्रवर्द्धनका लागि संकल्प प्रस्ताव स्मरणीय छ। उक्त प्रस्तावमा सन् २०२७ पछि काठमाडौं उपत्यकामा विद्युतीय सवारी साधन मात्र चलाउने र सन् २०३१ सम्ममा मुलुकभरि नै विद्युतीय सवारी साधन मात्र चलाउने सरकारको नीति निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक व्यवस्था गर्न सुझाव गरिएको छ।

विद्युतीय सवारी साधनका लागि ब्याट्री चार्ज गर्न निर्वाध बिजुली उपलब्ध हुनु, सरकारले १० प्रतिशत मात्र भन्सार कर र १३ प्रतिशत मूल्य अभिवृद्धि कर मात्र लगाई आयात गर्न दिनु, वार्षिक करमा छुट दिनु, बैंकहरूले विद्युतीय सवारी साधन खरिदकर्तालाई ८० प्रतिशतसम्म ऋण सुविधा दिलाउने सरकारको नीति सरकारात्मक छन्। यी विद्युतीय सवारी साधन प्रवर्द्धनका लागि राम्रा लक्षण हुन्। ती सकारात्मक नीति नियमका बावजुत पनि विद्युतीय सवारी साधनको प्रवर्द्धन सुस्त नै छ।

सवारी साधनबाट उत्पन्न हुने प्रदूषणलाई नियन्त्रण गर्नेसमेत लक्ष्यका साथ आवश्यक सहज वातावरण निर्माण गर्न सरकारले विसं २०७१ मा वातावरणमैत्री यातायात तथा सवारी नीति निर्माण गरेको छ। विद्युतीय सवारी साधन प्रवर्द्धनका लागि पूर्वाधार तयार गर्न आवश्यक व्यवस्था मिलाउने लक्ष्य त्यस नीतिमा उल्लेख गरेको छ भने सन् २०२० सम्ममा २० प्रतिशत यातायातका साधन वातावरणमैत्री बनाउने भन्ने त्यस नीतिको महत्त्वपूर्ण अंश हो।

विद्युतीय यातायात प्रवर्द्धनका लागि त्यस नीतिलाई कार्यान्वयन गर्न आवश्यक ऐन कानुन संशोधन गर्ने वा नयाँ बनाउने काम भन्ने हुन सकेको छैन।


नेपालको बजारमा विद्युतीय सवारी साधन आयात र बिक्री वितरणका लागि केही व्यापारिक कम्पनीले मात्र जाँगर देखाएको भएर बजार फराकिलो हुन सकेको छैन भने हाल नेपालको बजारमा उपलब्ध विद्युतीय गाडी राम्रा र अत्याधुनिक सुविधायुक्त भएर पनि सबै खालका उपभोक्ताले आफूले चाहेको जस्तो मान्न सकेको छैन। त्यसका लागि बजार फराकिलो हुनुपर्छ र प्रतिस्पर्धात्मक पनि हुनुपर्छ।

विद्युतीय सवारी साधन लामो दुरीको यात्राका लागि पनि उपयुक्त हुनका लागि राजमार्गहरूमा चार्जिङ पनि सुविधा हुनुपर्छ। अबका दिनमा ब्याट्री रिचार्जिङका लागि विभिन्न स्थानमा स्टेसन राख्ने, अन्य शहरमा पनि विस्तार गर्ने र राजमार्गमा पनि सुविधा दिने व्यवस्था गर्न नेपाल विद्युत् प्राधिकरणका साथै बिजुली गाडी बिक्रेताको अग्रसरतालाई सकारात्मक संकेत मान्नुपर्छ। सबैभन्दा बढी उपयोग गर्ने वर्गका उपभोक्ताका लागि आवश्यक सबै योग्यतासहितका गाडी नेपालको बजारमा ल्याउन व्यवसायीले आफ्नो तर्फबाट आवश्यक पहल गर्नु आवश्यक छ।

त्यस्तै बिजुलीबाट चल्ने ट्याक्सी कम्पनी खोल्न लगानीकर्ता, सञ्चालक र चालकलाई प्रोत्साहित गर्न साथै बस सञ्चालक कम्पनीलाई विद्युतीय बस सञ्चालनका लागि प्रोत्साहित गर्न सक्दो सहयोग र समन्वय सरकारका साथै निजी क्षेत्रबाट पनि वातावरण निर्माणका लागि पूरै लाग्नुपर्छ। बिजुलीबाट चल्ने साना गाडी र बसका बारेमा जानकारी गराउन, ती साधनको प्राविधिक विशेषता, विभिन्न प्रकारका फाइदा, सरकारको नीति, खरिद गर्नका लागि प्रक्रिया, वित्तीय व्यवस्थापन आदीका बारेमा बहस गरी आकर्षित तुल्याउन पनि सकिने कार्यक्रम आयोजना गर्नुपर्ने आवश्यकता देखिन्छ।

पछिल्लो तथ्यांकअनुसार मुलुकमा खनिज इन्धनबाट चल्ने सवारी साधन दर्ता गरिएको हिसाबले ३२ लाख १० हजार ४२ (२५ लाख ३० हजार ७२२ मोटरसाइकल र स्कुटरसहित) रहेका छन् भने मुलुकले विद्युतीय सवारी साधनमात्र आयात गर्ने नीति लागू गरिहाल्दा पनि ती सवारी साधनका लागि खनिज इन्धन आवश्यक हुने नै छ र वायु प्रदूषण भई नै रहनेछ। त्यसकारण खनिज इन्धनबाट चल्नुको सट्टा ब्याट्रीबाट चल्ने गरी रूपान्तरण गर्नका लागि कानुनी व्यवस्था पनि यथाशीघ्र गरिएमा इच्छुक उपभोक्ताले हालैदेखि नै त्यस प्रविधिबाट फाइदा लिन सक्नेछन् भन्ने बारेमा पनि सरकार गम्भीर हुनु आवश्यक छ।



# सुजुकीको पर्वोत्सव योजना

काठमाडौं, (नेस)




जापानी मोटर कम्पनी सुजुकीको नेपालका लागि आधिकारिक बिक्रेता सिजी मोटो कर्पले दशैं र तिहारलाई लक्षित गर्दै 'पर्वोत्सव' योजना ल्याएको छ। काठमाडौंमा मंगलबारबाट शुरू हुने नाडा अटो शोका अवसरमा कम्पनीले उक्त योजनाबारे सार्वजनिक गर्दै सम्पूर्ण गाडीहरूमा अफर उपलब्ध गराउनेछ।

नाडा अटो शोको लागि यस योजनाअन्तर्गत कम्पनीले थप आकर्षक छुट पनि उपलब्ध गराउनेछ। सो छुट सुजुकीको नाडा अटो स्टल नम्बर जे१७ का साथै नेपालभरिका सम्पूर्ण सुजुकी शोरुममा समेत उपलब्ध हुनेछ।

यसपालिको 'पर्वोत्सव' अफरअन्तर्गत उपभोक्ताले २ लाख रुपियाँसम्म नगद छुट, १ लाख रुपियाँसम्म एक्सचेन्ज बोनस तथा स्क्रयाच कुपनमार्फत १ लाख रुपियाँसम्म अतिरिक्त छुट पाउनेछन्। यसबाहेक उपभोक्ताले कम्पनीका २०१७ का सम्पूर्ण मोडल तथा नाडा अटो शोको बुकिङमा विशेष छुटसमेत पाउने कम्पनीले जनाएको छ।

# डाट्सन गाडीमा 'फेस्टिव हटडिल'

काठमाडौं, (नेस)

नेपालमा डाट्सन गाडीको आधिकारिक बिक्रेता पायोनियर मोटो कर्प प्रालिले चाडवाडको अवसरमा 'फेस्टिव हटडिल' योजना प्रस्तुत गरेको छ। यो योजना नाडा अटो शोदेखि नै लागू हुनेछ।




यस योजनाअन्तर्गत ग्राहकले डाट्सन गाडीको खरिदमा विशेष छुटलगायत अन्य थुप्रै सुविधा प्राप्त गर्न सक्नुहुनेछ। १ लाख ६ हजार रुपियाँसम्मको निःशुल्क एक्सोसरिज, २ लाखसम्मको नगद छुटसमेत गरी कुल ३ लाख ६६ हजार ८ सयसम्मको लाभ लिन सक्नुहुनेछ। यो लाभका साथसाथै नाडा अटो शोका अवसरमा बुकिङ गर्ने ग्राहकले २७ हजार रुपियाँबराबरको स्मार्ट फोन पनि प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।

गाडी खरिदमा ग्राहकले निःशुल्क एक्सोसरिजहरू पाउनुका साथै एक वर्षको निःशुल्क इन्स्योरेन्स, ३ वर्षसम्मको वारेन्टी, ३ वर्षसम्म निःशुल्क सर्भिसिङ र एक वर्षका लागि सडक करको सुविधा प्राप्त गर्नेछन्।

त्यस्तै गाडी खरिदमा न्यूनतम ८ हजार ४०१ रुपियाँ मासिक किस्ताबन्दी योजना उपलब्ध रहेको छ।

यस योजनाअन्तर्गत डाट्सन गाडी खरिद गर्ने ग्राहकले डाट्सन रेडी गोमा अधिकतम २ लाख ७८ हजार २ सय, डाट्सन गोमा अधिकतम ३ लाख ३५ हजार र डाट्सन गो प्लसमा अधिकतम ३ लाख ६६ हजार ८ सय रुपियाँसम्मको लाभ प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

# स्याङयोङ भारी छुट

काठमाडौं, (नेस)

नाडा अटो शोका अवसरमा स्याङयोङ अन्बिटेबल अफरसहित स्याङयोङका गाडी बिक्री हुने कम्पनीले जनाएको छ। शोमा स्टल नम्बर एद्द मा उपलब्ध हुने स्याङयोङ गाडीको नेपालका लागि आधिकारिक वितरक तथा आईएमएस मोटर्सले जनाएको छ। कम्पनीका अनुसार रेक्सटन, कोरान्डो, टिभोली, एक्स एल भी र एकट्योन स्पोर्ट गरी जम्मा पाँच प्रकारका कोरियन लक्जरी एसयुभी मोडलका गाडी प्रदर्शन गर्दै छ।

स्याङयोङ अन्बिटेबल अफरअन्तर्गत स्याङयोङका ग्राहकलाई नाडा अटो शोका लागि मात्र भनी पूर्वबजेट मूल्य तोकिएको छ। पूर्वबजेट मूल्यमा ५ लाख रुपियाँसम्म को छुट, प्रत्येक स्याङयोङ गाडीको खरिदमा स्यामसुङ ग्यालेक्सी नोट ९ क्राउन, एक्सचेन्जको सुविधालगायत निम्नलिखित सुविधा प्रदान गर्दै छ। कम्पनीले तीन वर्षको वारेन्टी (६० हजार किलोमिटरसम्म) सुलभ ईएमआई, एक वर्षको निःशुल्क रोड ट्याक्स, एक वर्षको निःशुल्क बीमा, पाँच वर्ष निःशुल्क सर्भिसिङलगायतका सुविधा रहेको छ।




# यामाहाको जेडआर 'स्ट्रिट र्‍याली'




काठमाडौं, (नेस)

नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लू इन्टरप्राइजेजले नेपाली बजारमा आकर्षक रे जेडआर स्कुटर सिरिजको नयाँ संस्करण 'स्ट्रिट र्‍याली' सार्वजनिक गरेको छ।

'स्ट्रिट र्‍याली' एडिसनको डिजाइन विश्वमै प्रतिष्ठित यामाहाको मोडेलबाट प्रभावित छ। 'यामाहा रे जेडआर 'स्ट्रिट र्‍याली' एडिसन पावर र स्टाइलको उत्कृष्ट समिश्रण हो', एमएडब्लू इन्टरप्राइजेज टु ह्वीलर डिभिजनका प्रमुख कार्यकारी अधिकृत चिरञ्जीवी शाहले भन्नुभयो- 'हामीलाई विश्वास छ अत्याधुनिक प्रविधि भएको स्टाइलिस स्ट्रिट र्‍याली स्कुटरले स्पोर्टी स्कुटर रुचाउने ग्राहकमा उत्साह थप्नेछ।

यामाहाप्रतिको बढ्दो मोहलाई नयाँ स्कुटरले नयाँ उचाइमा पुर्‍याउने अपेक्षा हामीले गरेका छौं।'

नयाँ रे जेडआर 'स्ट्रिट र्‍याली' का फिचरमा ११३ सीसी बुलेट कोर इन्जिन, नकल गार्ड, बोल्ड न्यु भाइजर, डिजिटल इन्स्ट्रयुमेन्टल प्यानल, फ्रन्ट डिस्क ब्रेक एन्ड एलोई ह्वील रहेको छ।

नेपालमा यामाहा रे जेडआर 'स्ट्रिट र्‍याली' को बजार मूल्य २ लाख ८ हजार ९० रुपियाँ तोकिएको छ। यो स्कुटर र्‍याली रेड र रेसिङ ब्लु गरी दुईवटा कलरमा उपलब्ध छ।



# 'कर वृद्धिले मध्यमवर्गीय जनतालाई बढी असर गरेको छ'



**शेखर गोल्छा**
वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

अटोमोबाइल्सबाट समग्र अर्थतन्त्रको विकास हुन्छ भन्ने मान्यता अर्थविद्हरूको रहेको छ। केही वर्षयता भन्सारको दर बढेको छ। साथै बैंकको ब्याजदर पनि बढेसँगै अटोमोबाइल्सको व्यापार घटेको छ। जसले गर्दा अर्थतन्त्रमा 'स्लो डाउन' गराएको छ। यसले राष्ट्रको हित गर्दैन। राज्यले धेरैपटक अटोमोबाइल्स क्षेत्रलाई अनुत्पादक क्षेत्र भनेको छ।

म नीति निर्मातालाई बिनम्रताका साथ भन्न चाहन्छु दिनभर काम गर्नको लागि अटोमोबाइल्सकै प्रयोग गरेर काम गरिरहेका हुन्छौं त्यही सवारी साधन प्रयोग गरी रोजगारीको काम हुन्छ। यसलाई कसरी अनुत्पादक हुन्छ ?

आर्थिक गतिविधिको परिसूचकको रूपमा रहेको क्षेत्रलाई राज्यले हेर्ने दृष्टिकोण फरक हुनुपर्‍यो। अटोमोबाइल्स क्षेत्र राजस्व संकलन गर्ने र रोजगारी दिने सबैभन्दा ठूलो क्षेत्र रहेको छ।

तथ्यांकलाई विश्लेषण गरेर हेर्ने हो भने केही वर्षयता सवारी साधनको 'ग्रोथ रेट' कम भएको छ। नेपालमा प्रतिव्यक्ति आय एक हजार डलर रहेको अवस्थामा गाडी र मोटरसाइकल संसारकै महँगो रहेको अवस्था छ। यसले गर्दा उपभोक्ताको ठूलो रकम यसमा खर्च भइरहेको छ। सरकारले साना सवारीमा सहुलियत दिनुपर्ने थियो किनकि हाम्रो देशमा ठूलो खालका मास सवारी साधन छैनन्। चार पांग्रेमा भन्दा दुई पांग्रे सवारी साधन प्रयोगकर्ताको बाहुल्यता छ। साधारण मोटरसाइकलको मूल्य ३ लाख रुपियाँको हाराहारीमा पुगिसकेको छ। जुन साधन भारतमा एक लाख रुपियाँभन्दा कम मूल्य पाइन्छ। नेपालजस्तो मध्यम वर्गीय जनसंख्याको बाहुल्यता भएको देशमा सबैको पहँच ४ पांग्रे सवारीमा हुँदैन त्यसैले मोटरसाइकल नै सबैको पहुँचको सवारी हो। तर, यो पनि सरकारले विभिन्न कर लगाएर मोटरसाइकलको मूल्य उच्च भएको छ।

८० प्रतिशतभन्दा बढी भन्सार बिन्दु कर, सडक कर, प्रदूषण कर सबै मिलाएर महँगो भएको छ। अटोमोबाइल्स अहिले 'सोलो डाउन' भएको छ, सरकारले खुला अर्थतन्त्रको कुरा गर्छ। तर, अटोमोबाइल्स क्षेत्रलाई संकुचित बनाइएको छ। अटोमोबाइल्स जसले पनि वृद्धि गर्न चाहन्छ, आज सय सीसी क्षमताको चलाउनेले भोलि १ सय ५० सीसी इन्जिन क्षमताको हुँदै अझ बढाउँदै लैजान चाहन्छ। उपभोक्ताको मनोबल बढाउँदै जानुपर्नेमा निरुत्साहित गर्ने काम भएको छ। सरकारले नयाँ नीतिमा मोटरसाइकलतर्फ १ सय ५० सीसी र चार पांग्रेमा हजार सीसी क्षमताको इन्जिन भएको सवारीलाई बन्द जस्तै गर्न खोजिएको छ।

नेपालको भौगोलिक विकटताका कारण यहाँ ठूलो सीसीको सवारी आवश्यक छन्। १ सय ५० सीसीभन्दा बढीको सवारी साधनमा लगाइएको अत्यधिक करका कारण पहाडी क्षेत्रमा चल्ने ठूला सीसीका सवारी चल्न पाएका छैनन्। जसले गर्दा ग्रामीण क्षेत्रका जनताको जीवनशैली कष्टकर भएको छ।

ठूला सवारी साधनबाट पहाडी क्षेत्रमा जीवन संघर्ष गर्ने उपभोक्ता मारमा परेका छन्। मध्यमवर्ग नागरिकले आफ्नो पेसा, रोजगारी मोटरसाइकलबाटै धान्दै आएको स्थिति छ। सरकारको नीतिका कारणका कारण सबैभन्दा बढी असर मध्यमवर्गका जनतालाई परेको छ। नेपालको सन्दर्भमा मध्यमवर्गको संख्या धेरै छ।

# आजदेखि नाडा अटो शो

काठमाडौं, (नेस)

१३औं संस्करण नाडा अटो शो भदौ २६ गतेदेखि ३१ गतेसम्म भृकुटीमण्डपस्थित प्रदर्शनी सञ्चालन हुने भएको छ। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल एवं ग्लोबल एक्सपोजिसन एन्ड म्यानेजमेन्ट सर्भिसेजको संयुक्त आयोजनामा हुने नाडा अटो शो २०१८ को शीर्ष प्रायोजक सर्भो वर्ल्ड क्लास लुब्रिकेन्ट्स रहेको छ।

अटो शोको अर्थमन्त्री डा. युवराज खतिवडाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ। सवारी साधन तथा अटो कम्पोनेन्ट्ससम्बन्धी सम्पूर्ण जानकारी एकैथलोमा उपलब्ध गराई, नेपाली अटोमोबाइल क्षेत्रमा भइरहेको आधुनिक एवं प्राविधिक विकासको प्रचार-प्रसार प्रवर्द्धन गर्नु नाडा अटो शोको मुख्य उद्देश्य रहेको आयोजकको भनाइ छ ।

सर्वसाधारणलाई सवारी साधनको महत्त्व र उपयोगिताबारे

SERVO WORLD-CLASS LUBRICANTS
presents
NADA
Auto Show 2018

व्यापक जानकारी गराउने साथै सुरक्षित ड्राइभिङ, ट्राफिक नियमको पालना एवं सडक सुरक्षासम्बन्धी व्यापक जनचेतनाको अभिवृद्धि गर्ने नाडा अटो शोको निरन्तर प्रयास रहने बताइएको छ।

चारपांग्रे, दुईपांग्रे र अटो कम्पोनेन्ट्सको अत्यधिक मागलाई ध्यानमा राखी, यस वर्ष तीनवटा ह्याङ्गर राखिएका छन्। ठाउँको अभावले गर्दा हेभी कमर्सियल गाडी यस वर्ष प्रदर्शनका लागि राखिएका छैनन्। ६ दिनसम्म चल्ने नाडा अटो शो २०७५ मा १९ वटा ब्रान्डका चारपांग्रे तथा २० वटा ब्रान्डका दुईपांग्रे सवारी साधन रहनेछन्।

यसै गरी पैठारीकर्ता, डिलर, उत्पादक तथा विक्रेता गरी ७१ कम्पनीको सहभागिता रहेको बताइएको छ। साना ठूला गरी १ सय ३४ वटा ब्लक तथा स्टलहरू रहनेछन्। प्रदर्शनीमा प्रख्यात ब्रान्डका सवारी साधनका साथै नयाँ प्राविधिक विकास, सवारी सुरक्षा प्रविधि, स्पेयर पार्टस्, लुब्रिकेन्टस्, टायर, ग्यारेज उपकरण, ब्याट्री तथा अन्य एसोसेरिजलगायत नेपालमै उत्पादित सामग्रीसमेत रहने छन्।

सर्भोद्वारा प्रायोजित नाडा अटो शो २०१८ मा अवलोकनकर्ताको सुविधालाई ध्यानमा राखी प्रदर्शनी क्षेत्रमा २-पाङग्रे, चारपाङ्ग्रे तथा अटो कम्पोनेन्टहरू छुट्टा-छुट्टै ठाउँमा प्रदर्शनीका लागि राखिने आयोजकको भनाइ छ। साथै सहभागी व्यवसायीले आफ्ना विभिन्न ब्रान्डका सवारी साधन, पार्टपूर्जा तथा अन्य सेवा ग्राहकसमक्ष प्रत्यक्ष पुर्‍याउने तथा प्रत्याशित उपभोक्ताका कौतुहलतालाई सम्बोधन गर्ने प्रयास गर्ने छन्।

त्यस्तै प्रदर्शनीमा जलपानका लागि व्यवस्थित क्यफेटेरिया, मिडिया कक्ष, ट्राफिक प्रहरी कक्ष एवं ठाउँ-ठाउँमा सहयोग डेस्कको व्यवस्था गरिएको छ। नाडा अटो शो २०१८ एउटा किनमेलको थलो मात्र नभई सूचनाको आदान-प्रदान, बजार विश्लेषण तथा समग्र नेपाली अटोमोबाइल्स व्यवसायको समस्टिगत विकासलाई प्रस्तुत गर्ने विश्वस्नीय मञ्चसमेत बन्ने आयोजकको विश्वास रहेको छ। यस वर्ष प्रवेश टिकटमा प्रत्येक दिन गोला प्रथाद्वारा भाग्यशाली विजेताले कोलप्याड मेगा २ दशमलव ५ डी प्राप्त गर्न सक्ने छन् जसलाई जय माँ इन्टरकन्टिनेन्टल प्रालिले प्रायोजन गरेको छ।

# 'यसपटकको आकर्षण विद्युतीय सवारी साधन हुनेछ'



**कृष्णप्रसाद दुलाल**
कार्यवाहक अध्यक्ष, नाडा

१३औं नाडा ओटो शो भदौ २६ देखि ३१ गतेसम्म राजधानीको भृकुटीमण्डपमा हुँदैछ। यसपटक १९ वटा चारपांग्रे र २० वटा दुईपांग्रे तथा ३२ वटा अन्य कम्पनी गरी कुल १ सय ३४ वटा कम्पनीको स्टल रहने छ। यो मेला नेपालमा आयोजना हुनेमध्येको ठूलो व्यावसायिक मेलाको हो।

नाडा अटो शोमा यसपटक ५ सय करोड रुपियाँ बरावरका सवारी साधन कारोबार तथा ६० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। गत वर्ष नाडा अटो शोमा साढे ३ अर्ब रुपियाँको कारोबार भएको थियो। अटोमोबाइल क्षेत्रबाट मात्रै राज्यले सय अर्ब रुपियाँको हाराहारीमा राजस्व संकलन गर्दै आइरहेको छ। यस वर्षको आकर्षण भनेको विद्युतीय सवारी साधन हो। यसमान अवलोकनकर्ताको चासो रहनेछ भन्ने हाम्रो ठम्याइ छ। खरिदको सहुलियतसमेत प्रदान मेलाले गर्ने छ। नयाँ अफर तथा स्किमसमेत समावेश हुनेछ।

प्रत्येक वर्षको नाडा अटो शो नयाँ हुन्छ नै। साथै नयाँ उत्पादन भएका सवारी साधनको समेत प्रदर्शनीको आकर्षण हुनेछ। हामीले अटोमोबाइल्ससँग चासो राख्ने सबै पक्षले जिज्ञासा समाधानको उपाय खोज्ने प्रयत्न गर्नेछ। अटोमोबाइल्सका नीति नियममा रहेको व्यवधानमा समेत सरोकारवाला निकायसँग छलफल तथा अन्तर्क्रिया समेत आयोजना हुनेछ। जसबाट अटोमोबाइल्स क्षेत्रमा रहेका समस्याको समाधान हुने अपेक्षा हामीले लिएका छौं। विगतका वर्षमा जस्तै यसपटकको नाडा अटो शो पनि भव्य र सभ्य तवरबाट सम्पन्न हुनेमा हामी विश्वस्त छौं। दूघर्टना न्यूनीकरणका लागि सडक जनचेतना कार्यक्रमका साथै ट्राफिक सचेतनाको सम्बन्धी कार्यक्रमसमेत चलाउने छ। करको दरमा व्यापक वृद्धि गरिएका कारण अहिले अटोमोबाइल्यको कारोबार खस्किरहेको छ। यसका बावजुद हामी व्यवसायी एकजुट भएर मेला अयोजना गरिरहेका छौं। मेलाले सवारी साधनको बारेमा एकै थलोबाट सम्पूर्ण जानकारी दिनेछ। मेलाले सवारी कर्जा, बीमासमेत उपलब्ध गराउनेछ। ग्राहक, राज्यका निकाय र स्वयम् व्यवसायीमा समेत सकरात्मक सन्देश प्रवाह गर्ने मध्यम मेला हुने आशा आयोजकले लिएको छ।

यस प्रकारका मेला आयोजना हुनुको प्रमुख उद्देश्य भनेकै आफूले कारोबार गर्ने उत्पादन तथा सेवाका बारेमा उपभोक्तालाई जानकारी प्रदान गरी सेवा तथा उत्पादन प्रदान गर्ने हो। शोमा विभिन्न कम्पनीका सवारी साधन, सवारी सुरक्षा प्रविधि, टायर, लुब्रिकेन्ट्स, स्पेयर पार्टस्, नयाँ प्राविधि, ब्याट्री, ग्यारेज उपकरण तथा अन्य एसोसेरिजहरू समेत रहने छ।

# 'अटो क्षेत्र उत्पादनशील नै हो'



**अनुपमा खुञ्जेली**
सीईओ, मेगा बैंक नेपाल

बैंक तथा वित्तीय संस्थाको लगानी अटोमोबाइल्स क्षेत्रमा अहिले पनि राम्रै छ। अटो क्षेत्रलाई उत्पादनशील क्षेत्र भनिदैन। तर, म चाहिँ के भन्छु भने पर्यटन क्षेत्रका लागि पनि यातायात अपरिहार्य छ। त्यस अर्थमा हामीले त्यसलाई उत्पादनशील क्षेत्र नै भन्नुपर्छ। अटो क्षेत्रमा सानो सानो रकमबाट कर्जा प्रवाह हुने हो।

समग्रमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको निकै कम प्रतिशतमात्रै अटो कर्जाका रूपमा जान्छ। दशैं, तिहारलगायत चाडबाडको समयमा र त्योभन्दा अघि मानिसले सवारी साधन बढी किन्ने भएकाले पनि यस समयमा अटो लोन बढी प्रवाह हुन्छ। नाडा अटो शोमा बैंक तथा वित्तीय संस्था पनि केही अफरसहित आउन लागेका छन्। सवारी साधन किन्नेहरूले पनि दशैं, तिहारलगायतको अवसर पारेर किन्ने गरेको पाइन्छ। पछिल्लो समय सरकारले सवारी साधनमा कर पनि बढाएको छ। त्यसले सवारी कर्जा प्रवाहमा खासै फरक नपार्ला। बैंक तथा वित्तीय संस्थाले आफ्नो पोर्टफोलियो मेन्टन गर्नका लागि सवारी कर्जा र बढेको करको विषय खासै ठूलो हो जस्तो मलाई लाग्दैन। सरकारले तोकेबमोजिमको दरभित्र रहि कर्जा प्रवाह गर्दा उत्पादनशील क्षेत्रमा बढी र अनुत्पादक क्षेत्रमा अलि कम भन्ने मात्र हो। समग्र कर्जाको पोर्टफोलियो त उही नै हो। हामीले सवारी तथा घर कर्जाका लागि भनेर विभिन्न स्किम नै ल्याएका छौं। यस वर्षको नाडा अटो शोमा पनि हामी नयाँ र आकर्षक स्किमका साथ आउने तयारी छ। वार्षिक कार्ययोजनाअनुसार स्किम लन्च सुहाउँदो समय पनि यही हो।

# नाडा अटो शोमा नयाँ मोडलका मोटरसाइकल

नेपाल समाचारपत्र
काठमाडौं

भृकुटीमण्डपमा शुरू भएको 'नाडा अटो शो' मा हिरो मोटोकर्पका दुईवटा मोडलका मोटरसाइकल 'हिरो एक्स्ट्रिम २०० आर' र 'होन्डा एक्स ब्लेड' तथा बजाजको 'बजाज पल्सर १५० ट्विन डिस्का' सार्वजनिक हुँदै छन्। सार्वजनिक हुन लागेका नयाँ मोडलका दुईपांग्रे सवारी साधनलाई शो अवलोकनकर्ताले अत्यधिक रुचाउने विश्वास लिइएको छ।

## हिरो एक्स्ट्रिम २०० आर

नाडा अटो शोमा हिरो मोटोकर्पको नेपालका लागि आधिकारिक बिक्रेता नेपाल जनरल मार्केटिङले 'हिरो एक्स्ट्रिम २०० आर' सार्वजनिक गर्दै छ। उक्त मोडलमा एक सिलिन्डरसहित १ सय ९९ दशमलव ६ सीसी इन्जिन छ। मोटरसाइकलले १८ दशमलव १ बीएचपीमा ८ हजार आरपीएम र १७ दशमलव १ एनएममा ६ हजार ५ टर्क उत्पादन गर्छ। यसले ३९ दशमलव ९ किलोमिटर प्रतिलिटर माइलेज दिने कम्पनीको दाबी छ। हिरोको स्पोर्ट सेग्मेन्ट मोटरसाइकलको मूल्य २ लाख ८७ हजार रुपियाँ रहेको छ।



## होन्डा एक्स ब्लेड

होन्डा मोटरसाइकल तथा स्कुटरको नेपालका लागि अधिकारिक बिक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिले नाडा शोमार्फत नयाँ मोडल 'होन्डा एक्स ब्लेड' नेपाली बजारमा आधिकारिकरूपमा सार्वजनिक गर्दै छ। भदौ १८ गते नेपाली बजारमा सार्वजनिक गरिएको उक्त मोटरसाइकल शोको प्रमुख आकर्षक हुने कम्पनीको दाबी छ।

१ सय ६० सीसीअन्तर्गतको मोटरसाइलमा रोबो-फेस एलईडी हेड ल्याम्प प्रयोग गर्ने होन्डा एक्स ब्लेड पहिलो मोटरसाइल हो।

नेपालको सडकका लागि उपयुक्त यस बाइकलाई होन्डाले स्पोर्टी र मस्कुलर लुक दिएको कम्पनीले जनाएको छ। विभिन्न ५ रङमा उपलब्ध उक्त मोटरसाइकलमा स्ट्रिट टेक डिजिटल मिटर, लामो र आरामदायी सिट, मोनोसक सस्पेन्सन, डुअल आउटलेटलगायत सुविधा छन्। उक्त मोटरसाइकलको मूल्य २ लाख ८५ हजार ९ सय रुपियाँ रहेको छ।



## पल्सर १५० टीडी

अन्तर्राष्ट्रिय ब्रान्ड बजाज मोटरसाइकलका लागि नेपालको आधिकारिक विक्रेता एचएच बजाजले 'अल न्यु बजाज पल्सर १५० ट्विन डिस्क'लाई नाडा अटो शोको प्रमुख आकर्षण बनाएको छ।

दुईवटा डिस्क ब्रेक, सार्प डिजाइन र विभिन्न ३ रंग भेरियन्टमा बजारमा उपलब्ध रहेको १५० टीडी कम्पनीले केही समयअघि मात्र नेपाली बजारमा भित्र्याएको हो। कम्पनीका अनुसार बजाजको पल्सर १ सय ५० ट्विन डिस्कलाई कालो निलो, कालो रातो तथा ब्ल्याक क्रोम गरी ३ कलर भेरियन्टमा ल्याइएको छ। यस मोटरसाइकलमा १७ इन्च एलोई हिवलमा मेट ब्ल्याक दिइएको छ। नयाँ बजाज पल्सर १ सय ५० टीडीमा ड्युल डिस्क ब्रेक दिइएको बाइकमा मोटो हिवल, मोटो टायर, चेसिस र सकर पनि पहिलाको तुलनामा ठूलो बनाइएको छ। बाइकमा स्प्लिट सिट राखिएको छ भने स्प्लिट ग्रेब रेल, आल्मुनियम फिनिस फुटपेज राखिएको छ। स्विङआर्म पहिलेको भन्दा थोरै मोटो दिइएको छ भने यसको हिवल बेससमेत बढाइएको कम्पनीले जनाएको छ।



पल्सर १ सय ५० ट्विन डिस्कमा १ सय ४९ दशमलब ५ सीसी सिंगल सिलिन्डर डीटीएसआई इन्जिन दिइएको छ। यस बाइकमा दुईवटा भल्भ जडान गरिएको छ। यसमा लगाइएको ट्विन स्पार्क मोटरले आठ हजार आरपीएममा १४ बीएचपी पावर र ६ हजार आरपीएममा १३ दशमलव ४ एनएम टर्क उत्पादन गर्छ।

यसमा १५ लिटर पेट्रोल अट्ने ट्यांकी दिइएको छ। पाँच गियरमा उपलब्ध यो बाइकको मूल्य २ लाख ५५ हजार ९ सय रुपियाँ तोकिएको छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ